सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

९ वैशाख २०८२, मंगलबार (22 Apr 2025, Tuesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ निजामती विधेयक टुंग्याउने चरणमा राज्य व्यवस्था समिति

फौजदारी कसुरमा दोषी कर्मचारीलाई पेन्सन नदिइने, 'कुलिङ पिरियड'बारे सहमति जुट्न बाँकी



अवकाशपछि लाभको पदमा रहेका पदाधिकारीले तलब सुविधा र निवृत्तिभरणमध्ये एक मात्र लिन पाउने

(विस्तृत पृष्ठ ३)

कम्युनिस्ट आन्दोलनको ७५ वर्षे समीक्षा



अग्रलेख

● प्रेमलकुमार खनाल

पुष्पलालको अगुवाइमा स्थापित एउटा मात्र नेकपा ७५ वर्षमा आइपुग्दा दर्जनभन्दा बढी टुक्रामा छरिनु कम्युनिस्ट इतिहासकै दुर्भाग्य हो

(विस्तृत पृष्ठ ५)

क्यानडाको निर्वाचनमा कार्नी र पोलिएभमध्ये कसको सम्भावना ?



ट्रम्पको उच्च भन्सार करले उत्पन्न गरेको गहिरो चिन्ताबिच जस्टिन ट्रुडोले प्रधानमन्त्रीबाट राजीनामा दिएसँगै क्यानडाको चुनावी अंकगणितमा हेरफेर

(विस्तृत पृष्ठ ५)

एमसिसीसहित पाँच अर्ब बजेट सरेन्डर



वैदेशिक सहायतामा सञ्चालित परियोजनाले सरेन्डर गरेको बजेट रकमान्तर गर्न अर्थलाई चुनौती

(विस्तृत पृष्ठ ६)

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

शिक्षकका मागप्रति प्रधानमन्त्री नै अनुदार

माग सम्बोधन गर्न सक्रिय शिक्षामन्त्री भट्टराई प्रधानमन्त्री ओलीले नै असहयोग गरेपछि राजीनामा दिन बाध्य

■ शिक्षामन्त्री भट्टराईका सचिवालय सदस्य अशेष पोखरेल भन्छन्-



प्रधानमन्त्रीसँग उहाँ (शिक्षामन्त्री) छलफलमा बस्नुभएको थियो, तर शिक्षा विधेयकमा समाधान आउने देखिएन । प्रधानमन्त्रीबाटै सहयोग नहुने र शिक्षकहरूबाट पनि दबाब आइरहने भएपछि राजीनामाको निधो गर्नुभयो ।

शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदी भन्छन्-

शिक्षामन्त्रीको राजीनामापछि मुद्दा थप पेचिलो बन्ने देखियो



शिक्षामन्त्रीले हामीसँग कुरा हुँदा कोसिस गरिरहेकी छु, तर मैले चाहेर मात्रै सक्दिनँ भन्नुभएको थियो । ऐन जारी गर्ने विषय शिक्षामन्त्रीको एकल जिम्मेवारी त होइन, तर उहाँको राजीनामापछि यो मुद्दा थप पेचिलो बन्ने देखियो ।

शिक्षाविद् विद्यानाथ कोइराला भन्छन्-

शिक्षामन्त्रीले सक्दो मिहिनेत गर्नुभयो, प्रधानमन्त्रीले सुन्नुभएन



शिक्षामन्त्रीले सक्दो मिहिनेत गर्नुभएको हो । मैले नै उहाँलाई दिएको सुझाव अक्षरशः बोकेर जानुभयो । उहाँ शिक्षक आन्दोलन सम्बोधनका निम्ति क्रियाशील हुनुहुन्थ्यो । तर, प्रधानमन्त्रीले आफूलाई लागेकोबाहेक अरूको कुरा सुन्ने काम गर्नुभएन ।

शिवहरि घिमिरे / नयाँ पत्रिका

विद्यालय शिक्षा ऐन माग्दै २० दिनदेखि काठमाडौंमा आन्दोलनरत शिक्षकका मागमा प्रधानमन्त्री केपी ओली गम्भीर नभएपछि दबाबमा परेकी शिक्षामन्त्री विद्या भट्टराईले

» पृष्ठ २ मा क्रमशः

■ प्रधानमन्त्री ओलीको निरन्तर पेलानमा थिइन् विद्या

शिक्षामन्त्री विद्या भट्टराईले राजीनामा दिनुका पछाडि प्रधानमन्त्री केपी ओलीले गरेको असहयोग र पेलानका शृंखला देखिन्छन् । पाइला-पाइलामा ओलीको असहयोग र दबाब खेपेकी भट्टराईले सार्वजनिक चर्चाको मुद्दा बनेको शिक्षक आन्दोलन समाधानमा पनि साथ नपाएपछि पदै त्यागे निर्णय गरेकी हुन् ।



केपी ओली



विद्या भट्टराई

■ शिक्षा मन्त्रालय स्रोतका अनुसार प्रधानमन्त्री ओली सामुदायिकभन्दा निजी विद्यालयको हितमा बढी केन्द्रित रहेको र आफूलाई त्यस्तो मन नपरेको भट्टराईले मातहतका कर्मचारीलाई अनौपचारिक रूपमा भन्ने गरेकी थिइन् । जबकि प्रधानमन्त्री ओलीले निजी विद्यालयको सार्वजनिक रूपमै पक्षपोषण गरेका थिए । गत २६ फागुनमा निजी तथा आवासीय अर्गनाइजेसन नेपाल (प्याब्सन) को १६औँ राष्ट्रिय महाधिवेशनको उद्घाटन गर्दै उनले निजी विद्यालय सञ्चालकलाई ढुक्क भएर लगानी गर्न भनेका थिए ।

■ त्रिवि उपकुलपतिबाट राजीनामा दिन बाध्य पारिएका प्रा.डा. केशरजंग बरालको विषयलाई लिएर पनि ओली र भट्टराईबिच तिक्तता थियो । १५ चैतमा बरालले राजीनामा बुझाएका थिए । मन्त्री भट्टराईको इच्छा बराललाई जिम्मेवारीमै फर्काउने थियो । शिक्षा मन्त्रालयका एक अधिकारीका अनुसार भट्टराईले बरालको राजीनामा स्वीकृत गर्दा त्रिवि नै धरापमा पर्ने र अस्थिरता बढ्ने भन्दै ओलीसमक्ष बिन्ती गरेकी थिइन् । तर, उनको चाहनामा प्रधानमन्त्री ओली बाधक बने । ढिला गरी बरालको राजीनामा स्वीकृत भयो । 'त्रिविको भिसी हटाउने विषयमा शिक्षामन्त्री सहमत हुनुभएको थिएन, भिसीको फोन प्रधानमन्त्रीले नउठाए पनि उहाँले रेस्पोन्स गर्नुहुन्थ्यो, तर प्रधानमन्त्रीले राजीनामा पास गरेपछि उहाँ रुष्ट हुनुभएको थियो,' त्रिविका एक पदाधिकारीले भने ।

■ काठमाडौं विश्वविद्यालय (केयू)मा उपकुलपति नियुक्तिमा पनि ओलीसँग भट्टराईको टसल थियो । प्रधानमन्त्रीले मेरिटभित्र पनि आफूनिकट वा कांग्रेसले चिताएको व्यक्ति ल्याउन खोजेपछि मन्त्री भट्टराई उपकुलपति सिफारिस समितिमै बसिनन् । केयूमा प्रा.डा. अच्युत वाग्लेलाई ओलीकै इच्छाअनुसार उपकुलपति नियुक्त गरिएको थियो ।

■ त्रिविको जग्गा हिनामिनासम्बन्धी प्रतिवेदन कार्यान्वयनका विषयमा समेत ओली र भट्टराईको मत बाझिएको थियो । महेन्द्रकुमार थापा संयोजकत्वको अध्ययन समितिले त्रिविको एक हजार रोपनीभन्दा बढी जग्गा हराएको र विभिन्न राजनीतिक दलनिकट व्यक्तिले प्रयोग गरेको रिपोर्ट गत २ पुसमा प्रधानमन्त्रीसमक्ष पेस गरेको थियो । शिक्षामन्त्री भट्टराई उक्त प्रतिवेदन कार्यान्वयन गरेर जग्गा फिर्ता ल्याउनुपर्ने अडानमा थिइन् । तर, प्रधानमन्त्रीको निर्देशनमा प्रतिवेदन नै गायब पार्ने काम भयो । संसदीय समितिले पटक-पटक पत्र पठाएर माग्दा पनि दिइएको थिएन । चौथोपटक पत्र पठाएपछि समितिलाई उपलब्ध गराए पनि प्रतिवेदन भने हालसम्म पनि सार्वजनिक गरेको छैन ।

■ त्रिविको उत्तरपुस्तिका हराउनेमाथि कारबाही गर्ने शिक्षामन्त्री भट्टराईको कदममा पनि प्रधानमन्त्री ओलीले अंकुश लगाएका थिए । त्रिविले गठन गरेको छानबिन समितिले स्नातक तहका पाँच सय उत्तरपुस्तिका हराएको ठहर गर्दै परीक्षा नियन्त्रक पुष्पराज जोशीसहित सातजनालाई कारबाही गर्न ०८१ वैशाखमै सिफारिस गरेको थियो । तर, ओलीको दबाबमा कारबाही रोकिएपछि भट्टराईले उनीहरूलाई जोगाएको आरोप खेप्दै आएकी थिइन् ।

■ शिक्षामन्त्री नियुक्त भएलगत्तै भट्टराईले निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ कार्यान्वयनमा ल्याउने प्रतिबद्धता जनाएकी थिइन् । ३१ असारमा मन्त्री नियुक्त भएकी उनले कार्यान्वयनका लागि ०८१ साउनमै गृहकार्य पनि थालिन् । हालको शिक्षा बजेटले नपुग्ने भन्दै प्रधानमन्त्री ओलीसँग बजेटको सुनिश्चितताका लागि अर्थ मन्त्रालयमा पहल गरिदिन आग्रहसमेत गरिन् । तर, प्रधानमन्त्रीले साथ नदिएपछि उनी निराश भएको मन्त्रालयका कर्मचारीहरू बताउँछन् । नेपालको संविधानमै व्यवस्था गरिएका शिक्षाका विषय कार्यान्वयन गर्न ०७५ मा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन जारी भएको थियो ।

■ अहिले पेचिलो बनिरहेको विद्यालय शिक्षा ऐनको विषयमा पनि प्रधानमन्त्रीबाट निरन्तर असहयोग भएपछि भट्टराई पद छाड्न बाध्य भइन् । विद्यालय शिक्षा ऐन जारी गर्न सक्नेमा उनी यति ढुक्क थिइन् कि १७ माघमा एमालेको भ्रातृ संगठन नेपाल राष्ट्रिय शिक्षक संगठनको प्रथम प्रदेश परिषद् बैठकमा बोल्दै विद्यालय शिक्षा ऐन नआए पदमै नबस्ने घोषणा गरेकी थिइन् । 'म त शिक्षा ऐन ल्याउने भनेर यो पदमा बसेको हो, यदि सक्दिनँ भन्ने लागेपछि पदमा बस्दिनँ,' उनले भनेकी थिइन् ।

शिक्षकमाथि प्रधानमन्त्री ओलीको घोचपेच

सानो ऐन बोक्न यत्रा शिक्षक सडकमा आउनुपर्दैन

■ **एमालेनिकट नेपाल प्रगतिशील प्राध्यापक संगठनको ११औँ राष्ट्रिय सम्मेलनमा सोमबार उनले भने-** विद्यालय शिक्षा विधेयक संसदीय समितिमा विचाराधीन छ । ऐन ल्याउन भनेर यत्रा शिक्षकहरू सडक आन्दोलनमा आउनुपर्दैन । तपाईंहरूले यति सानो ऐन बोकिरहनुपर्दैन । कहिले जादु देखाएको छ, कहिले कविता सुनाएको छ, कहिले गीत गाएको छ, कहिले नाचेको छ, किन गर्नुपऱ्यो ? कहिले सडकमा सुतेको छ, किन गर्नुपऱ्यो ? प्रतिगामी शक्तिहरू सल्बलाएका बेला र उनीहरूले तमासा देखाइरहेका बेला, आगजनी, हत्याकाण्ड, तोडफोड गरिरहेका बेला, उग्रता, उद्दण्डता देखाएका बेला, अराजकता फैलाएका बेला, यतिबेलै त्यस्ता कुरालाई बल पुऱ्याउन आन्दोलन किन गर्नुपऱ्यो ?

शिक्षकका मागमा कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी अध्यक्ष प्रचण्डको ऐक्यबद्धता

■ **२८ चैतमा शिक्षकहरूसँगको भेटमा देउवाले भनेका थिए-** हामी शिक्षकहरूका माग पूरा गर्न प्रतिबद्ध छौं, सरकारले ऐन ल्याउनुपर्छ । तपाईंहरूको माग पूरा गरेर ऐन छिटो आउँछ ।

■ **२४ चैतमा नेवा: राष्ट्रिय मुक्ति मोर्चाको कार्यक्रममा प्रचण्डले भनेका थिए-** तपाईं (शिक्षक)हरूलाई बधाई छ, माग पूरा नभएसम्म आन्दोलन नछाड्ने भन्नुभएको छ । जतिबेलासम्म माग पूरा हुँदैन, कहिले सिटी बजाउनुस्, कहिले के गर्नुपर्छ गर्नुस् । हामी तपाईंहरूको साथमा छौं ।

राष्ट्रिय-अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको नियमन र खर्च पारदर्शी बनाउन छाता ऐनको तयारी



● **रामचन्द्र तिवारी**, प्रवक्ता, गृह मन्त्रालय

संस्था दर्ता ऐन र राष्ट्रिय निर्देशन ऐनअन्तर्गत गैरसरकारी संघ-संस्था अस्तित्वमा छन् । नयाँ ऐनले यी दुवै ऐन प्रतिस्थापन गर्नेछ । संघ-संस्था एउटै ऐनको छाताभित्र रहनेछन् । अहिले मस्यौदा निर्माणको काम भइरहेको छ । संघ-संस्थाले खर्च गर्ने बजेट ठुलो रहे पनि पारदर्शितामा प्रश्न छ । नयाँ ऐनले त्यसलाई सम्बोधन गर्नेछ ।

टेकराज थामी / नयाँ पत्रिका

सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्थाको नियमन र खर्च पारदर्शी बनाउन नयाँ छाता ऐनको तयारी थालेको छ । नयाँ ऐन लागू भएपछि हाल सञ्चालनमा रहेका समाज कल्याण ऐन, २०४९, संस्था दर्ता ऐन, २०३४ र राष्ट्रिय निर्देशन ऐन, २०१८ खारेज गरिनेछ । गृह

» पृष्ठ २ मा क्रमशः

■ संघ-संस्थाबाट परिचालन हुने बजेट पारदर्शी बनाउन छुट्टै सफ्टवेयर कार्यान्वयनमा ल्याउने गृहको तयारी

■ गैरसरकारी संघ-संस्थाको बजेट मन्त्रालयको भन्दा धेरै

समाज कल्याण परिषद्का अनुसार मुलुकमा गैरसरकारी संस्थाको संख्या ५१ हजार ५१३ छ । त्यस्तै, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था २३० रहेका छन् । आर्थिक वर्ष ०८०/८१ मा मात्रै राष्ट्रिय तथा स्थानीयस्तरका गैरसरकारी संघ-संस्थाले ३५ अर्ब २६ करोड ८८ लाख ११ हजार ५९७ रुपैयाँ बजेट परिचालन गरेका छन् । सोही अवधिमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले भने २१ अर्ब ५८ करोड १८ लाख ५३ हजार ६०६ रुपैयाँ परिचालन गर्न परिषद्बाट स्वीकृति लिएका छन् । जबकि दुवै प्रकृतिका संघ-संस्थालाई नेतृत्व दिने महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको बजेट उक्त आर्थिक वर्षमा एक अर्ब ५७ करोड ६२ लाख मात्रै थियो ।

पाथीभरा नपुग्दै टुंगियो तीर्थयात्रा

एक आमाको श्रद्धाभाव, छोरी-छोराको उत्सुकता र बुढा बाबुआमाको आध्यात्मिक आस्था बोकेर सुरु भएको एक पवित्र यात्रा पाथीभरा पुग्न नपाउँदै विदारक दुर्घटनामा बदलियो, लत्रिएको तारबाट गाडीमा करेन्ट लाग्दा एउटै परिवारका तीनसहित चारजनाको पीडादायी मृत्यु

ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

ललितपुर महानगरपालिका- १० की ४५ वर्षीया सविना पौडेल आचार्य परिवारका चारजना सदस्य लिएर ताप्लेजुङको पाथीभरा मन्दिर दर्शनका लागि आइतबार साँझ ताप्लेजुङ सदरमुकाम पुगिन् । १० वर्षीय छोरा अविमय, १६ वर्षीया छोरी आध्यासहित झापाको भद्रपुर नगरपालिका- ८ माइत आइपुगेकी उनी त्यहाँबाट ७० वर्षीय बुवा विनोद पौडेल र ६९ वर्षीया आमा सरितालाई लिएर ताप्लेजुङ पुगिन् । सपना थियो पाथीभरा देवीको दर्शन गर्ने ।



फुङलिङ- १०, सेवारो चोकमा लत्रिएको बिजुलीको तारमा परेर जलेको बोलेरो

आइतबार साँझ उनीहरू सदरमुकाम फुङलिङमा रहेको होटेल प्यारिजमा वास बसे । पाथीभराको फेदी काफ्लेपाटीसम्म पुग्न सविनाले फुङलिङ नगरपालिका- १० का ट्याक्सीचालक ४२ वर्षीय दुर्गा भट्टराईको ट्याक्सी बन्दोबस्त गरिन् । वर्षौंदेखि त्यही रुटमा यात्रुको सेवा गर्दै आएका चालक भट्टराई सुकेटारबाट काफ्लेपाटीसम्मको खाल्डाखुल्डीबारे जानकार थिए । तर, बिजुलीको तार बाटोमा लत्रिएको पत्तै पाएनन् ।

सर्धैं यात्रुलाई गन्तव्यमा पुऱ्याउने भट्टराई सोमबार बिहान भने गन्तव्यमा पुऱ्याउन नपाउँदै अस्ताए । सविनाका बुवा-आमालाई पाथीभरा पुऱ्याउने सपना पनि अधुरै रह्यो । मन्दिर पुग्ने यात्रा केही दूरी बाँकी रहँदै सर्धैंका लागि

» पृष्ठ २ मा क्रमशः

■ कालीकोटमा ट्याक्टर दुर्घटनामा चारको मृत्यु

कालीकोटको पलाँता गाउँपालिका- २, राडुनेटालार्फमा आइतबार राति ट्याक्टर दुर्घटना हुँदा चालकसहित चारजनाको मृत्यु भएको छ ।

■ रुपन्देहीमा डुबेर एकको मृत्यु, चार बेपत्ता

रुपन्देही र सुनसरीमा सोमबार नदीमा डुबेर बेपत्ता भएका पाँचमध्ये एकजनाको शव फेला परेको छ । चारजना अझै हराइरहेका छन् ।



प्रधानमन्त्रीले...

पृष्ठ १ बाट क्रमशः

राजीनामा दिएकी छिन् । सोमबार अपराह्न पनि एक घण्टासम्म प्रधानमन्त्रीलाई भेटेर शिक्षकमा माग सम्बोधनका लागि ध्यानाकर्षण गराएकी उनी चित्तबुझ्दो जवाफ नपाएपछि ५ बजेतिर राजीनामा बुझाएर बालुवाटारबाट निस्किएकी हुन् ।

शिक्षकका आन्दोलनबिच कक्षा १२ को परीक्षा नै अन्योल, नयाँ शैक्षिक सत्रको भर्ना तथा पठनपाठन सञ्चालन र एसईईको उत्तरपुस्तिका जाँचजस्ता शैक्षिक गतिविधि ठप्प भएपछि विभागीय मन्त्रीको हैसियतमा भट्टराई दबाबमा थिइन् । तर, ऐन ल्याउने ग्यारेन्टी दिएर शिक्षकलाई विद्यालयमा फर्काउन प्रधानमन्त्री तहबाटै प्रतिबद्धता नभई सम्भव छैन । यद्यपि, उल्टै शिक्षकमाथि घोचपेचमा उत्रिएका प्रधानमन्त्री ओलीले साथ नदिएपछि भट्टराईले राजीनामा दिइन् ।

शिक्षामन्त्री भट्टराईले प्रधानमन्त्रीसमक्ष बैठकमा राखेका विषय मान्य नहुने देखिएपछि राजीनामा बुझाएको उनको सचिवालयका सदस्य अशेष पोखरेलले जानकारी दिए । 'प्रधानमन्त्रीज्यूसँग उहाँ (शिक्षामन्त्री) छलफलमा बस्नुभएको थियो, तर विद्यालय शिक्षा विधेयकमा समाधान आउने देखिएन,' उनले भने, 'प्रधानमन्त्रीबाटै सहयोग नहुने र शिक्षकहरूबाट पनि दबाब आइरहने भएपछि उहाँले राजीनामाको निधो गर्नुभयो । उहाँको हातमा मात्रै केही पनि थिएन ।'

मन्त्री भट्टराई मन्त्रालयका अधिकारीहरूसमेत लिएर प्रधानमन्त्री भेट्न पुगेकी थिइन् । एक कर्मचारीका अनुसार उनले तत्काल शिक्षा ऐन ल्याउन सहयोग गर्ने भए राजीनामा नदिने, नत्र पदमा रहनुको औचित्य नरहेको बताउँदा प्रधानमन्त्री ओलीले कुनै प्रतिक्रिया नै दिएनन् । 'तत्काल ऐन ल्याउन सहयोग गर्ने भए म राजीनामा दिन्नँ, तर यस्तै अवस्था हो भने मैले पदमा बस्नुको अर्थ हुँदैन, मेरो स्वास्थ्यमा पनि समस्या छ,' छलफलमा उपस्थित मन्त्रालयका एक कर्मचारीले भने, 'प्रधानमन्त्रीले टाउको हल्लाउनुभयो, खासै बोलेर जवाफ दिनुभएन, मन्त्रीज्यूले राजीनामा-पत्र बोकेर जानुभएको थियो, ५ बजे बुझाएर फर्किनुभयो ।' स्रोतका अनुसार भट्टराईले स्वास्थ्य समस्याको कारण देखाएर राजीनामा दिएकी छिन् । तर, राजीनामालगत्तै उनले नियमित सञ्चालनमा रहेका दुवै फोन स्विच्ड अफ गरेकी छिन् । मन्त्री भट्टराईसँग राजीनामाबारे प्रतिक्रिया लिन खोज्दा रातिसम्म पनि सम्पर्क हुन सकेन । साँझ बसेको मन्त्रिपरिषद् बैठकमा पनि उनी उपस्थित थिइनन् । यसले उनी दबाबमा रहेको स्पष्टै हुन्छ ।

■ नयाँ शिक्षामन्त्रीमा अञ्जान शाक्यको चर्चा



विद्या भट्टराईले राजीनामा दिएपछि एमालेभित्र नयाँ शिक्षामन्त्रीमा अञ्जान शाक्यको चर्चा सुरु भएको छ । राष्ट्रिय सभा सदस्य शाक्य प्रधानमन्त्री ओलीको विश्वासपात्रका रूपमा चिनिन्छिन् । ओली दोस्रो कार्यकालका लागि प्रधानमन्त्री छँदा शाक्य इजरायलका लागि राजदूत नियुक्त भएकी थिइन् ।

शिक्षक नेताहरूका अनुसार शिक्षामन्त्री भट्टराई आफूहरूका माग सम्बोधनका लागि सकारात्मक र सक्रिय थिइन् । तर, प्रधानमन्त्री ओली, सभामुख देवराज घिमिरे र सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङ शिक्षकका अपेक्षाप्रतिकूल बोलेपछि माहोल थप बिग्रिएको थियो ।

शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले शिक्षामन्त्री भट्टराईले आफूहरूका मागप्रति सकारात्मक व्यवहार देखाएको, तर ऐन ल्याउने विषय मन्त्रीबाट मात्रै सम्भव नभएको बताए । 'शिक्षामन्त्रीले हामीसँग कुरा हुँदा कोसिस गरिरहेकी छु, छिटो ऐन ल्याउन चाहेकी छु, तर मैले चाहेर मात्रै सक्दिनँ भन्नुभएको थियो । उहाँको व्यक्तिगत व्यवहार राम्रो थियो,' उनले भने, 'ऐन जारी गर्ने विषय शिक्षामन्त्रीको एकल जिम्मेवारी त होइन, तर उहाँको राजीनामापछि यो मुद्दा थप पेचिलो बन्ने देखियो ।' तर, ऐन नआएसम्म आफूहरू पछाडि नहट्ने सुवेदीको भनाइ छ ।

शिक्षामन्त्री भट्टराईले २६ र २७ चैतमा शिक्षकहरूलाई वार्तामा बोलाएकी थिइन् । तर, शिक्षकहरू गएनन् । पछि प्रधानमन्त्रीले शिक्षक नेताहरूलाई बालुवाटार बोलाएर छलफल गरे । तर, प्रधानमन्त्रीले उक्त छलफलमा शिक्षामन्त्री भट्टराईलाई बोलाएनन् । एकातिर शिक्षकको दबाब, अर्कोतिर झन् बेवास्ता गरेर प्रधानमन्त्रीको दबाब भएपछि मन्त्री भट्टराई राजीनामा रोज्न बाध्य भएको मन्त्रालयका कर्मचारी बताउँछन् ।

शिक्षाविद् विद्यानाथ कोइराला शिक्षामन्त्री भट्टराई शिक्षकका माग सम्बोधनमा सक्रिय भए पनि प्रधानमन्त्री ओलीकै असहयोगका कारण राजीनामा गर्न बाध्य भएको बताउँछन् । 'शिक्षामन्त्रीले सक्दो मिहिनेत गर्नुभएको हो । मैले नै उहाँलाई दिएको सुझाव अक्षरशः बोकेर जानुभयो, शिक्षकका सबै मागलाई २४ बुँदामा ल्याउनुभयो र त्यसलाई पनि सात बुँदामा बनाएर ल्याउनुभयो, उहाँ शिक्षक आन्दोलन सम्बोधनका निम्ति क्रियाशील हुनुहुन्थ्यो,' उनले भने, 'तर, प्रधानमन्त्रीले आफूलाई लागेकोबाहेक अरूको कुरा सुन्ने काम गर्नुभएन, यो राम्रो अभ्यास होइन ।'

त्रिविका पूर्वउपकुलपतिसमेत रहेका शिक्षाविद् तीर्थ खनियाँ पनि राजनीति गर्ने व्यक्तिको मनमा शिक्षा क्षेत्र प्राथमिकतामा नपरेको बताउँछन् । शिक्षक आन्दोलनको निकास खोज्न शिक्षक र सरकारबिच विश्वासको वातावरण तय गर्नुपर्ने उनको सुझाव छ । 'अहिले सरकारप्रति शिक्षकले विश्वास गरेका छैनन्, सरकारले शिक्षकका मुद्दामा धोका दिनुहुँदैन,' उनले भने, 'शिक्षकको आन्दोलन देख्दा प्रधानमन्त्रीलगायत उच्च तहमा बस्नेहरू कति जिम्मेवार छन् भन्ने अवस्था दयनीय छ, अवस्था बिग्रिएकोप्रति जिम्मेवार सरकार हुनुपर्छ ।'

■ भट्टराईले सोमबारै छाडिन् सरकारी निवास

प्रधानमन्त्रीलाई राजीनामा बुझाउनुअघि नै मन्त्री भट्टराईले सरकारी क्वार्टर छाडेकी थिइन् । उनको सचिवालयका शाखा अधिकृत प्रविनबाबु भट्टराईका अनुसार भट्टराई सोमबार मन्त्रालय पनि गइनन् । 'उहाँले सोमबार दिउँसो नै मन्त्री क्वार्टर छाड्नुभयो, आफ्ना सामान लिएर जानुभयो, मन्त्रालय पनि आउनुभएन,' उनले भने, 'सिधै बाहिरबाट राजीनामा बुझाउन जानुभएको थियो, सोमबार मन्त्रालयमै देखिनुभएन ।'

■ शिक्षकका मुद्दामा मन्त्रिपरिषद्बाट भएन कुनै निर्णय

शिक्षामन्त्री भट्टराईले राजीनामा दिएको केही समयपछि बालुवाटारमै मन्त्रिपरिषद् बैठक बसेको थियो । तर, शिक्षकका माग सम्बोधनबारे मन्त्रिपरिषद् बैठकमा कुनै निर्णय नभएको एक मन्त्रीले बताए । बैठकले प्रधानमन्त्री ओलीकै अध्यक्षतामा उच्चस्तरीय उच्चस्तरीय सुशासन आयोग गठन गर्ने निर्णय गरेको छ भने एक सचिवको सरुवा र एक सहसचिवको बढुवा गरेको छ ।

■ शिक्षक आन्दोलनमा राजनीतिक सहमति खोज्न पनि सरकार उदासीन

सत्तादेखि विपक्षमा रहेका धेरैजसो राजनीतिक दल र संघ-संगठनलगायतले शिक्षक आन्दोलन र उनीहरूका मागमा समर्थन जनाए पनि सम्बोधनमा सरकारको प्रयास अपेक्षाकृत देखिएको छैन । सत्तापक्ष र विपक्षका शीर्ष नेताले पटकपटक माग पूरा गर्नुपर्ने विषय उठाए पनि सरकारले राजनीतिक सहमति खोज्ने विषयमा आवश्यक प्रयत्न गरेको छैन ।

शिक्षकका मागमा कांग्रेस, माओवादी, रास्वपा, राप्रपा र एकीकृत समाजवादीलगायतले समर्थन र ऐक्यबद्धता जनाएका छन् । कांग्रेस सभापति शेरबहादुर देउवा, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा एवं इतर समूहका नेता डा. शेखर कोइरालालगायतले सरकारको ध्यानाकर्षण गराइसकेका छन् । यस्तै, माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालले पनि शिक्षक आन्दोलनमा ऐक्यबद्धता जनाएका छन् । २८ चैतमा शिक्षकहरूसँगको भेटमा कांग्रेस सभापति देउवाले ऐन छिटो ल्याउन आफ्नो पार्टी प्रतिबद्ध रहेको बताएका थिए । 'हामी शिक्षकहरूका माग पूरा गर्न प्रतिबद्ध छौँ, सरकारले ऐन ल्याउनुपर्छ,' उनले भनेका थिए, 'तपाईंहरूको माग पूरा गरेर ऐन छिटो आउँछ ।' यस्तै, कांग्रेसले आफ्नो पार्टीको धारणा निर्माणका लागि शिक्षा विभागका प्रमुख नैनसिंह महरको संयोजकत्वमा समितिसमेत गठन गरेको छ ।

२४ चैतमा नेवाः राष्ट्रिय मुक्ति मोर्चाको कार्यक्रममा बोल्दै माओवादी अध्यक्ष प्रचण्डले विशेष अधिवेशनबाट भए पनि शिक्षा ऐन ल्याउनुपर्ने बताएका थिए । 'तपाईं (शिक्षक) हरूलाई बधाई छ, माग पूरा नभएसम्म आन्दोलन नछाड्ने भन्नुभएको छ,' उनले भनेका थिए, 'जतिवेलासम्म माग पूरा हुँदैन, कहिले सिटी बजाउनुस्, कहिले के गर्नुपर्छ गर्नुस् । हामी तपाईंहरूको साथमा छौँ ।'

त्यस्तै, विद्यार्थी संगठनहरूले पनि शिक्षक आन्दोलनमा ऐक्यबद्धता जनाएका छन् । नेविसंघ र अखिल क्रान्तिकारीले विज्ञप्ति नै जारी गरेर ऐक्यबद्धता जनाएका छन् । अनेरास्ववियुले पनि शिक्षकका माग सम्बोधन गर्दै छिटो ऐन ल्याउन ध्यानाकर्षण गराएको छ । त्यस्तै, नेपाल अभिभावक संघले पनि शिक्षा ऐन छिटो ल्याउन र शिक्षकका माग पूरा गर्न दुई साताअघि नै विज्ञप्ति जारी गरेको थियो ।

■ प्रधानमन्त्री ओलीलाई पूर्वशिक्षामन्त्री श्रेष्ठको कटाक्ष

रास्वपा सांसद एवं पूर्वशिक्षामन्त्री सुमना श्रेष्ठले शिक्षामन्त्रीको राजीनामालाई लिएर प्रधानमन्त्री केपी ओलीको कटाक्ष गरेकी छिन् । 'राजीनामा आयो शिक्षामन्त्रीको, आउनुपर्नेथ्यो प्रधानमन्त्रीको,' उनले फेसबुकमा लेखेकी छिन्, 'तर, त्यो पर्दैन, होइन त !'

■ कक्षा १२ को परीक्षाबारे निर्णय लिन आज बोर्ड बैठक

११ वैशाखदेखि सुरु हुने भनिएको कक्षा १२ को परीक्षा शिक्षक आन्दोलनका कारण अन्योलमा छ । शिक्षामन्त्रीको राजीनामापछि पेचिलो भनेको शिक्षक आन्दोलनबिच परीक्षा हुन्छ/हुँदैन निश्चित छैन । यस्तो अवस्थामा राष्ट्रिय परीक्षा बोर्डले यसबारे छलफल गर्न मंगलबार (आज) बिहानका लागि बोर्ड बैठक राखेको छ । बैठकले तोकिएको मितिमा परीक्षा गर्न सक्ने वा नसक्नेबारे निर्णय लिने बोर्ड अध्यक्ष महाश्रम शर्माले बताए । 'बोर्डले एक्लै परीक्षा सञ्चालन गर्न सक्दैन, यसबारे छलफलका लागि मंगलबार बोर्ड बैठक राखिएको छ, त्यसमा शिक्षासचिवलगायतको सहभागिता रहन्छ,' उनले भने, 'तोकिएको समयमा परीक्षा चलाउन सक्ने वा नसक्ने निर्णय त्यही बैठकमा हुन्छ ।'

उच्चस्तरीय सुशासन आयोग गठन, अध्यक्ष प्रधानमन्त्री ओली

नौ महिनासम्म सम्पत्ति विवरण लुकाएको सरकारद्वारा सोमबारको मन्त्रिपरिषद् बैठकबाट सुशासन आयोग गठन

काठमाडौं/ सरकार गठन भएको नौ महिना बित्दा पनि प्रधानमन्त्री तथा मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक भएको छैन । उता सरकारले सुशासन कायम गर्न भन्दै उच्चस्तरीय सुशासन आयोग गठन गरेको छ ।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्री केपी ओलीकै अध्यक्षतामा यस्तो आयोग गठन गरेको हो । आयोगमा विभिन्न मन्त्री र योजना आयोगका सदस्यसहित निजी क्षेत्रबाट समेत सदस्य राख्न लागिएको छ । आयोगले कसरी काम गर्नेछ भन्ने विस्तृत खुलाइएको छैन । बेथिति र भ्रष्टाचार बढ्दै गएको गुनासाको आधारमा आयोग गठन गरिएको प्रधानमन्त्री कार्यालयले जनाएको छ । जबकि सुशासन कायम गर्ने प्रधानमन्त्रीमातहतका सतर्कता केन्द्र, हेलो सरकारलगायत निकायलाई भने सक्रिय बनाउन चासो दिइएको छैन ।

सार्वजनिक रूपमा प्रश्न उठ्दा पनि प्रधानमन्त्री र मन्त्रीहरूको सम्पत्ति विवरण लुकाइएको छ । जबकि विगतका सरकारहरूले सम्पत्ति विवरण सार्वजनिक गरेका थिए । सम्पत्ति विवरण सार्वजनिक गर्न मन्त्रिपरिषद्ले निर्णय गर्नुपर्ने हुन्छ । संसद्मा समेत प्रश्न उठ्दा पनि सरकारले सम्पत्ति विवरण लुकाउँदै आएको छ ।

सचिवको सरुवा र बढुवा

सोमबारकै बैठकले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणसचिवमा केदारनाथ शर्माको सरुवा गरेको छ । उनी कोशी प्रदेशको प्रमुख सचिवमा कार्यरत थिए । सचिव अर्जुन पोखरेलले अवकाश पाएपछि भूमि व्यवस्था मन्त्रालयमा सचिवको पद रिक्त थियो । त्यस्तै, वरिष्ठतम सहसचिव चन्द्रकला पौडेलको सचिवमा बढुवा भएको छ । उनी भौतिक योजना तथा यातायात मन्त्रालयमा कार्यरत थिइन् ।

कोल्डस्टोर अलपत्र पार्ने निर्माण कम्पनीलाई कालोसूचीमा राख्ने तयारी

धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिम प्रदेशमा कोल्डस्टोर निर्माणको काम चार वर्षसम्म अलपत्र पार्ने निर्माण कम्पनीलाई कालोसूचीमा राख्ने प्रक्रिया अगाडि बढाइएको छ । प्रदेश कृषि विकास निर्देशनालयले १५ दिने सूचना जारी गर्दा तीनवटा कम्पनी मात्र काम सम्पन्न गर्ने प्रतिबद्धतासहित सम्पर्कमा आएका छन् । दार्चुलाको महाकाली नगरपालिका र बैतडीको दशरथ चन्द नगरपालिकामा कोल्डस्टोर निर्माणको ठेक्का लिएको बिग एन्ड बी कम्पनी तथा दिपायल-सिलगढी नगरपालिका-४ मा कोल्डस्टोर निर्माणको ठेक्का पाएको भैरवशक्ति निर्माण सेवा अझै सम्पर्कमा नआएको निर्देशनालयका कृषि इन्जिनियर कोषराज बडूले बताए ।

'सम्पर्कमा नआएका कम्पनीलाई कालोसूचीमा राख्ने प्रक्रिया अगाडि बढाउँछौँ, उनले भने, 'काम गर्ने प्रतिबद्धता जनाएका निर्माण कम्पनीलाई पनि निर्देशनालयमा बोलाएर छलफल गर्ने र काम गर्न सक्ने अवस्था नदेखिए कारबाहीको प्रक्रिया अगाडि बढाउने छ । काम गर्ने प्रतिबद्धतासहित आए वैशाखभित्र काम सक्न समयसीमा दिइने निर्देशनालयले जनाएको छ ।

'गत १७ चैतमा सूचना जारी गरेका थियौँ, सम्पर्कमा नआएका र काम अगाडि नबढाए अब कालोसूचीमा राख्न थप प्रक्रिया अगाडि बढाउँदै छौँ,' निर्देशनालयका कृषि इन्जिनियर बडूले भने, 'अब थप पर्खिने अवस्था छैन ।' सातवटै कोल्डस्टोर एक वर्षभित्र सम्पन्न गर्ने गरी चार वर्षअघि निर्माण सम्झौता भएको थियो । प्रदेश सरकारअन्तर्गत सोही वर्ष सम्झौता भएर हालै काम सम्पन्न भएका ६ वटा कोल्डस्टोर पनि सञ्चालनमा आउन सकेका छैनन् ।

■ यी हुन् सम्पर्कमा नआएका कम्पनी

बिग एन्ड बी कम्पनी र भैरवशक्ति निर्माण सेवा अझै सम्पर्कमा आएका छैनन् । 'बिग एन्ड बि'ले दार्चुलाको महाकाली नगरपालिका र बैतडीको दशरथ चन्द नगरपालिकामा २० टन क्षमताको कोल्डस्टोर निर्माणको ठेक्का लिएको थियो । महाकालीमा ३० प्रतिशत र दशरथचन्दमा ६० प्रतिशत काम गरेर निर्माण कम्पनीले बाँकी काम अलपत्र छोडेको छ । त्यस्तै, भैरवशक्तिले दिपायल-सिलगढी नगरपालिका- ४ मा २५ कटन क्षमताको कोल्डस्टोर निर्माणको ठेक्का लिए पनि जग मात्र हालेको छ ।

■ यी हुन् सम्पर्कमा आएका कम्पनी

पुरुषोत्तम कन्स्ट्रक्सन, भूमिराज रोशन निर्माण सेवा र जी एन्ड जे निर्माण सेवा भने सम्पर्कमा आएका हुन् । निर्देशनालयका अनुसार पुरुषोत्तमले कञ्चनपुरको पुनर्वासमा ३० टन र डडेल्धुराको आलीतालमा २५ टन क्षमताको कोल्डस्टोर निर्माणको ठेक्का लिए पनि काम अलपत्र छाडेको पछ । डोटीको जोरायल गाउँपालिका- १ मा २० टन क्षमताको कोल्डस्टोर निर्माणको ठेक्का अलपत्र छाडेको भूमिराज रोशन निर्माण सेवा र कैलालीको भजनीमा ४० टन क्षमताको कोल्ड स्टोर निर्माणको ठेक्का लिएर काम अलपत्र छाडेको जी एन्ड जे निर्माण सेवाले पनि काम गर्ने प्रतिबद्धतासहित निर्देशनालयलाई पत्र पठाएका छन् । निर्देशनालयका अनुसार जोरायलमा ६५ प्रतिशत काम पूरा भएको छ । निर्माण कम्पनीले ठेक्का सम्झौता ३९ लाख ७७ हजारमध्ये २० लाख २४ हजार भुक्तानी लिइसकेको छ । भजनीमा चार वर्षको अवधिमा ६० प्रतिशत मात्र भौतिक प्रगति छ । निर्माण कम्पनीले ४१ लाख ६३ हजार लागत रकममध्ये २२ लाख ६६ हजार भुक्तानी लिएर काम अलपत्र छोडेको छ ।

पाथीभरा नपुग्दै...

पृष्ठ १ बाट क्रमशः

रोकियो । पाथीभरा पुग्ने त्यो सपना क्षणभरमै चकनाचुर भयो ।

सविनाका बुवा विनोद, आमा सरिता र छोरी आध्या पाथीभराको दर्शन गर्न नपाउँदै सधैँका लागि अस्ताए । सविना र उनका छोरा अविमय घाइते भएको जिल्ला प्रहरी कार्यालय ताप्लेजुङका प्रमुख प्रहरी नायब उपरीक्षक रवि रावलले बताए ।

पाथीभरा मन्दिर जाने सुकेटार-काफ्लेपाटी सडक खण्डअन्तर्गत फुङलिङ- १०, सेवारो चोकमा उनीहरू सवार मे १ भ ३०११ नम्बरको बोलेरो जिप लत्रिएको बिजुलीको तारमा अल्झिएर आगो लागेको थियो । सदरमुकाम फुङलिङबाट करिब १४ किलोमिटर टाढा रहेको त्यो ठाउँमा कच्ची सडक छ । उनीहरू त्यहाँ करिब बिहान साढे चार बजे पुगेका थिए । 'घटना बिहान साढे ४ मै भएको हुनुपर्छ । हामीलाई बिहान ५ बजे पाथीभरा क्षेत्र विकास समितिले जानकारी गरायो । त्यसपछि हामी तत्कालै घटनास्थल पुग्यौँ,' रावलले भने, 'त्योभन्दा अघि पनि अरू गाडी त्यो बाटो हिँडेको देखिन्छ । तर, चालकले खाल्डा जोगाउन कुनातिर च्याप्दा लत्रिएको तारले छोएको देखिन्छ । बिहानै भएर नदेखेर वा चालकले ध्यान नपुऱ्याएर दुर्घटना भएको देखिन्छ ।'

उनका अनुसार उक्त ठाउँमा पानी परिरहन्छ । हावाहुरीले अघिल्लो राति तार लत्रिएको हुन सक्ने उनी बताउँछन् ।

प्रहरी नायब उपरीक्षक रावलका अनुसार मृतक चारमध्ये विनोद, सरिता र आध्याको शव मृतकका आफन्तले बुझिसकेका छन् । चालक भट्टराईको शव भने परिवारले बुझेका छैनन् । सोमबार साँझ परिसकेकाले मंगलबार बुझ्ने उनले बताए ।

दैनिक सयौँ यात्रु आवतजावत गर्ने सुकेटार-काफ्लेपाटी सडक लामो समयदेखि लथालिङ छ । सडक नबन्दा चालकले खाल्डाखुल्डी छल्दै सवारी चलाउँछन् । त्यसमाथि विद्युत् प्राधिकरणको लापरबाहीले सडकमै तार लत्रिँदा चारजनाको मृत्यु हुन पुग्यो ।

नेपाल विद्युत् प्राधिकरण ताप्लेजुङ वितरण केन्द्रका प्रमुख सुरेशप्रसाद चौधरीले भने लापरबाही नभई आइतबार रातिको वर्षा र चट्याङले तारको पिन फुटाएका कारण तार लत्रिएको बताए । यो एउटा दुर्घटना मात्र भएको उनको दाबी छ । 'पहिला नै थाहा भएको भए हामी यसलाई बनाउने थियौँ । तर, थाहा नै भएन,' उनले भने ।

हेलिकोप्टरमार्फत काठमाडौं ल्याएर उपचार

बिजुलीको तारका कारण गुडिरहेको गाडीमा आगलागी भई घाइते भएका सविना आचार्य र उनका छोरा अविमयको काठमाडौँस्थित हेम्स अस्पतालमा उपचार भइरहेको छ । चिकित्सकसमेत रहेका सविनाका श्रीमान् निरन्जन आचार्यसहितको चिकित्सकको टोली आएर उनीहरूलाई हेलिकोप्टरमार्फत काठमाडौं लगिएको डिएसपी रावलले बताए । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले छोरी र सासूससुरा गुमाएका निरन्जनलाई फोन गरी कोशी प्रदेश सरकारले उपचारसहितको सबै खर्चको व्यवस्थापन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

कालीकोटमा ट्याक्टर दुर्घटनामा चारको मृत्यु

कालीकोटको पलाँता गाउँपालिका- २, राडुनेटालार्फामा आइतबार राति ट्याक्टर दुर्घटना हुँदा चालकसहित चारजनाको मृत्यु भएको छ । पलाँता गाउँपालिका-२, राडुनेटानजिक थिर्पुबाट छूलाहा जाँदै गरेको ट्याक्टर दुर्घटनामा चालक मुगु खत्याड गाउँपालिका-५ का २० वर्षीय चन्द्रप्रकाश रोकाया तथा ट्याक्टरमा सवार पलाँता-५ का अम्मा शाही, पलाँता-४ का ३२ वर्षीय सदु बुढा र २१ वर्षीय रवीन्द्र विकको मृत्यु भएको कालीकोट प्रहरीका डिएसपी टेकबहादुर रावतले बताए । ट्याक्टर नम्बर भने खुल्न नसकेको उनले बताए । स्थानीय धनबहादुर सार्कीका अनुसार आइतबार राति ११ बजे दुर्घटना भएको थियो ।

रुपन्देहीमा डुबेर एकको मृत्यु, चार बेपत्ता

रुपन्देही र सुनसरीमा सोमबार नदीमा डुबेर बेपत्ता भएका पाँचमध्ये एकजनाको शव फेला परेको छ । चारजना अझै हराइरहेका छन् । रुपन्देहीको लुम्बिनी सांस्कृतिक नगरपालिका-२ सानो अर्दौलामा दानव खोलामा पौडी खेल्ने क्रममा डुबेर बेपत्ता भएका तीनमध्ये स्थानीय १४ वर्षीय राजन यादवको शव फेला परेको हो । खोलामा बेपत्ता भएका अर्दौलाका १३ वर्षीय उमेश यादव र १२ वर्षीय मन्नु हरिजनको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी सुरज कार्कीले बताए । दानव खोलाको बगहा बाबा मन्दिरनजिकै नुहाउने क्रममा बालक बेपत्ता भएका थिए ।

यस्तै, सुनसरीको बराहक्षेत्र नगरपालिका- १ बराहक्षेत्र मन्दिरस्थित सप्तकोशीमा नुहाउने क्रममा सोमबार बिहान बेपत्ता भएका मामा-भान्जाको अवस्था अज्ञात छ । खोटाङको केपिलासगढी गाउँपालिका- ४ का ४० वर्षीय नवराज बाँस्तोला र सुनसरीको इटहरी नगरपालिका- १६ का १६ वर्षीय जेनिस आचार्य बेपत्ता भएका हुन् । नवराज मामा र जेनिस भान्जा हुन् । गोताखोरसहितको टोलीले सोमबार दिनभर खोजे पनि अवस्था पत्ता नलागेको सशस्त्र प्रहरीका केन्द्रीय सह-प्रवक्ता डिएसपी शैलेन्द्र थापाले बताए ।

मोटरसाइकल हरायो

मिति २०८१/१२/१८ गते बेलुका अ. ८:०० बजेदेखि बिहान ८:०० बजेको समयमा महाराजगञ्ज स्थित कान्तीबाल अस्पतालको पार्किङबाट गरिराखेको मेरो निम्न व्यहोरा भएको कालो रातो रंगको 220 CC F ABS पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।

नाम : खड्ग बहादुर रानामगर
मो.सा.नं.: बा.प्र. ०२-०५१ प ४७९५
चेसिस नं.: MD2A13EX6RCB80859
इन्जिन नं.: DKXCRB18120
सम्पर्क न.: 9802061873

मोटरसाइकल हरायो

मिति २०८१/१२/०८ गते अ. १७:२५ बजेको समयमा का.म.न.पा.-१५, चःमति स्थित AVM स्कुल नजिकबाट मेरो निम्न व्यहोरा भएको कालो रातो रंगको 149.5 CC को पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।

नाम : रिना देवी महतो
मो.सा.नं.: बा.प्र. ०३-०५० प ५४०९
चेसिस नं.: MD2A11CX0RPB55360
इन्जिन नं.: DHXPRB68879
सम्पर्क न.: 9808523076

एनएमबि बैंक लिमिटेड
बबरमहल, काठमाडौं फोन नं.: ५३४६१६०
हकदाबी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मिति २०८२/०१/०९

यस बैंकका निक्षेपकर्ता श्री कल्यान सिंह पुजाराको नाति श्री इन्द्र सिंह पुजारा छोरा, बैतडी जिल्ला, दशरथचन्द नगरपालिका वडा नं. ०२. घर भई हाल बैतडी जिल्ला, दशरथचन्द नगरपालिका वडा नं.०२ बस्ने वर्ष ५८ को श्री रगी सिंह पुजारा (ना.प्र.नं. ४४७/२१४९, जारी मिति २०४२/०३/२३, जारी जिल्ला बैतडी) को मिति २०८१/०९/१२ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनि निजको एकाघरको श्रीमती जैमती पुजारा मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदाबी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदाबी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकका श्रीमती जैमती पुजाराको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना
प्रथम पटक प्रकाशित मितिः २०८२/०१/०९

यस **घाँघर ठाकुर सा.व.उ.स., कमलामाई न.पा. १, सिन्धुली**बाट आ.व. २०८१/०८२ मा उत्पादन भई **घट्टा दमार, कमलामाई न.पा. १, सिन्धुली**मा घाटगद्दि गरी राखिएको **विभिन्न लटको साल र असना** जातको गोलिया थान **२४६** को **३७४९.३३** क्यू.फि. गोलिया काठ र **३.७५ चट्टा दाउरा** व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औ दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

श्री घाँघर ठाकुर सा.व.उ.स. कमलामाई न.पा.-१, सिन्धुली

बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना
प्रथम पटक प्रकाशित मिति : २०८२/०१/०९

यस **महामण्डल डाँडा सा.व.उ.स., कमलामाई न.पा. १, सिन्धुली**बाट आ.व. २०८१/०८२ मा उत्पादन भई **गोठखोला, कमलामाई न.पा. १, सिन्धुली**मा घाटगद्दि गरी राखिएको **विभिन्न लटको साल** जातको गोलिया थान **१३८** को **१४३९.०२** क्यू.फि. गोलिया काठ र **३.७५ चट्टा दाउरा** व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औ दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

श्री महामण्डल डाँडा सा.व.उ.स. कमलामाई न.पा.- १, सिन्धुली

सडक विभाग
योजना तथा अनुगमन महाशाखा
सडक सुरक्षा तथा ट्राफिक शाखा
सूचना नं: DOR/RSTS/05/081/82
प्रथम पटक प्रकाशित मिति : २०८२/०१/०९

यस कार्यालयबाट निम्न निर्माण कार्यको लागि बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि WebSite (https://bolpatra.gov.np/egp) visit गर्नुहुन वा यस शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ ।

S. N.	Contract Identification No.	Name of Works	Estimate Amount (excluding P.S, VAT and Contingency) (NRs)	Bid Security Amount (NRs)	non-refundable fee of Bidding Document (NRs)
1	DOR-RSTS/33701 136/081/82-W07	Traffic/Pedestrian Signal Installation on 4 intersections in Birendranagar	10,186,207.53	310000.00	3,000.00
2	DOR-RSTS/33701 136/081/82-W08	Traffic/Pedestrian Signal Installation on 6 intersections in Bharatpur	16,636,153.27	490,000.00	3,000.00
3	DOR-RSTS/33701 136/081/82-W09	Operation and Maintenance of Traffic Light System in Kathmandu Valley	12,809,507.43	380000.00	3,000.00

शाखा प्रमुख

राष्ट्रिय-अन्तर्राष्ट्रिय...

पृष्ठ १ बाट क्रमशः

मन्त्रालयको नेतृत्वमा तयार हुँदै गरेको यो ऐनमार्फत सबै प्रकारका गैरसरकारी संस्थालाई एउटै कानुनी संरचनामा ल्याइनेछ । ऐनले संघ-संस्थाको दर्ता, नवीकरण, अनुगमन र मूल्यांकन प्रक्रियालाई स्पष्ट र एकद्वार प्रणालीमा लैजाने लक्ष्य लिएको छ । नयाँ ऐनमार्फत यस्ता संस्थाले गर्ने खर्च पारदर्शी र उत्तरदायी बनाउने सरकारको योजना छ ।

गृह मन्त्रालयले सहसचिव तथा प्रवक्ता रामचन्द्र तिवारीको संयोजकत्वमा समिति गठन गरेर ऐनको मस्यौदा निर्माण अघि बढाएको छ । नयाँ ऐनले सरकारको स्वीकृतिपछि मात्रै स्वदेशी तथा विदेशी संघ-संस्थाबाट आर्थिक वा जिन्सी सहयोग लिने व्यवस्था गर्न थालिएको छ ।

गृह मन्त्रालय समाज कल्याण ऐन, संस्था दर्ता ऐन र राष्ट्रिय निर्देशन ऐन प्रतिस्थापन गर्ने गरी नयाँ ऐन निर्माणको तयारीमा जुटेको गृह प्रवक्ता तिवारीले बताए । 'अहिले संस्था दर्ता ऐन र राष्ट्रिय निर्देशन ऐनअन्तर्गत गैरसरकारी संघ-संस्था अस्तित्वमा छन्,' उनले भने, 'नयाँ ऐनले यी दुवै ऐन प्रतिस्थापन गर्नेछ । संघ-संस्था एउटै ऐनको छाताभित्र रहनेछन् । अहिले मस्यौदा निर्माणको काम भइरहेको छ ।'

तिवारीका अनुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्थाले वार्षिक खर्च गर्ने बजेट ठुलो रहे पनि पारिदर्शितामा प्रश्न उठ्ने गरेको बताए । 'अब बन्ने ऐनले त्यसलाई सम्बोधन गर्नेछ,' उनले भने ।

विशेष गरी राष्ट्रिय निर्देशन ऐन, ०१८ अन्तर्गत दर्ता भएका गैरसरकारी संस्थामा पारदर्शिताको अभाव रहेको मानिन्छ । उनीहरूले न संस्थाको आवधिक नवीकरण गर्छन्, न दातृ निकायबाट आर्थिक सहायता लिँदा नेपाल सरकारको आधिकारिक निकायबाट स्वीकृति नै लिन्छन् ।

मनोमानी ढंगले आर्थिक सहायता लिने र त्यसको जवाफदेहितामा नै प्रश्न उठेपछि त्यस्ता गतिविधि नियन्त्रण गर्न सरकारले अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, ०७६ नै जारी गरेको थियो । जसमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले सहायता रकम परिचालन गर्दा प्रचलित कानुनबमोजिम समाज कल्याण परिषद्बाट नै स्वीकृति लिनु व्यवस्था छ । र, त्यसको विवरण अर्थ मन्त्रालयको सूचना प्रणालीमा समावेश हुनुपर्नेछ । यसको कार्यान्वयन भने कमजोर छ ।

यस्तो ऐनअन्तर्गत नेपाल पत्रकार महासंघ, गाउँपालिका महासंघ, नगरपालिका संघ, नेपाल बार एसोसिएसन, उद्योग वाणिज्य महासंघ, नेपाल बाल संगठनलगायतका संघ-संस्था यसअन्तर्गत पर्छन् । त्यस्तै, यो सूचीमा संस्था ऐन, ०६३ अनुसार दर्ता भएका संस्था पनि रहेका छन् ।

राष्ट्रिय गैरसरकारी संस्था महासंघका अध्यक्ष अर्जुन भट्टराईले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्थाले दातृ निकायबाट आर्थिक सहायता लिँदा सरकारको स्वीकृति लिनुपर्ने विषय सही भएको, तर ऐन निर्माणमा गृहको संलग्नता ठिक नभएको बताए । 'मुलुकभित्र दर्ता भएका जुनसुकै संघ-संस्थाले दातृ निकायबाट आर्थिक वा जिन्सी सहायता लिँदा नेपाल सरकारको स्वीकृति लिनुपर्छ । यस्ता सहयोग मुलुकको ट्रेजरीमा आउनुपर्छ । अब बन्ने ऐनमा यस्तो व्यवस्था हुनुपर्नेमा विवाद रहेन,' उनले भने, 'तर, ऐन महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले गर्नुपर्थ्यो । किनकि सबै किसिमका गैरसरकारी संघ-संस्था सोही मन्त्रालयअन्तर्गत छन् ।'

समाज कल्याण परिषद्का पूर्वकानुनी सल्लाहकार विश्व भण्डारीले गैरसरकारी संस्थामा आर्थिक पारदर्शिता नभएको र कारबाही गर्न विद्यमान कानुन पर्याप्त नभएको हुँदा नयाँ कानुन निर्माण आवश्यक रहेको बताए । 'समाज कल्याण परिषद् ऐनले दर्ता भएका एनजिओ र आइएनजिओले गरेका गतिविधिको अनुमगन गर्न भन्छ । जसले कार्यक्रमका लागि एप्रुभल दिन्छ, उसैले अनुगमन गर्दा कति पारदर्शी होला,' उनले भने, 'संघ-संस्था र परिषद् दुवैलाई कस्न जरुरी छ । त्यसका लागि नयाँ ऐन आवश्यक छ ।'

बजेट पारदर्शी बनाउन छुट्टै सफ्टवेयरको तयारी

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्थाबाट परिचालन हुने वार्षिक बजेट पारदर्शी बनाउन गृहले छुट्टै सफ्टवेयर कार्यान्वयनमा ल्याउने तयारी गरेको छ । गृहका अनुसार सफ्टवेयर मुलुकका ७७ वटै जिल्लामा प्रयोगमा ल्याइनेछ । 'गैरसरकारी संघ-संस्थाको विवरण एकीकृत गर्न छुट्टै सफ्टवेयर कार्यान्वयनमा ल्याउने तयारीमा गृह छ । यसले संघ-संस्थाको आर्थिक पाटो मात्र नभए आवश्यक सबै विवरण एकीकृत गर्नेछ । उनीहरूले गरेका गतिविधिलाई समेत यसले अनुगमन गर्नेछ,' उनले भने ।

■ निजामती विधेयक टुंग्याउने चरणमा राज्य व्यवस्था समिति

फौजदारी कसुरमा दोषी कर्मचारीलाई पेन्सन नदिइने 'कुलिङ पिरियड'बारे सहमति जुट्न बाँकी



● **रामहरि खतिवडा,** सभापति, राज्य व्यवस्था तथा सुशासन समिति

हामी धेरै कुरामा नजिक पुगेका छौं। विमति रहेका प्रमुख विषयहरू ट्रेड युनियन, अन्तरप्रदेश सरुवा, भ्रष्टाचार मुद्दामा पेन्सन रोकिनेलगायत विषयमा सहमतिमा पुगेका छौं।



सुवास भट्ट/नयाँ पत्रिका

लामो समयदेखि पेचिलो बनेको संघीय निजामती सेवा विधेयक टुंगिने चरणमा पुगेको छ। संसद्को राज्य व्यवस्था तथा सुशासन समितिले दर्जनौं छलफलपछि विधेयकउपर मोटामोटी सहमति जुटाएको छ। आगामी १२ वैशाखका लागि आह्वान गरिएको संसद् अधिवेशनमै विधेयकलाई अघि बढाउने तयारी समितिले गरेको छ।

लामो छलफलपछि विधेयक लगभग सहमतिनजिक पुगेको सोमबारको बैठकमा सभापति रामहरि खतिवडाले बताए। 'हामी धेरै कुरामा नजिक पुगेका छौं,' उनले भने, 'विमति रहेका प्रमुख विषयहरू ट्रेड युनियन, अन्तरप्रदेश सरुवा, भ्रष्टाचार मुद्दामा पेन्सन रोकिनेलगायत विषयमा सहमतिमा पुगेको छौं।' अब धेरै विषय बाँकी नरहेको भन्दै आवश्यक पर्दा केही अनौपचारिक छलफल गर्न सकिने उनले बताए।

१० वैशाखमा समितिको अर्को बैठक डाकिएको छ। त्यही बैठकबाट विधेयकलाई टुंग्याउने तयारी समितिले गरेको छ। सो बैठकमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड पनि सहभागी हुने जानकारी सभापति खतिवडाले दिए। यसअघि प्रधानमन्त्री केपी ओलीसँग पनि भेट्ने तयारी समितिको रहेको उनले बताए। 'अब एकपटक छलफल गरेर अधिवेशनमा लैजाऔं भनेर अनुरोध गर्न चाहन्छु,' खतिवडाले भने, 'केही चित्त नबुझेका कुरा छन् भने त्यसलाई दलगत अडानका रूपमा नलिऔं।'

निजामती विधेयकका सम्बन्धमा समितिले लामो छलफल गरेको छ। भदौयता हालसम्म उपसमितिमा मात्र २२ पटक छलफल गरिएको समितिले जानकारी गराएको छ। विज्ञ, सरोकारवाला, ट्रेड युनियन, मुख्यसचिव, लोकसेवा आयोगदेखि सबै दलका प्रमुख सचेतकसँग समितिले पटक-पटक छलफल गरेको सभापति खतिवडाको भनाइ छ।

फौजदारी कसुरमा दोषी ठहर भएका राष्ट्रसेवकलाई पेन्सन दिनुपर्ने पक्षमा समिति नरहेको सभापति खतिवडाले स्पष्ट पारे। दोहोरो सुविधा रोक्नेबारे विधेयकमा व्यवस्था गरिएको उनले बताए। 'नियुक्ति भएर संवैधानिक आयोगमा जाने, पेन्सन र तलब दुवै लिने पद्धतिलाई अन्त्य गर्नुपर्छ,' उनले भने, 'एउटा मात्र सुविधा छनोट गर्नुपर्छ। दोहोरो सुविधा लिएको पाइए सरकारी बाँकीसरह असुल गरिने व्यवस्था विधेयकमा गरिएको छ।'

समायोजन भएर तल्लो तहमा पुगेका कर्मचारीलाई दोहोरो सहमतिका आधारमा अन्तरप्रदेश र अन्तरस्थानीय तहमा सरुवा गर्न सकिने व्यवस्थाबारे पनि समितिले सहमति कायम गरेको छ। यस विषयमा आवश्यक विषय मिलाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र कानुन मन्त्रालयलाई जिम्मा दिइएको छ।

कुलिङ पिरियड रहनुपर्छ भन्ने पक्षमा आफू स्वयं पनि रहेको खतिवडाले बताए। यद्यपि, यसको अधिकार पूर्ण समितिलाई नै दिइने उनको भनाइ छ। कुलिङ पिरियड आवश्यक भएको र यसबारे समितिको निर्णय नै अन्तिम हुने उनले बताए। 'निजामती कर्मचारी सेटिङमा नियुक्ति हुने परम्परा बस्यो भन्ने व्यापक गुनासो छ,' उनले भने, 'अब पनि यसलाई नियन्त्रण गर्न नसके अप्ठ्यारो हुन्छ।' कुलिङ पिरियडलाई सहमतिबाट टुंग्याइने सभापति खतिवडाले बताए।

कांग्रेस सांसद हृदयराम थानीले कुलिङ पिरियड दुई वर्षको हुनुपर्ने बताए। निजामती ऐन कर्मचारीमैत्री बनाउनुपर्ने र उनीहरूको मागलाई ऐनमा समेट्नुपर्ने उनको भनाइ थियो। माओवादी सांसद हितराज पाण्डेले १२ वैशाखदेखि संसद् भएकाले त्यसैमा विधेयकलाई अघि बढाउनुपर्ने बताए। कांग्रेस सांसद सरिता प्रसाईले न्यायाधीश र राजदूतलाई कुलिङ पिरियड नलाग्ने विभेदकारी व्यवस्था गर्न नहुने धारणा व्यक्त गरिन्। कर्मचारीमा अत्यधिक भत्ता खाने प्रवृत्ति रहेको भन्दै त्यसलाई नियन्त्रण गर्नुपर्ने पनि उनको भनाइ थियो। सांसद अम्बिका बस्नेतले दोहोरो सुविधा रोक्नुपर्ने बताइन्।

एमाले सांसद रघुजी पन्तले विधेयकउपर लामो छलफलपछि उपसमितिले प्रतिवेदन दिएको भन्दै समितिले आवश्यक निर्णय गर्न सक्ने बताए। उपसमितिले भ्रष्टाचारीलाई जोगाउन खोजेको भन्ने आरोपको कडा खण्डन गरे। कुलिङ पिरियडबाहेक अन्य विषयमा खासै विवाद नरहेको भन्दै अब विधेयक टुंग्याउने गरी जानुपर्ने उपसमिति संयोजक दिलेन्द्रप्रसाद बडूले बताए।

■ अवकाशपछि लाभको पदमा रहेका पदाधिकारीले तलब सुविधा र निवृत्तिभरणमध्ये एक मात्र लिन पाउने

अवकाशपछि लाभको पदमा रहेका पदाधिकारीले दोहोरो सुविधा लिन नपाउने गरी निजामती सेवा ऐनमा व्यवस्था गर्न लागिएको छ। उपसमितिले पूर्ण समितिमा गत १२ चैतमा बुझाएको प्रतिवेदनको बुँदा ३१ मा यससम्बन्धी व्यवस्था गरेको छ। मूल विधेयकको दफा ६८ मा नयाँ व्यवस्था गरेर दोहोरो सुविधालाई रोक्ने गरी उपसमितिले प्रतिवेदन दिएको हो। दफामा भनिएको छ, 'निजामती सेवा वा अन्य सरकारी सेवाबाट अवकाश भई निवृत्तिभरण प्राप्त गरेका व्यक्ति राज्यको कुनै लाभको पदमा नियुक्त भएमा सो अवधिभर निजले उक्त पदको मासिक तलब वा निवृत्तिभरणमध्ये एक मात्र छनोट गरी लिनुपर्नेछ।' यो व्यवस्थाअनुसार अवकाशपछि कुनै राजनीतिक नियुक्ति पाएको संवैधानिक वा अन्य पदाधिकारीले नियुक्तिको पदमा बहाल रहेको अवधिभर पेन्सन वा पदको सुविधामध्ये एउटा मात्र पाउँछ। यस व्यवस्थाविपरीत कसैले दोहोरो सुविधा लिएको पाइएमा त्यसरी लिएको सुविधा सरकारी बाँकीसरह असुलउपर गर्ने व्यवस्था पनि प्रस्ताव गरिएको छ।

दोहोरो सुविधा लिन नपाउने विषयलाई हाल कुनै पनि ऐनले बन्देज गरेको छैन। कानुनले नरोकेकाले दोहोरो सुविधा लिएर राजनीतिक नियुक्तिका पदाधिकारीले सरकारी कोषको दुरुपयोग गरिरहेका छन्। दोहोरो सुविधा लिने कुरा नैतिक रूपमा गलत भए पनि पदाधिकारीले यसको पालना गरेका छैनन्।

दोहोरो सुविधाको विकृति बढेपछि १० वर्षअघि सरकारले मन्त्रिपरिषद्बाटै रोक्ने निर्णय गरेको थियो। ८ माघ ०७२ को मन्त्रिपरिषद् बैठकको निर्णयमा 'सार्वजनिक लाभको पदमा अथवा सरकारी सेवामा मासिक पारिश्रमिक पाउने गरी नयाँ नियुक्ति हुने पदाधिकारीले एक महिनाभित्र र हाल बहाल रहेको पदाधिकारीले यो निर्णय भएको मितिले एक महिनाभित्र मासिक पारिश्रमिक वा निवृत्तिभरणमध्ये जुन बढी हुन्छ, सो रोजेर लिने र सो कुराको जानकारी नियुक्ति भएको सम्बन्धित निकायमार्फत निवृत्तिभरण व्यवस्थापन कार्यालयलाई दिई अभिलेख राख्ने व्यवस्था मिलाउने' उल्लेख छ।

सार्वजनिक लाभको पदमा बहाल रहुन्जेल कुनै पदाधिकारीले पारिश्रमिक र निवृत्तिभरणको दोहोरो सुविधा उपभोग गरिसकेको रहेछ भने यी दुईमध्ये कुनै एक सुविधा बापत प्राप्त गरेको रकम सरकारी कोषमा दाखिला गरिसकेपछि मात्र निवृत्तिभरण अधिकार पत्र जारी गर्ने पनि मन्त्रिपरिषद्को सोही निर्णयमा उल्लेख छ। यसअघि सामान्य प्रशासन मन्त्रालयले ०६१ मै उच्च पदाधिकारीलाई तलब र पेन्सन एकैपटक नलिन मन्त्रीस्तरीय निर्णय नै गरेको थियो। सामाजिक सुरक्षा कार्यक्रम कार्यविधि, ०६९ मा दोहोरो सुविधा लिन नहुने व्यवस्था गरिएको थियो। मन्त्रालय, कार्यविधि हुँदै मन्त्रिपरिषद्ले निर्णय गर्दा पनि दोहोरो सुविधाको बेथिति रोकिएको छैन।

करारका अमिनको तीन करोड २९ लाख गैरकानुनी सम्पत्ति



काठमाडौं/ काठमाडौं उपत्यका विकास प्राधिकरणमा करारमा कार्यरत कर्मचारीको तीन करोड २९ लाख रुपैयाँ गैरकानुनी सम्पत्ति भेटिएको छ। स्रोत नखुलेको गैरकानुनी सम्पत्ति भेटिएपछि प्राधिकरणको काठमाडौं जिल्ला आयुक्तको कार्यालयद्वारा सञ्चालित बागमती नगर जग्गा एकीकरण आयोजना गौरीघाटमा करारमा कार्यरत अमिन दिनेशप्रसाद यादवविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सोमबार विशेष अदालतमा मुद्दा दायर गरेको छ।

यादव करारमा सेवा प्रवेश गरेको मिति ८ भदौ ०६३ देखि ३० असार ०८१ सम्मको अवधिको आम्दानी र खर्चको अख्तियारले लेखाजोखा र हिसाब गरेको थियो। जाँच अवधिमा उनले तलबी पारिश्रमिक आय, भत्ता, नागरिक लगानी कोषबाट फिर्ता आएको रकम, आवास कर्जा, कृषि आय, गाडी, घर र जग्गा बिक्रीबाट प्राप्त रकम, सापटी लिएको तथा पत्नीसहित प्राप्त गरेको बैंकको ब्याज रकमसमेतबाट वैध आम्दानी गरेको देखिएको अख्तियारले जनाएको छ। यो वैध आय दुई करोड ४२ लाख २० हजार ३०१ रुपैयाँ देखिएको आरोपपत्रमा उल्लेख छ।

यादवबाट बिगो जफत प्रयोजनका लागि अख्तियारले पत्नी अमृतालाई पनि प्रतिवादी कायम गरेको छ

परीक्षण अवधिमा यादवले गरेको खर्चको हिसाब पनि अख्तियारले गरेको छ। त्यसमा आवास कर्जा तिरेको रकम, गरगहना खरिद, घर निर्माण, जग्गा खरिद, बैंक मौज्दात, सेयर खरिद, शैक्षिक खर्च, सवारीसाधन खरिद, ऋण सापटी तिरेको, सापटी दिएको, सामाजिक खर्च र पुँजीगत लाभकर तिरेको रकमका शीर्षक छन्। यी सबै शीर्षकमा गरेर कुल पाँच करोड ७१ लाख ६६ हजार रुपैयाँ खर्च देखिएको छ।

कुल आय रकममा कुल व्यय रकम घटाउँदा आउने तीन करोड २९ लाख ४५ हजार ७०२ रुपैयाँको गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरेको पुष्टि हुन आएको अख्तियारको दाबी छ। सोही रकमलाई बिगो कायम गरेर अख्तियारले यादवविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको हो। उनले गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति र सोबाट बढे-बढाएको सम्पत्ति पत्नी अमृताकुमारी यादवको नाममा राखेको देखिएको अख्तियारको आरोपपत्रमा उल्लेख छ। यादवबाट बिगो जफत प्रयोजनका लागि अख्तियारले पत्नी अमृतालाई पनि प्रतिवादी कायम गरेको छ।

संक्षेप

बाल अस्पताललाई आचार्यले दिइन् एक करोड

काठमाडौं/ उद्यमी तथा अभियन्ता प्रमिला रिजाल आचार्यले डा. भगवान कोइरालाको नेतृत्वमा बन्न लागेको बाल अस्पतालका लागि एक करोड सहयोग गरेकी छिन्। महिला सशक्तीकरण र समतामूलक समाजको उन्नयनका लागि वकालत गर्दै आएकी आचार्यले काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थ (केआइओसिएच) का संस्थापक कोइरालालाई सोमबार एक करोड रुपैयाँको चेक प्रदान गरेकी हुन्। आचार्यले कोइरालाको यस्तो पहलकदमीलाई समर्थन र सहयोग गर्नुपर्ने ठानेर आफूले सहयोग गरेको बताइन्। कोइरालाको नेतृत्वमा काठमाडौंसहित सातवटै प्रदेशमा काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थ अस्पताल बन्न लागेको छ। आचार्य दक्षिण एसियाली महिला विकास मञ्च (एसएडब्लुएफ) की निवर्तमान अध्यक्ष हुन्। महिला सशक्तीकरणमा योगदान पुऱ्याएबापत उनी विभिन्न पुरस्कारबाट सम्मानितसमेत भइसकेकी छन्।

गीतकार ढुंगेल सम्मानित



काठमाडौं/ गीतकार सुभाषचन्द्र ढुंगेल सम्मानित भएका छन्। नवौं भक्तपुर औद्योगिक सांस्कृतिक, पर्यटन, कृषि तथा व्यापार महोत्सवको समापन समारोहमा सोमबार उनी सम्मानित भएका हुन्। 'चोट के हो व्यथा के हो,' 'जति चोट दिन्छ्यौ देऊ मायालु,' 'फूल झरे पनि काँडा झर्दैन' लगायत दर्जनौं गीतका सर्जक गीतकार ढुंगेललाई औद्योगिक शान्ति नेपाल संस्था र मध्यपुर ब्वाइज ब्यान्डले नगद र कदर पत्रसहित सम्मान गरेको हो। सूर्यविनायक नगरपालिका प्रमुख वासुदेव थापाले ढुंगेल नगर र जिल्लाको मात्र नभई देशकै गहना भएको बताए। उनले सम्मानको संस्कृतिलाई निरन्तरता दिएकोमा आयोजकलाई धन्यवाद दिएका थिए। २८ चैतदेखि भक्तपुरको सल्लाघारीमा भएको महोत्सवमा तीन लाखभन्दा बढी मानिसले अवलोकन गरेका र दुई करोडभन्दा बढीको कारोबार भएको महोत्सव संयोजक दीपक थापाले बताए।

सुत्केरी बेथा लागेकी महिलाको उद्धार

कालिकोट/ कालिकोटको नरहरिनाथ गाउँपालिकाको माल्कोटमा सुत्केरी बेथा लागेकी एक महिलालाई हेलिकोप्टरमार्फत उद्धार गरिएको छ। नरहरिनाथ गाउँपालिका-७ की ३० वर्षीया घुमिसरा शाहीलाई उद्धार गरिएको हो। सुत्केरी बेथा लागेको लामो समयसम्म सुत्केरी हुन नसकेपछि हेलिकोप्टरमार्फत उद्धार गरेर शाहीलाई सुर्खेत पठाइएको नरहरिनाथ गाउँपालिकाका अध्यक्ष नगेन्द्रबहादुर विष्टले बताए। सुत्केरी बेथा लागेकी उनलाई सोमबार राति ४ बजे माल्कोट स्वास्थ्य चौकीमा पुऱ्याइएको थियो। त्यहाँ सुत्केरी हुन नसकेपछि र अवस्था जटिल बन्दै गएपछि राष्ट्रपति महिला उत्थान कार्यक्रममार्फत हेलिकोप्टरद्वारा उद्धार गरिएको हो।

■ कम्युनिस्ट पार्टी स्थापनाको ७६ वर्ष

अलग–अलग मनाउँदै एमाले र एकीकृत समाजवादी

नयाँ पत्रिका

कम्युनिस्ट घटकहरूले छुट्टाछुट्टै कार्यक्रम गरी नेपाल कम्युनिस्ट पार्टी (नेकपा) स्थापना दिवस मनाउँदै छन्। एमाले, एकीकृत समाजवादी, नेकपालगायतले स्थापना दिवसको अवसरमा मंगलबार काठमाडौंसहित जिल्ला-जिल्लामा पनि कार्यक्रम आयोजना गरेका छन्। माओवादीले भने औपचारिक कार्यक्रम राखेको छैन।

लेनिन जयन्तीको अवसर पारेर पुष्पलाल श्रेष्ठको अगुवाइमा २२ अप्रिल १९४९ मा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएको थियो। पुष्पलालसहित नरबहादुर कर्माचार्य, निरञ्जनगोविन्द वैद्य, नारायणविलास श्रेष्ठ र मोतीदेवी श्रेष्ठ कम्युनिष्ट पार्टीका संस्थापक हुन्।

निरंकुश शासन अन्त्य, जनताको पूर्ण नागरिक स्वतन्त्रता प्रत्याभूति, किसान तथा मजदुरको अधिकारका लागि किसान मजदुरकै सरकार गठन, सामन्तवाद साम्राज्यवादविरोधी नवप्रजातन्त्रका लागि कम्युनिस्ट पार्टी स्थापना भएको घोषणा गरिएको थियो। सामन्तवाद एवं साम्राज्यवादविरोधी नयाँ जनवादी क्रान्ति, किसान र मजदुरको नेतृत्वमा निर्वाचित सरकार, संविधानसभाबाट संविधान निर्माण, क्रान्तिकारी भूमिसुधार, श्रमिक एवं किसानको अधिकारको सुनिश्चितता, स्वाधीन अर्थतन्त्र निर्माण र सर्वसुलभ शिक्षाजस्ता आधारभूत विषय प्रथम घोषणापत्रमा उल्लेख गरिएको थियो।

७६ वर्ष अवधिमा कम्युनिस्टहरू पहिलोपटक ०१७ मा तत्कालीन राजा महेन्द्रको कदमलाई लिएर फुटेका थिए। त्यसपछि विभाजनको शृंखला चल्दै आएको छ। ०७४ को आमनिर्वाचनमा एमाले र माओवादीबिच वाम गठबन्धन बनाएर चुनाव लड्दा झन्डै दुईतिहाइ सिट जितेको थियो। दुई पार्टी एक भएर नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बने पनि लामो समय टिक्न सकेन। हाल देशमा दर्जनौं संख्यामा कम्युनिस्ट पार्टी छन्। मुख्य दुई धार छन्। एउटा धार, झापा विद्रोहबाट माले हुँदै एमाले र एकीकृत समाजवादीसम्म आइपुगेको छ। अर्को धार, चौथो महाधिवेशन हुँदै माओवादीसम्म आइपुगेको छ। माओवादी धार पनि विभिन्न समूहमा विभाजित छ। एमाले, माओवादी, एकीकृत समाजवादीसँगै जनमोर्चा र नेमकिपा संसद्मा छन्। नेकपा, क्रान्तिकारी माओवादी, मालेलगायत थुप्रै कम्युनिस्ट दल संसद्बाहिर छन्।

राजनीतिक विश्लेषक राजेन्द्र महर्जन कम्युनिस्ट नीति, सिद्धान्त, विचार र कार्यदिशाबाट टाढिएपछि 'कम्युनिस्ट' नामको 'साइन बोर्ड' र 'ट्रेड मार्क' मात्र बाँकी रहेको बताउँछन्। 'अहिलेका कम्युनिस्ट नामधारी पार्टीमा कम्युनिस्ट सिद्धान्त र आचरण शून्य छ। कम्युनिस्ट मूल्य, मान्यता र आचरण नै बाँकी नरहेपछि दलहरू स्थापनाकालीन सपनासित नजिक हुने सम्भावना पनि बाँकी रहँदैन,' उनले भने, 'कम्युनिस्ट पार्टीहरूको नेतृत्व तहमा पुग्ने नेताहरूले बिस्तारै सामूहिक नेतृत्व समाप्त गरी एकल नेतृत्व स्थापित गर्दै जान्छन्। यसले पार्टीभित्र टुटफुटलाई मलजल गर्छ। कम्युनिस्ट साइन बोर्ड राखेर पनि नेतृत्वमा पुँजीवादी चरित्र हाबी हुँदै गएपछि पार्टीहरूलाई जुट्नभन्दा फुट्नै सजिलो हुने गरेको देखिन्छ।'



एमालेले नेकपा स्थापनाको ७६ वर्षगाँठको अवसरमा सात नेतालाई 'कम्युनिस्ट योद्धा' सम्मानबाट सम्मानित गर्दै छ। लालबहादुर विश्वकर्मा कञ्चनपुर, रत्न शर्मा न्यौपाने जाजरकोट (मरणोपरान्त), शोभाराम बस्नेत दाङ, वाचस्पति देवकोटा गोखरा, शान्ता मानवी काठमाडौं, सत्यनारायण मण्डल सप्तरी र हरिचरण सिवाकोटी झापालाई कम्युनिस्ट योद्धा सम्मानबाट सम्मानित गर्ने उपमहासचिव प्रदीप ज्ञवालीले बताए।

माओवादीले भने औपचारिक कार्यक्रम राखेको छैन। माओवादी उपाध्यक्ष एवं प्रवक्ता अग्नि सापकोटाले औपचारिक कार्यक्रम नभएको बताए।

एकीकृत समाजवादीले कम्युनिस्ट पार्टीको स्थापना दिवसको सन्दर्भ पारेर मंगलबार राजधानीमा विचार गोष्ठी आयोजना गरेको छ। अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, सम्मानित नेता तथा पूर्वप्रधानमन्त्री झलनाथ खनाललगायत नेताले सम्बोधन गर्ने उपाध्यक्ष एवं प्रचार विभाग प्रमुख प्रकाश ज्वालाले बताए। नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपाले बृहत् ध्रुवीकरण कार्यक्रम आयोजना गरेको छ।

बढ्दो अव्यवस्थित सहरीकरणले विश्वमै समस्या ल्यायो : परराष्ट्रमन्त्री

नयाँ पत्रिका



परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले बढ्दो अव्यवस्थित सहरीकरणले विश्वमै समस्या ल्याएको र एसिया तथा प्रशान्त क्षेत्र पनि यसबाट प्रभावित हुनुपरेको बताएकी छन्। थाइल्यान्डको बैंककमा सोमबार सुरु संयुक्त राष्ट्रसंघीय एसिया तथा प्रशान्त क्षेत्रीय आर्थिक तथा सामाजिक आयोग (युएनस्केप) को ८१औं सत्रमा उनले भोलिको पुस्ता र पृथ्वीकै सुरक्षा सुनिश्चित गर्नुपर्ने बताइन्।

राणाले समग्र पृथ्वीकै सुरक्षालाई सुनिश्चित गर्न नेपालले पनि यस क्षेत्रमा कदम चालिरहेको बताइन्। नेपालले आयोजना गर्न लागेको सगरमाथा संवादमार्फत् जलवायु परिवर्तनको अवस्था र यसका चुनौतीको समाधानका लागि पहल गर्ने परराष्ट्रमन्त्रीको भनाइ थियो।

एसिया तथा प्रशान्त क्षेत्रमा वित्तीय जोखिम र सीमा, दिगो पूर्वाधारमा लगानीको अभाव, व्यापारको खण्डीकरण र संरक्षणवादी प्रवृत्ति, डिजिटल डिभाइडजस्ता समस्या देखिएको उनले बताइन्। डिजिटल डिभाइडका कारण सहरी र ग्रामीण समुदायबिचको सम्बन्धमा ठुलो खाडल पैदा भएकाले यसको सम्बोधन नगर्ने हो भने असमानता बढेर समावेशी वृद्धिलाई नै अवरुद्ध गर्ने राणाको भनाइ थियो।

उनले एसिया तथा प्रशान्त क्षेत्र जलवायुजन्य विपत्को अग्रपंक्तिमा रहेको उल्लेख गर्दै हाम्रा सहर र समुदाय विनाशकारी बाढी, खडेरी र चरम मौसमी दुर्घटनाको जोखिममा रहेको पनि बताइन्। 'पानीको स्रोत मात्र नभएर जीविकोपार्जन र सभ्यताको आधारका रूपमा रहेका हाम्रा हिमालय जलवायु परिवर्तनको प्रभावबाट अकल्पनीय रूपमा प्रभावित भइरहेका छन्। त्यसैले जलवायु सहनशीलता तथा पूर्वसूचना प्रणालीमा लगानी बढाउनुपर्ने अहिलेको आवश्यकता हो,' परराष्ट्रमन्त्री राणाले भनिन्।

यी सबै समस्या समाधानका लागि क्षेत्रीय एकता र सामूहिक सहकार्य आवश्यक रहेको उनको भनाइ थियो। 'अहिलेको युगमा कुनै पनि मुलुकले यसप्रकारका सबै चुनौती एक्लै समाधान गर्न सक्दैनन्। हाम्रा सामूहिक प्रयासलाई सार्थक बनाउन क्षेत्रीय सहकार्य अपरिहार्य छ,' परराष्ट्रमन्त्रीले भनिन्। उनले नेपाल समावेशी विकास, क्षेत्रीय सहकार्य र संयुक्त राष्ट्र संघका मूल्य-मान्यताप्रति सदैव प्रतिबद्ध रहेको पनि बताइन्।

एसिया र प्रशान्त क्षेत्रमा सहनशील र दिगो सहरी विकास मूल विषय रहेको सत्रमा उनले सहरी क्षेत्रहरू विकास, नवप्रवर्तन र अवसरका इन्जिन रहेको बताइन्। 'तर, योजनाविहीन सहरीकरणले धेरै समस्या निम्त्याइरहेको छ। त्यसैले हामीले ग्राम्रोसँग योजनाबद्ध सहरी विकास गनुपर्छ,' उनले भनिन्।

सहनशील र दिगो सहरी विकासमा जोड दिँदै यसका लागि समावेशी र हरित सहरमा लगानी गर्नुपर्ने उनले बताइन्। सहरबिचको सञ्जालिलाई मजबुत बनाउनुपर्ने, जनसांख्यिक रूपान्तरणका लागि सशक्त योजना बनाउनुपर्ने र विविध स्रोतबाट वित्तीय सहयोगका उपाय अपनाउनुपर्नेमा उनको जोड थियो।

अत्यधिक विषादी पाइएपछि आठ सय ७० किलो काउली नष्ट

सल्यानमा **दीपक शर्मा**

उपभोगका लागि बजारमा लगेको काउलीमा अत्यधिक विषादीको मात्रा देखिएपछि आठ सय ७० किलो काउली नष्ट गरिएको छ। सल्यानबाट सुर्खेत लिएको तरकारी खान अयोग्य रहेको भन्दै विषादी अवशेषण द्रुत विश्लेषण प्रयोगशाला एकाइ सुर्खेतले सोमबार काउली नष्ट गरेको हो। विषादी अवशेषण द्रुत विश्लेषण प्रयोगशाला एकाइका नायव प्राविधिक धनसिङ धामीका अनुसार तरकारीमा ९९ दशमलव ३४ प्रतिशत विषादी पाइएपछि नष्ट गरिएको छ।

नष्ट गरिएको काउलीमा ९९ दशमलव ३४ प्रतिशत अर्गानोफस्फेट समूहको विषादीको मात्रा देखिएको उनले बताए। धामीका अनुसार सामान्यतया कुनै पनि तरकारीमा कार्बामेट र अर्गानोफस्फेट समूहको विषादी मात्रा ३५ प्रतिशतभन्दा कम भए खानयोग्य हुन्छ। ३५ प्रतिशतदेखि ४५ प्रतिशत भएमा केही दिन क्वारेन्टाइमा राख्ने र ४५ प्रतिशतभन्दा बढी देखिएमा विसर्जन गर्नुपर्ने हुन्छ।



कपुरकोट गाउँपालिकाका अध्यक्ष दुर्गाबहादुर पुनले विषादी प्रयोगशाला सञ्चालनमा नआउँदा समस्या भएको बताए। 'उत्पादित तरकारी परीक्षण गरेर खान योग्य छ कि छैन भनी परीक्षण गरेर पठाउन हुन्थ्यो, तर प्रयोगशाला सञ्चालनमा नहुँदा अन्योलमा परेको छ,' उनले भने, 'हामीले किसानलाई सचेत गराएकै छौं, तर पनि किसानले विषादी प्रयोग कम गर्न छाडेको देखिएन।'

UAE मा बैदेशिक रोजगार | कम्पनी : WESTERN BAINOONA GROUP FOR GENERAL CONTRACTING L.L.C शहर : UAE

पूर्व स्वीकृत मिति : २०८१/२/२३ चलानी नं. ६०२२०६४० LT. No.: 305746 पुनः विज्ञापन

सि. नं.	कामदारको पद	मात्र संख्या पुरुष	मात्र संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना/ बस्ने सुविधा	करार अवधि
1.	Road Maint. Labour	102	0	स. कामसा दक्ष	800	१८,५७७	क.नि. अनुसार	८ घण्टा	६ दिन	क. नि. अनुसार	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा मिति २०८२ बैशाख १६ गते (29 Apr. 2025) मा हुने छ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने स्याई जीवन बिमा कस्ले व्यहोर्ने/ कति लाग्ने	रोजगारमा बिमा हुने/बापत र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टयाम्पिड कति लाग्ने र कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदारले व्यहोर्ने	बिमा हुने/ प्रिमियम रोजगारदाताले	रोजगारदाताले दिने	रोजगारदाताले व्यहोर्ने	कामदारले व्यहोर्ने	रु. ७००/- कामदारले तिर्ने	रु. १,४००/- कामदारले तिर्ने	रु. १०,०००/- कामदारले तिर्ने

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १. आफूलाे नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला। आफू कहिंनाहमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४. विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, तथा सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफ्नसँग राख्नुहोला। ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग, चाहरधसमा सम्पर्क गर्नुहोला।

Rainbow Overseas Pvt. Ltd.
Nepal Govt. Labour Lic No 352/ 059/060, Mitrapark-07, Chabahil KTM, Nepal
Phone : 01- 5910277 / 5910278, 9801199802 / 9801199803

कम्युनिस्ट आन्दोलनको ७५ वर्षे समीक्षा

पुष्पलालको अगुवाइमा स्थापित एउटा मात्र नेकपा ७५ वर्षमा आइपुग्दा दर्जनभन्दा बढी टुक्रामा छरिनु कम्युनिस्ट इतिहासकै दुर्भाग्य हो



● प्रेमलकुमार खनाल

अग्रलेख

पुष्पलालको अगुवाइमा ७५ वर्षअघि २२ अप्रिल १९४९ मा लेनिनको जयन्तीको दिन भारतको कलकत्तास्थित श्याम बजारमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएको हो। पार्टी स्थापना गर्दा महासचिवमा पुष्पलाल र सदस्यमा नरबहादुर कर्माचार्य, निरञ्जन गोविन्द वैद्य, नारायणविलास जोशी र मोतीदेवी रहेका थिए। पार्टी स्थापनाको दुई दिनपछि २४ अप्रिलमा नेपाली जनताका नाममा अपिल (पर्चा) प्रकाशित भयो। पर्चामा निरंकुश शासन अन्त्य गर्ने, जनताको पूर्ण नागरिक स्वतन्त्रता प्रत्याभूति गर्ने र किसान तथा मजदुरको अधिकारका लागि किसान मजदुरकै सरकार गठन गर्ने र सामन्तवाद साम्राज्यवादविरोधी नवप्रजातन्त्र ल्याउन कम्युनिस्ट पार्टी स्थापना भएको उल्लेख थियो।

पार्टी स्थापनाको चार महिनापछि १५ सेप्टेम्बर १९४९ मा जारी पार्टीको प्रथम घोषाणपत्रमा नेपाली क्रान्तिको भावी दिशा १२ बुँदामा उल्लेख गरिएको थियो। जसमा सामन्तवाद एवं साम्राज्यवादविरोधी नयाँ जनवादी क्रान्ति, किसान र मजदुरको नेतृत्वमा निर्वाचित सरकार, संविधान सभाबाट संविधान निर्माण, क्रान्तिकारी भूमिसुधार, श्रमिक एवं किसानको अधिकारको सुनिश्चितता, स्वाधीन अर्थतन्त्र निर्माण र सर्वसुलभ शिक्षाजस्ता आधारभूत विषय उल्लेख थिए।

११-१६ असोज विसं. २००८ गतेसम्म सम्पन्न प्रथम सम्मेलनमा महासचिव पुष्पलालद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदनमा मुलुकमा नयाँ जनवादी क्रान्ति गरेर अर्धसामन्ती र अर्धऔपनिवेशिक स्थिति अन्त्य गर्ने नेपाली क्रान्तिको कार्यदिशा उल्लेख गरिएको थियो। २००७ को क्रान्तिबाट १०४ वर्षको जहानियाँ राणाशासन अन्त्य भए पनि दिल्ली सम्झौताले राजा, कांग्रेससँगै राणाको अस्तित्व रहने बाटो तयार गर्‍यो। राजा त्रिभुवन गद्दीमा फर्किए। त्यस वेला त्रिभुवनले संविधानसभाबाट नयाँ संविधान जारी हुने घोषणा गरे। तर, ०१५ सम्म पुग्दा राजा महेन्द्रले संविधानसभालाई तुहाइदिए। ०१४ मा भएको पार्टीको दोस्रो महाधिवेशनमा पुष्पलालले पेस गरेको संविधानसभा र गणतन्त्रको कार्यदिशा पारित भयो। तर, महासचिव भने डा. केशरजंग रायमाझी भए। तर, उनले राजापरस्त नीति लिए। तत्कालीन राजा महेन्द्रले ०१७ मा बहुदलीय व्यवस्थामाथि 'कु' गरी निरंकुश निर्दलीय पञ्चायती व्यवस्था लागू गरे, राजनीतिक दल प्रतिबन्धित भए।

३० वर्ष लामो पञ्चायतविरुद्ध वामपन्थी र कांग्रेसले भूमिगत संघर्ष गरे। ०४६ मा ऐतिहासिक जनआन्दोलन भयो, पञ्चायती व्यवस्था ढल्यो र ०४७ मा बहुदलीय व्यवस्थाको पुनर्स्थापना भयो। ०५२ यता माओवादीको नेतृत्वमा एक दशक लामो सशस्त्र संघर्ष भयो। ०५८ मा राजा वीरेन्द्रको परिवारसहित दरबारभित्रै हत्या भएपछि ज्ञानेन्द्र राजा भए। उनले ०५९ मा सत्ता आफ्नो हातमा लिए। सशस्त्र संघर्ष गरिरहेको माओवादी, एमालेलगायत वामपन्थी दल र कांग्रेससहितका सात राजनीतिक दलबिच १२ मंसिर ०६२ मा १२ बुँदे सहमति भएपछि निरंकुश राजतन्त्र अन्त्य गरी लोकतान्त्रिक गणतन्त्रका लागि ०६२ फागुनदेखि आँधीबेहरीयुक्त शान्तिपूर्ण जनआन्दोलन सुरु भयो। जनआन्दोलन विद्रोहको रूप लिँदै जनक्रान्तिमा परिणत भएपछि अन्ततः ११ वैशाख ०६३ मा राजा ज्ञानेन्द्रले घुँडा टेके र निरंकुश राजतन्त्रको अन्त्यसँगै विघटित प्रतिनिधिसभा पुनर्स्थापित भयो। प्रतिनिधिसभाले राजामा निहित अधिकार कटौतीको घोषणा गर्‍यो। ०६४ मा संविधानसभा निर्वाचन भयो। ०६५ मा संविधानसभाको पहिलो बैठकले निरंकुश राजतन्त्र अन्त्य र गणतन्त्र घोषणा गर्‍यो। पुष्पलालले पार्टी स्थापनाका वेला अगाडि सारेको संविधानसभा र गणतन्त्रको एजेन्डा ०६५ सालमा पूरा भयो। झन्डै सात वर्ष लगाएर दोस्रो संविधानसभाबाट संविधान घोषणा भयो। वामपन्थी दलको सहकार्यबाट जनता सार्वभौम सत्ता सम्पन्न रहने र समाजवादको आधार निर्माण गर्ने संविधान बन्यो।

कम्युनिस्ट पार्टी स्थापना भएको ७५ वर्ष व्यतीत हुँदा नेपाली समाजमा विकास भएको चेतनाको जगले द्वन्द्वात्मक भौतिकवादी एवं मार्क्सवादी विचारलाई सुदृढ गराउँदै लगेको छ। कुल जनसंख्याको झन्डै ६० प्रतिशत बालिगले कम्युनिस्ट पार्टीका नीति, विचार र कार्यक्रमबाट आकर्षित भई निर्वाचनमा वामपन्थी उम्मेदवारलाई मत दिएका छन्। सुरुमा पाँचजनाबाट स्थापित कम्युनिस्ट पार्टीमा आज लाखौँलाख मानिस आबद्ध छन्, यसका साथै युवा, महिला, किसान, मजदुरलगायत पेसागत संगठन र ट्रेड युनियनमा लाखौँ संगठित भएका छन्।

०५१ मा अल्पमतको र ०७४ मा संसद्मा झन्डै दुईतिहाइको विजय हासिल गरी वामपन्थीको सरकार गठन भयो। यसरी वामपन्थीकै नेतृत्वमा नौपटक सरकार गठन भयो। गठबन्धनको हिसाबले बहुदल कालदेखि नै एमाले सरकारमा सामेल हुँदै आएको छ। ०५४ मा त पूर्वपञ्चको पार्टी राप्रपाका लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्री बनाएर एमाले सरकारमा सामेल भएको थियो। यसपछि एमालेले पूर्वपञ्चसँग गरेको चुनावी तालमेलबाट पूर्वपञ्चहरू संसद् भित्र आएर संविधान र गणतन्त्रविरुद्ध गतिविधि गर्दै आएका छन्। एमालेले राजावादी पूर्वपञ्चसँग गठबन्धन गर्नु ठुलो गल्ती थियो। यसबिच छोटै अवधिको भए पनि मनमोहन अधिकारी नेतृत्वको सरकार भने लोकप्रिय रहेको मूल्यांकन गर्न सकिन्छ।



वामपन्थीहरू बहुदल आएपछि संसदीय राजनीतिमा सहभागी भए पनि तिनले संसद्लाई क्रान्तिकारी ढंगबाट उपयोग गर्न सकेनन्। राष्ट्रियताको मामिलामा पनि क्रान्तिकारी दृष्टिकोण राखेर भूमिका निर्वाह गर्न सकेनन्। असमान महाकाली सन्धि, नागरिकता प्रकरण, सार्वजनिक संस्थानको निजीकरण, एमसिसीलगायत विभिन्न विषयमा वामपन्थीले आफूलाई खरो रूपमा उतार्न सकेनन्। क्रान्तिकारी भूमि सुधार, शिक्षा, स्वास्थ्य र खानेपानीमा भएको निजीकरण, युवाको विदेश पलायनमा पनि यिनको धेरथोर अंसियारी छ। वामपन्थीहरूकै कार्यकालमा ठुल्ठुला अनियमितता र भ्रष्टाचार बढेको स्थिति छ। नवउदारवादी पुँजीवादी अर्थनीतिकै 'फ्रेमवर्क'मै भूमिका निर्वाह गरेका कारण वामपन्थीहरू र बुर्जुवा वर्गबिच खासै अन्तर देखिन्न। वामपन्थीहरू जो जनप्रतिनिधि बने वा सरकारमा पुगे उनीहरूमध्ये कतिपयले उत्पादन र रोजगारी बढाउने उद्योगको साटोमा स्कुल, कलेज, अस्पताल, मेनपावर, रियल स्टेटलगायत क्षेत्रमा लगानी गरे। यसकारण पनि शिक्षा र स्वास्थ्य क्षेत्रको निजीकरण र व्यापारीकरण अन्त्य गर्न वामपन्थीले नै चाहिरहेका छैनन्।

पुष्पलालको अगुवाइमा स्थापित एउटा मात्र नेकपा ७५ वर्षपछि आइपुग्दा दर्जनभन्दा बढी टुक्रामा छरिनु कम्युनिस्ट इतिहासकै दुर्भाग्य हो। कम्युनिस्ट पार्टीबिचको विभाजन र अनेकताले वाम आन्दोलनलाई गम्भीर क्षति पुर्‍याएको छ। ०७४ को आमनिर्वाचनमा एमाले र माओवादीबिच वाम गठबन्धन बनाएर चुनाव लड्दा झन्डै दुईतिहाइ जित हासिल भयो। परिणामतः वामपन्थीको एकल बहुमतको सरकार गठन सम्भव भयो। तर, पार्टीको नीति, विचार र कार्यक्रमलाई आत्मसात् गरी सरकार सञ्चालन भएन। उल्टै संविधानविपरीत तत्कालीन प्रधानमन्त्री केपी ओलीले संसद्को दुई-दुईपटक विघटन गरेपछि एमाले र माओवादीबिच एकता भंग भयो र नेकपा नामको एकीकृत पार्टी एमाले र माओवादीकै नाममा अलग भए।

> एकता र सहकार्यका लागि सबै पार्टीभित्र दोस्रो पुस्ताका नेतृत्वले आफूलाई अगाडि ल्याउन सके छरिएका कम्युनिस्ट घटकबिच एकता भई पुष्पलालले स्थापना गरेको एक मात्र कम्युनिस्ट पार्टी निर्माणको दिशामा कम्युनिस्ट आन्दोलनलाई अगाडि बढाउन सकिन्छ

नेपालको कम्युनिस्ट आन्दोलनलाई अब नयाँ कार्यदिशासाथ अगाडि बढाउनुपर्ने युगीन आवश्यकता छ। नेपाली अर्थ-राजनीतिमा हाबी हुँदै गएको दलाल पुँजीवादलाई नियन्त्रण र अन्त्य गरी राष्ट्रिय पुँजी निर्माण गर्नु जरुरी छ। औद्योगिकीकरणको थालनीसँगै स्वाधीन र आत्मनिर्भर अर्थतन्त्र निर्माण गरी मुलुकलाई समाजवादी बाटोमा अगाडि बढाउनुपर्ने ऐतिहासिक दायित्व वामपन्थीसामु आएको छ। नेपालका कम्युनिस्ट पार्टीले अब छुट्टाछुट्टै चुलोचौको बाल्नु आवश्यक छैन। अब माओवादी केन्द्रले माओवादको छुट्टै नाम किन राख्नुपर्‍यो ? एमालेले पुँजीवादी क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवादलाई अब पनि आत्मसात् गरी हिँड्न आवश्यक छैन। विप्लव नेतृत्वको कम्युनिस्ट पार्टी, नेकपा मसालगायत पार्टीले अब समाजवादी क्रान्तिको कार्यक्रम तय गरी अघि बढ्न आवश्यक छ। यसैबिच नेकपा एकीकृत समाजवादीले नेपाली विशेषताको समाजवादी क्रान्तिको कार्यक्रमलाई अगाडि सारिसकेको सन्दर्भमा सही विचार र कार्यक्रमका आधारमा कम्युनिस्ट पार्टीबिच एकताको अत्यन्त खाँचो छ।

तर, सिद्धान्त, विचार, कार्यक्रम र कार्यदिशा समान भएर पनि नेतृत्व व्यवस्थापनका कारण कम्युनिस्टबिच तत्काल एकता हुन नसक्ने तर्क पनि सुनिन्छ। तर, वामपन्थीबिच जसरी भए पनि एकता आवश्यक छ। जति वामपन्थी फुट्दै जान्छन्, त्यति नै बुर्जुवा वर्गले राष्ट्रिय राजनीतिमा पकड कायम गर्छन्। कम्युनिस्ट पार्टीबिच नीति, सिद्धान्त र कार्यक्रमिक प्रतिबद्धताका आधारमा एकताको सम्भावना छ। शीर्ष नेतृत्वमध्ये एकले अर्कालाई स्विकारेर अघि बढ्न सके एकता हुन सहज हुन्छ। तर, एमाले र माओवादीबिच एकतापछिको दुई अध्यक्षको मोडेल पनि स्विकार्न सकिने तर्क पनि सुनिन्छ। तर, यो खालको नेतृत्व व्यवस्थापन सफल हुन सकेन। बरु शीर्ष नेतृत्वले एकले अर्कालाई स्विकार्न नसके पहिलो पुस्ताका शीर्ष नेतृत्व रहेको 'प्रेसिडियम कमिटी' वा 'स्टेयरिङ कमिटी' बनाएर शीर्ष नेतृत्वले अभिभावकत्वको भूमिका निर्वाह गर्ने र दोस्रो पुस्ताको नेतृत्वले पार्टीको दैनिक कार्यकारी सांगठनिक कामको नेतृत्व गर्ने नीति अवलम्बन गर्दा पार्टीभित्र एउटा नयाँपन सिर्जना हुनेछ। यसले राष्ट्रिय राजनीतिमा पनि सकारात्मक सन्देश प्रवाह हुनेछ।

नेतृत्व हस्तान्तरणको प्रश्न उठ्दा पहिलो पुस्ताका नेतृत्वले खोइ कोही पनि तयार छैनन् वा उमेरले छेक्दैन भनेर कार्यकारी नेतृत्वमा रहिरहन लालायित हुने परिपाटीले पनि समस्या उत्पन्न गरेको छ। परिवर्तनको प्रवाहसँगै हिजो नेतृत्व गरेर आएका नेताको काम र भूमिकाले पनि जनता निराश छन्। तसर्थ, वैचारिक र सैद्धान्तिक एकता तथा नेतृत्व व्यवस्थापनलाई नयाँ ढंगबाट सोच्ने हो भने कम्युनिस्ट पार्टीबिच ध्रुवीकरण र एकीकरणको आवश्यकता छ। एकता र सहकार्यका लागि सबै पार्टीभित्र दोस्रो पुस्ताका नेतृत्वले आफूलाई अगाडि ल्याउन सके छरिएका कम्युनिस्ट घटकबिच एकता भई पुष्पलालले स्थापना गरेको एक मात्र कम्युनिस्ट पार्टी निर्माणको दिशामा कम्युनिस्ट आन्दोलनलाई अगाडि बढाउन सकिन्छ।

अन्त्यमा , कम्युनिस्ट पार्टीबिच मार्क्सवाद लेनिनवादको आलोकमा समाजवादी क्रान्तिको कार्यक्रम तयार गरी यसका आधारमा सहकार्य र एकता गर्न आवश्यक छ। वामपन्थीहरू एकताबद्ध भएनन् भने अल्पमतमा रहेका बुर्जुवा वर्गले नै सत्ताको नेतृत्व गर्नेछन्। यसबाट मुलुक झनै दुरुह अवस्थामा धकेलिनेछ। तसर्थ एकताबद्ध कम्युनिस्ट पार्टीका माध्यमबाट निर्वाचनमा विजय हासिल गरी सरकारको नेतृत्व गर्दै मुलुकमा आर्थिक-सामाजिक रूपान्तरण र विकास गरेर समाजवादी क्रान्ति सफल पारी मुलुकमा समाजवाद स्थापना गर्ने महान् अभियानमा वामपन्थी सामेल हुनुपर्छ।

(खनाल नेकपा (एकीकृत समाजवादी) का पोलिटब्युरो सदस्य हुन्)

---

३ प्रश्न

राजनीतिक विश्लेषक **राजेन्द्र महर्जन**लाई



स्थापनाको ७५ वर्षपछि आइपुग्दा कम्युनिस्ट पार्टीहरू स्थापनाकालीन मूल्य, मान्यताबाट टाढा वा नजिक कता छन् ?

कम्युनिस्ट विचार र सिद्धान्तबाट प्रतिबद्ध पुष्पलाल र उहाँको टिमको सपनाबाट आजको कम्युनिस्ट नामधारी दलहरू धेरै टाढा पुगिसकेका छन्। कम्युनिस्ट नीति, सिद्धान्त, विचार र कार्यदिशाबाट टाढिएपछि 'कम्युनिस्ट' नामको 'साइन बोर्ड' र 'ट्रेड मार्क' मात्र बाँकी रहन्छन्। त्यसैले, अहिलेका कम्युनिस्ट नामधारी पार्टीहरूमा कम्युनिस्ट सिद्धान्त र आचरण शून्य छ। कम्युनिस्ट मूल्य, मान्यता र आचारण नै बाँकी नरहेपछि दलहरू स्थापनाकालीन सपनासित नजिक हुने सम्भावना पनि बाँकी रहँदैन।

सिद्धान्त, विचार, नीति, कार्यदिशा आदि एउटै भएर पनि कम्युनिस्ट पार्टीलाई जुट्नभन्दा फुट्न किन सजिलो भएको होला ?

समूहमा विश्वास गर्ने कम्युनिस्टहरूले सामूहिक नेतृत्व स्थापित गर्छन् भन्ने मानिन्छ। तर, कम्युनिस्ट पार्टीहरूको नेतृत्व तहमा पुग्ने नेताहरूले बिस्तारै सामूहिक नेतृत्व समाप्त गरी एकल नेतृत्व स्थापित गर्दै जान्छन्। यसले पार्टीभित्र टुटफुटलाई मलजल गर्छ। कम्युनिस्ट साइन बोर्ड राखेर पनि नेतृत्वमा पुँजीवादी चरित्र हाबी हुँदै गएपछि पार्टीहरूलाई जुट्नभन्दा फुट्नै सजिलो हुने गरेको देखिन्छ।

छरिएका कम्युनिस्ट घटकबीच एकताको सम्भावना कति छ ?

कम्युनिस्ट नाममा अलगअलग साइनबोर्ड झुन्ड्याएर खुद्रे पसल थापेर आआफ्नै डम्फु बजाउने बानी परेका नेतृत्वले एकता र सहकार्यको सम्भावनालाई झनै टाढा पुर्‍याउँछन्। त्यसैले, अहिलेका कम्युनिस्ट नामधारी अलगअलग दलहरूमा थोरै मात्र पनि वामपन्थ बाँकी छ भने यिनले न्यूनतम रूपमा केही जनमुखी काम गरिदिए र लोकतन्त्रमाथि भइरहेका अनेकथरीका आक्रमणविरुद्ध सामूहिक रूपमा प्रतिवाद गरिदिए भने त्यसैलाई नै ठुलो उपलब्धि मान्नुपर्ने अवस्था छ।

प्रेरक प्रसंग

सफलताका लागि लगन

एक बालकले एकपटक एक धनाढ्य व्यक्तिलाई देखेपछि उनमा पनि धनी हुने धुन चढ्यो। उनले अरू सबै कामकुरो छाडेर धन कमाउने उपायमा लागे। रहँदाबस्दा उनले राम्रै धन पनि कमाए। यसैबिच उनको भेट एक विद्वान्सित भयो। विद्वान्सितको भेटपछि उनलाई लाग्यो- वास्तविक मान, सम्मान र मजा त विद्वान् बन्नुमा पो रहेछ। त्यस दिनदेखि उनले धन कमाउने काम चटक्कै छाडिदिए र लेखपढमा लागे।

उनले मुस्किलले अक्षरसम्म चिन्न थालेका के थिए, उनको भेट एक चर्चित संगीतज्ञसित भयो। ती संगीतज्ञ आफ्नो देशभर मात्र नभई विदेशमा समेत चर्चित थिए। उनको ऐस, आराम र मानसम्मान देखेपछि उनमा संगीतज्ञ बन्ने भूत सवार भयो। उनले लेखपढको काम चटक्क छाडेर अब संगीत सिक्ने काममा आफ्नो सम्पूर्ण समय दिन थाले। यसो गर्दागर्दै उनको जीवनको लामो समय बितिसकेको थियो। उनी न धनी बन्न सफल भए न त विद्वान् नै बने। संगीतको क्षेत्रमा पनि उनले खासै केही गर्न सकेनन्। आफ्नो अवस्था देख्दा उनी बडो दुःखी भए। आफ्नो दुःखमोचनका लागि उनी एक महात्माको शरणमा पुगे। उनले महात्मासँग आफ्ना बारेमा बताए र आफ्नो दुःखबाट मुक्तिको उपाय बताइदिन अनुरोध गरे। उनको समस्या सुनेपछि महात्मा हल्का मुस्कुराए र भने- बाबु, यो चमकधमकपूर्ण दुनियाँमा तिमी जहाँ-जहाँ पुग्छौ, त्यहाँ कुनै न कुनै आकर्षण पक्कै भेट्छौ। जबसम्म तिमी कुनै एक निश्चित लक्ष्य लिएर त्यसैमा लागिपर्न सक्दैनौ, तबसम्म सफलता तिमीबाट कोसौँ टाढा रहन्छ। तर, जब तिमी कुनै निश्चित लक्ष्य लिएर त्यसैको साधनामा लीन हुन्छौ, तब सफलता तिमीलाई खोज्दै आउनेछ। अन्यथा, निरन्तर लक्ष्य परिवर्तन गरिरह्यौ भने तिमी यो संसारको झमेलामा फसिरहनेछौ र त्यसैको चक्कर काटिरहन बाध्य हुनेछौ। महात्माको उपदेशले उनका आँखा खुले। त्यहाँबाट बिदा भएर घर फर्किए र एउटा निश्चित लक्ष्य बनाएर त्यसैमा साधनारत रहे।



टिप्पणी

nayapatrikaofficial
@naya_patrika

विकास किन सुस्त ?

सूर्यविनायक-धुलिखेल सडक विस्तारको प्रगति आधा समय घर्किंदासम्म ४० प्रतिशत मात्र भएको र पुलको अवस्था शून्यमा रहेको समाचार पढियो। हामीकहाँ विकास निर्माणमा हुने ढिलासुस्तीको उदाहरण यो मात्र होइन। यस्ता अनेकौँ आयोजना लामो समयदेखि अलपत्र अवस्थामै देखिन्छन्। यहाँ कुनै पनि आयोजना म्याद थप नभई पूरा भएको इतिहास खोज्न सायद हम्मे नै पर्ला। भनेजति बजेट हुँदा पनि यस्ता आयोजना किन समयमै सम्पन्न हुँदैनन् ? के अनेक बहानामा ढिलासुस्ती गर्न पाए बजेट बढाएर मोटो रकम कमाउन पाइन्छ भनेर यस्तो ढिलासुस्ती गरिएको हो ? होइन भने ढिलासुस्ती गर्नेलाई जरिवानालगायत कारबाही किन गरिन्न ?

● **सुबोध परियार**, नैकाप, काठमाडौँ

राप्रपाको आन्दोलन केका लागि ?

पछिल्लो समय राजावादी पार्टी राप्रपा सडक आन्दोलनमा देखिन्छ। राजसंस्था पुनर्स्थापनाको माग राखेर आन्दोलन गरिरहेको राप्रपा १५ चैतको हिंसात्मक आन्दोलनपछि अलि हच्चेको देखिन्छ। उसले आइतबारको आन्दोलनलाई पनि सकभर शान्तिपूर्ण बनाउन भरिसक्य प्रयास गरेको देखियो। तर, उसले यो आन्दोलन केका लागि गरिरहेको छ ? उसको लक्ष्य के हो, त्यो प्रस्ट पार्न सकेको देखिन्न। ऊ राजा ल्याउन चाहन्छ कि आफ्ना कार्यकर्ता छुटाउन ? राप्रपाले प्रस्ट पारोस्।

● **प्रभा गौचन**
थापाथली, काठमाडौँ

आन्दोलनको प्रभाव

पछिल्लो समय जारी शिक्षक आन्दोलनका कारण काठमाडौँ महानगरले लिएको कक्षा ८ को बिएलई परीक्षाको ग्रेडवृद्धि परीक्षा स्थगित भएको छ। यसले गर्दा हजारौँ विद्यार्थी प्रभावित भएका छन्। यतिखेर संस्थागत विद्यालयमा नयाँ शैक्षिक सत्र सुरु भइसकेको छ। बिएलई उत्तीर्ण भई कक्षा ९ मा पुगेका विद्यार्थीको पठनपाठन सुरु भइसकेको छ। अहिले ग्रेडवृद्धि परीक्षाको तयारीमा रहेका विद्यार्थी परीक्षा स्थगनसँगै अन्योलमा परेका छन्। यसतर्फ कसले ध्यान दिने ?

● **पार्वती सिटौला**
सामाखुसी, काठमाडौँ

कतिन्जेल गर्नुपर्ने हो आन्दोलन ?

कांग्रेस नेता कृष्ण सिटौलाले आफ्नै पार्टी संलग्न सरकारको कामबाट आफू सन्तुष्ट हुन नसकेको बताएका छन्। उनले मात्र होइन, कांग्रेसका महामन्त्रीद्वयले त उनीभन्दा पनि तिखो आलोचना गरेका छन्। सरकारमै रहेको पार्टीका नेता नै वर्तमान सरकारसँग सन्तुष्ट छैनन् भने आमजनता कसरी सन्तुष्ट होलान् ? फलस्वरूप दिनहुँ सडक तात्न थालेको छ। यतिखेर दुई ठुला दल मिलेर सरकार चलाइरहेका छन्। तैपनि, आमजनतामा आशा बाँड्ने काम उनीहरूले गर्न सकेका छैनन्। यसकारण अहिले सडक अशान्त भएको छ, जनता आक्रोशित छन्।

शिक्षक, चिकित्सक र राजावादीको आन्दोलनलाई त आन्दोलन नै देख्दैन यो सरकार। उसले केवल कुलमान देख्छ, राष्ट्रबैंकको गभर्नर देख्छ, आइजिपी। एआइजिपी कसलाई बनाउने भन्ने मात्र देख्छ। सरकारको काम जनतामा सेवा 'डेलिभरी' गर्ने हो, तर वर्तमान सरकार आफ्नो दायित्व भुलेर केवल प्रतिशोधको राजनीतिमा रमाइरहेको छ। अरूलाई गाली मात्र गरिरहने, प्रतिशोधको राजनीति मात्र गरिरहने हो कि आफू पनि सच्चिने हो ? यही तालमा हिँड्दा गणतन्त्र सफल हुन्छ र सरकार ? किन गणतन्त्रका शासकप्रति जनतामा वितृष्णा बढ्दै छ ? कहाँ चुक्दै छन्, हाम्रा ठुला दल र दलका नेता ? यी प्रश्नको निदान नखोजेसम्म राजतन्त्रवादीको संख्या घट्दैन। सडकको आक्रोश कम हुँदैन, बरु उल्टो बढ्छ। अब पनि गणतन्त्रवादी नेता नसच्चिए उनीहरूसँगै अहिलेको व्यवस्थासमेत भडखालोमा पर्ने निश्चित छ।

● **गोपाल देवकोटा**, चाबहिल, काठमाडौँ
gopaldevkota@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

सय वर्षमा आरएसएस : निरन्तरतामा परिवर्तन

आरएसएसले हिन्दुत्व प्रवर्द्धन मात्र नभई मुसलमानविरुद्ध भय र आक्रोश सिर्जना गरी ध्रुवीकरणको रणनीति पनि अपनाएको छ



देश / विदेश

● क्रिस्टोफ जेफ्रेलो

सन् १९२५ मा केशव बलिराम हेडगेवारले राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) स्थापना गरेका थिए, जसलाई उनले 'हिन्दु राष्ट्को लघुरूप'का रूपमा कल्पना गरेका थिए। सय वर्षपछि आरएसएस एक विशाल संस्था बनेको छ, जसका ७३ हजार एक सय १७ शाखा छन्, जसले ४५ हजार ६ सय स्थानमा उपस्थिति जनाएको छ। यसका सहयोगी संगठनलाई समष्टिमा 'संघ परिवार' भनिन्छ र यी समाजका विभिन्न क्षेत्रमा फैलिएका छन्।

विद्यार्थी संगठन अखिल भारतीय विद्यार्थी परिषद्ले ४५ लाख सदस्य भएको दाबी गर्छ। मजदुर संगठन भारतीय मजदुर संघ देशकै सबैभन्दा ठुलो ट्रेड युनियन बनेको छ, जसका एक करोड सदस्य छन् र भारतीय किसान संघसँग १० लाख सदस्य छन्। आरएसएसको विद्या भारतीले १४ हजार विद्यालय सञ्चालन गरिरहेको छ, जहाँ ७३ हजार शिक्षकले ३२ लाख विद्यार्थीलाई अध्यापन गराउँदै आएका छन्।

संघ परिवारले पछिल्ला वर्षमा नयाँ सामाजिक वर्गमा पनि पहुँच बनाएको छ। सन् १९९२ मा यसले वकिलका लागि अखिल भारतीय अधिवक्ता परिषद् गठन गर्‍यो, जुन अहिले भारतभर सबैभन्दा ठुलो कानुनी संगठन भएको दाबी गरिएको छ। सन् २००१ मा आरएसएसले पूर्वसैनिकका लागि अखिल भारतीय पूर्वसैनिक सेवा परिषद् स्थापना गर्‍यो, जसलाई संघले 'आरक्षित सेना'का रूपमा अगाडि बढायो।

आरएसएसले समाजका धेरै क्षेत्रमा आफ्नो उपस्थिति विस्तार गरेर भित्री रूपमा प्रभाव जमाउने प्रयास गर्दै आएको छ। संघ परिवारको एकता मुख्यतः आरएसएसको साझा प्रशिक्षण र विचारधाराबाट आउँछ र यसलाई जिल्लास्तर र राज्यस्तरमा समन्वय समितिमार्फत कायम राखिन्छ। राष्ट्रियस्तरमा वार्षिक अखिल भारतीय प्रतिनिधिसभामा बैठक हुन्छन्, यद्यपि यसको प्रभावकारिता भने केही घटेको देखिन्छ। आरएसएसको विस्तारका पछाडि केवल हिन्दुत्व प्रवर्द्धन मात्र छैन, यसको विकासले मुसलमान समुदायविरुद्ध भय र आक्रोश सिर्जना गरेर हिन्दु समुदायलाई ध्रुवीकृत गर्ने रणनीति पनि समेटेको छ। यो रणनीति तेस्रो सरसंघचालक (प्रमुख) बालासाहेब देवरसको पालामा बलियो बन्यो, जब उनले १९७९-८० मा जनता पार्टी विघटनपछि आरएसएसले राजनीतिक बहुमतविना आफ्नो एजेन्डा कार्यान्वयन गर्न नसक्ने ठानेर 'हिन्दु भोट बैंक' निर्माणको बाटो रोजे। यसले राम मन्दिर आन्दोलनजस्ता ठुला हिन्दु परिचालन निम्त्यायो।

यस क्रममा आरएसएसले साम्प्रदायिक हिंसाका काम बजरंग दलजस्ता नयाँ समूहलाई 'करार' गरेर सुम्पियो, जसले आरएसएसको सार्वजनिक छविलाई सफा देखाउने प्रयास गर्‍यो। तर, सन् २०१४ पछि यस 'सम्मानजनक' आवरणभित्रको इस्लामद्वेषी हिन्दुत्व खुलेरै देखा पर्न थाल्यो। तथाकथित 'लभ जिहाद'को विरोध, गोरक्षा, जबर्जस्ती घरवापसी (मुसलमानको हिन्दुकरण), बढ्दो भिडको हिंसा, डोजर आतंक र दंगा अब सामान्यजस्तै बनिसकेका छन्। भारतीय जनता पार्टी (भाजपा) लाई सत्तामा पुर्‍याउन सहयोग गरेपछि आरएसएसले राजनीतिक क्षेत्रमा आफ्नो प्रभाव गुमाएको छ। उसो त आरएसएसले पार्टीलाई प्रत्यक्ष रूपमा नचलाए पनि सन् २०१४ सम्म नागपुरस्थित आरएसएसले भाजपाको रणनीति र उम्मेदवार चयनमा महत्त्वपूर्ण भूमिका खेल्थ्यो। तर, यो अवस्था नरेन्द्र मोदीको उदयपछि परिवर्तन भयो। गुजरातका मुख्यमन्त्री बनेपछि मोदीले आरएसएससँगको दूरी बढाउँदै गए। अन्य हिन्दुत्ववादी नेता आरएसएसबाट टाढिएर उभिन सकेका थिएनन्,



चित्र : मन्दर पर्दिकार/द न्यु इन्डियन एक्सप्रेस

तर मोदीले सामाजिक सञ्जाल, यात्रा, होलोग्राम र टेलिभिजनमार्फत आफ्नै सशक्त आधार निर्माण गरे र सन् २००७ मै संघ परिवारलाई बाइपास गर्ने अवस्था बनाए। मोदीको लोकप्रियताका कारण विशेषतः आरएसएसका युवा स्वयंसेवक उनलाई समर्थन गर्न बाध्य भए। तर, संघ परिवारभित्रको यो शक्ति सन्तुलन स्थायी हो कि होइन भन्ने अझै अनिश्चित छ। मोदीको युगपछि नागपुरले फेरि भाजपासम्बन्धी मामिलामा निर्णायक भूमिका खेल्न सक्ला ? यो त भविष्यले नै देखाउनेछ।

र, आरएसएस नेतृत्वमा रहेको हिन्दुत्ववादी वातावरणले अब त्यो नैतिक अधिकार गुमाइसकेको देखिन्छ, जसलाई यसका नेताले जयप्रकाश आन्दोलन वा संकटकालविरोधी संघर्षका दौरान आर्जन गरेका थिए। नानाजी देशमुख, डिपी ठेंगडी र कुषाभाउ ठाक्रेजस्ता नेता सादगी, त्याग र विचारप्रति समर्पणका प्रतीक मानिन्थे, जसले 'भिन्न सोचको पार्टी'का रूपमा भाजपाको पहिचान बनाउन सहयोग गर्‍यो। उनीहरूको प्रभाव केवल विचारधाराबाट मात्र नभई व्यक्तिगत त्याग र सरल जीवनशैलीबाट पनि आएको थियो।

आजको संघ परिवारका नेता यस्ता आदर्श पूरा गर्दैनन्। मोदी सरकारले अघि बढाएको राजनीतिक-आर्थिक मोडेल ठ्याक्कै यो आदर्शविपरीत देखिन्छ। यो मोडेलले साना उद्योगलाई विस्थापित गर्दै केही उद्योगपतिलाई फाइदा पुर्‍याएको छ, जसलाई १९६० को दशकमा दीनदयाल उपाध्यायले नेहरूवादी विकास मोडलविरुद्ध जोगाउन खोजेका थिए।

आरएसएसको रूपान्तरण आंशिक रूपमा समय र समाजको परिवर्तनसँगै अवश्यम्भावी थियो। सन् १९२० को दशकदेखि सन् १९९० पछि अत्यधिक परिवर्तन भएको भारतीय समाजमा टिक्न संस्थाले आफूलाई अनुकूल बनाउनुपर्‍यो। सत्ता प्राप्तिसँगै संगठनमा भ्रष्टाचार प्रवेश गर्नु स्वाभाविक थियो, अर्थात् 'सत्ताले भ्रष्ट बनाउँछ र निरंकुश सत्ताले पूर्ण रूपमा भ्रष्ट बनाउँछ।' तथापि, आरएसएसको निरन्तरता अझै बलियो छ। शाखा प्रणाली अझै यसको मूल कार्यप्रणाली हो र हिन्दु राष्ट्र निर्माणको मूल उद्देश्य आज पनि उस्तै छ। त्यस अर्थमा आरएसएस आफैँमा खासै परिवर्तन भएको छैन, बरु यसले भारतलाई परिवर्तन गरिदिएको छ, जहाँ महात्मा गान्धी र जवाहरलाल नेहरूको विरासतका आधारलाई भत्काइएको छ।

(जेफ्रेलो सेरी-साइन्सेसपो/सिएनआरएसका अनुसन्धान निर्देशक तथा किंस कलेज लन्डनमा भारतीय राजनीति र समाजशास्त्रका प्राध्यापक हुन्)

द न्यु इन्डियन एक्सप्रेसबाट

क्यानडाको निर्वाचनमा कार्नी र पोलिएभमध्ये कसको सम्भावना ?

ट्रम्पको उच्च भन्सार करले उत्पन्न गरेको गहिरो चिन्ताबिच
जस्टिन ट्रुडोले प्रधानमन्त्रीबाट राजीनामा दिएसँगै क्यानडाको चुनावी अंकगणितमा हेरफेर

क्यानडामा २८ अप्रिलमा आमनिर्वाचन हुँदै छ। यस निर्वाचनबाट मार्क कार्नी र पियरे पोलिएभमध्ये एकजना प्रधानमन्त्री बन्ने मार्ग खुल्नेछ। प्रधानमन्त्री जस्टिन ट्रुडोले क्यानडाको प्रधानमन्त्रीको रूपमा लगभग एक दशक बिताएपछि राजीनामा दिने घोषणा गरे। लिबरल पार्टीको आन्तरिक कलह र प्रधानमन्त्रीका रूपमा ट्रुडोको बढ्दो अलोकप्रियताले उनलाई आफ्ना राजनीतिक प्रतिद्वन्द्वी, त्यसमा पनि विशेषतः कन्जर्भेटिभ पार्टीको सामना गर्न अक्षम देखाइसकेको थियो। ट्रुडोले राजीनामा दिँदाको समयमा उनको लिबरल पार्टी मतसर्वेक्षणमा प्रमुख प्रतिद्वन्द्वी कन्जर्भेटिभ पार्टीभन्दा २५ अंकले पछाडि थियो।

ट्रुडोको राजीनामापछि लिबरल पार्टीमा नयाँ नेतृत्वको दौड सुरु भयो। 'बैंक अफ क्यानडा' र 'बैंक अफ इंग्ल्यान्ड'का पूर्वगभर्नर मार्क कार्नीले निर्णायक विजय हासिल गरे। मार्च ९ मा सत्तारुढ लिबर पार्टीको नेता चुनिएलगत्तै उनले प्रधानमन्त्रीको रूपमा शपथ लिए। विगतमा कहिल्यै राजनीतिक पद धारण नगरेका कार्नीले प्रधानमन्त्री पदमा आसीन भएको नवौं दिनमै मध्यावधि चुनावको घोषणा गरे।

ट्रुडोले राजीनामाको घोषणा गरेको केहीपछि डोनाल्ड ट्रम्पले अमेरिकी राष्ट्रपतिको रूपमा कार्यकाल सुरु गरे। सत्ता सम्हालेपछि ट्रम्पले क्यानडाविरुद्ध विनाशकारी कर लगाए। त्यसबाहेक उनले पटक-पटक क्यानडालाई अमेरिकामा गाभेर ५१औँ राज्य बनाउने धम्की दिन थाले। क्यानडाका सरकारका प्रमुखका रूपमा कार्नीसामु दुई प्रमुख समस्या थिए- ट्रम्पले निम्त्याएको आर्थिक खतरा र संसद् (हाउस अफ कमन्स) सदस्य नभएको असहज अवस्था। यसले गर्दा उनी विपक्षी दलका लागि राजनीतिक प्रहारको जोखिममा थिए। जसविरुद्ध उनले जवाफी प्रहार गर्न सक्दैनथे।। त्यसैले, प्रत्येक चार वर्षमा हुनुपर्ने क्यानडाको संसदीय चुनाव खासमा अक्टोबर २०२५ सम्ममा हुनुपर्ने भए पनि उनले त्यसअगावै चुनाव घोषणा गरे।

त्यसबाहेक अर्को राजनीतिक कारणले पनि यसमा भूमिका खेलेको छ। ट्रुडोको राजीनामाअघिसम्म राजनीतिक बहसमा कन्जर्भेटिभ दलले चुनाव जित्ने निश्चित भएको चर्चा हुन्थ्यो। तर, ट्रम्पको आक्रामकतापछि कन्जर्भेटिभप्रतिको समर्थनमा तीव्र गिरावट आएको छ। द्रुत गतिमा परिवर्तन भइरहेको यस भावनाबाट फाइदा लिने उद्देश्यले कार्नीले तत्काल संघीय चुनावलाई उत्तम विकल्प माने।


कार्नी पोलिएभ

सर्वेक्षणले के भन्छन् ?

फेब्रुअरीसम्म कन्जर्भेटिभ पार्टीले लिबरल पार्टीभन्दा २५ अंकको अग्रता हासिल गरेको थियो। सर्वेक्षणकर्ता संस्थाहरूले त्यो वेला चुनाव गरिए कन्जर्भेटिभ पार्टीले दशकौँयताकै ठुलो संसदीय बहुमत हासिल गर्ने सम्भावना ९९ प्रतिशत रहेको बताएका थिए। तर, जसै ट्रम्पले क्यानडाप्रति आक्रामक अडान लिन थाले, कन्जर्भेटिभको अग्रता चकनाचुर हुँदै गयो। कन्जर्भेटिभहरूको अग्रता मात्र गुमेन, अहिले उनीहरू लिबरलभन्दा पछाडि परेका छन्। अहिले मतदाताको सर्वेक्षण गर्ने क्यानडाका १२ वटा सर्वेक्षण संस्थाले आगामी निर्वाचनमा लिबरलहरूको बहुमतको सरकार बन्ने सम्भावना उच्च रहेको बताइरहेका छन्। देशका सबैभन्दा धेरै मतदाता भएको क्षेत्रमा लिबरलप्रतिको समर्थन झन् उच्च हुँदा कन्जर्भेटिभ पार्टीका नेतामा निराशा बढिरहेको छ।

के छन् प्रमुख प्रतिस्पर्धीका वाचा ?

अघिल्लो आमनिर्वाचनबाट बनेको संसद्मा पाँच राजनीतिक दलले प्रतिनिधित्व गरेका थिए। तथापि, क्यानडाको राजनीतिमा दशकौँदेखि देशका दुई प्रमुख दलमध्ये एकका प्रधानमन्त्री बन्ने परम्परा स्थापित छ। विगतमा जस्तै यसपटक पनि प्रधानमन्त्रीका लागि दुई मुख्य विकल्प हुन्, लिबरल पार्टीका नेता तथा प्रधानमन्त्री मार्क कार्नी र विपक्षी दल कन्जर्भेटिभ पार्टीका नेता पियरे पोलिएभ।

ट्रम्पको आगमनपछि क्यानडाको आर्थिक सुरक्षा र सार्वभौमिकताबारे व्यापक चिन्ताबिच वामपन्थी दल न्यु डेमोक्रेटिक पार्टी, सार्वभौमसत्तावादी 'ब्लक क्वेबेका' र ग्रिन पार्टीजस्ता विपक्षी आवाज सान्दर्भिक रहन नै संघर्ष गर्नुपर्ने अवस्था आएको छ। संयुक्त राज्य अमेरिकासँग क्यानडाको सम्बन्धका विषयमा संघीय नेताबिच थोरै मात्र भिन्नता छ। दुई प्रमुख दलका नेताले क्यानडाले कहिल्यै आफ्नो सार्वभौमिकता नत्याग्नेमा जोड दिएका छन्। तथापि, दुई नेताले महँगी र आवासको असहजतालाई स्वीकारे पनि त्यसको समाधानका लागि अलग-अलग उपाय सुझाएका छन्।

पोलिएभले घर निर्माणको कामलाई सहज बनाउन हाल कायम नियम कटौती गर्ने, सरकारको भूमिका र आकार घटाउने वाचा गरेका छन्। यसविपरीत, कार्नीले व्यापकस्तरको निर्माण प्रयासमा सरकारको भूमिका रहने बताएका छन्। चर्को भाषणबाजीका लागि परिचित पपुलिस्ट नेता पोलिएभ आफ्ना समर्थकमाझ निकै लोकप्रिय छन्। उनले राजनीतिक अभिजात वर्गद्वारा बेवास्ता गरिएको र उपहास गरिएको वर्गलाई आवाज दिएको समर्थकको तर्क छ। पोलिएभले आफू प्रधानमन्त्री भए अपराधीमाथि कठोर कदम उठाउने र गम्भीर प्रकृतिका अपराधका लागि सजाय बढाउने बताएका छन्। यसो गरिए देशको अधिकार र स्वतन्त्रताको बडापत्रको उल्लंघन हुने स्विकार्दै उनले संवैधानिक संयन्त्र प्रयोग भए पनि वाचा पूरा गर्ने बताएका छन्।

कार्नीले भने आफ्नो आर्थिक र व्यावसायिक अनुभवका आधारमा चुनाव अभियान चलाइरहेका छन्। उनले असन्तुष्ट मतदातालाई आकर्षित गर्ने प्रयासमा पार्टीलाई राजनीतिक समझदारतर्फ धकेलेका छन्। कन्जर्भेटिभहरूले आफ्नो आक्रमणमा कार्नीको विगतलाई औँल्याउँदै लगानी फर्म 'ब्रुकफिल्ड'को अध्यक्ष हुँदा उनले करका छिद्र दुरूपयोग गरेको आरोप लगाएका छन्। त्यसबाहेक, विवादास्पद कार्बन कर हटाउनेलगायत आफ्ना नीतिगत प्रस्ताव चोरेको कार्नीमाथि कन्जर्भेटिभले आरोप लगाएका छन्।

क्यानडाको संघीय चुनाव देशका ३४३ सिटका लागि हुने गर्छ। ब्रिटिस वा वेस्टमिन्स्टर प्रणाली अपनाउने क्यानडामा संसद्मा सबैभन्दा धेरै सिट जित्ने पार्टीले सामान्यतया सरकार बनाउँछ। लिबरल वा कन्जर्भेटिभमध्ये एकले १७२ वा सोभन्दा बढी सिट जिते भने तिनले बहुमतको सरकार बनाउन पाउनेछन्। बहुमतभन्दा कम सिट जिते भने तिनले कानुन पारित गर्न अन्य दलसँग गठबन्धन गर्नुपर्ने हुन्छ। सन् २०२१ मा, लिबरलहरूले बहुमत जित्न असफल भएपछि न्यु डेमोक्रेटिक पार्टीसँग गठबन्धन सरकार बनाएका थिए।

द गार्जियनबाट

क्रिस्चियन धर्मगुरु पोप फ्रान्सिसको निधन



रोम/ क्रिस्चियन धर्मगुरु पोप फ्रान्सिसको निधन भएको छ। पोपको सोमबार ८८ वर्षको उमेरमा निधन भएको भ्याटिकनले एक विज्ञप्तिमा पुष्टि गरेको छ। इस्टर सन्डेमा सेन्ट पिटर्स स्क्वायरमा उपस्थिति जनाएको एक दिनपछि पोपको निधन भएको हो। 'प्रिय दाजुभाइ र दिदीबहिनीहरू, मैले गहिरो दुःखका साथ हाम्रा पवित्र पिता फ्रान्सिसको निधनको घोषणा गर्नुपर्छ,' कार्डिनल केभिन फारेलले भ्याटिकनद्वारा आफ्नो टेलिग्राम च्यानलमा प्रकाशित वक्तव्यमा भने, 'सोमबार बिहान ७:३५ बजे रोमका बिसप पोप पिताको घरमा फर्किनुभयो। उनको सम्पूर्ण जीवन प्रभु र चर्चको सेवामा समर्पित थियो।'

गत महिना उनी पाँच सातासम्म अस्पतालमा भर्ना भएका थिए। संक्रमणपश्चात् उनलाई दुवै फोक्सोमा निमोनिया भएको थियो। उनी रोमन क्याथोलिक चर्चका सर्वोच्च पदमा पुग्ने पहिलो ल्याटिन अमेरिकी थिए। सन् १९३६ मा आर्जेन्टिनामा बसोवास गरेका इटलीका आप्रवासीको परिवारमा उनको जन्म भएको थियो। सम्बन्धविच्छेद तथा समलिंगी विवाहजस्ता विषयमा उनले भ्याटिकनको आवाजलाई केही नरम बनाइदिएका थिए।

बिरामी भएका कारण एक महिनाभन्दा बढी समयदेखि आराम गरिरहेका पोप इस्टर सन्डेमा सेन्ट पिटर्स बेसिलिकाको बालकोनीमा देखा परेका थिए। सेन्ट पिटर्स स्क्वायरमा भिडलाई हात हल्लाउँदै 'शुभ इस्टर' शुभकामना दिएका थिए। सो अवसरमा उनले विचारको स्वतन्त्रता र सहिष्णुताको आह्वान गरे। फ्रान्सिस यस वर्ष निमोनियाबाट पीडित हुँदा दुईपटक मृत्युको नजिक पुगेका थिए। मार्च २३ मा डिस्चार्ज हुनुअघि उनले ३८ दिन बिताएका थिए।

क्याथोलिक धर्मगुरु पोप फ्रान्सिसको निधनप्रति संसारभर शोक व्यक्त गरिएको छ। विश्वका नेताहरूले उनको विनम्रता, करुणा र मानवताप्रतिको समर्पणको उच्च प्रशंसा गर्दै श्रद्धासुमन अर्पण गरेका छन्। रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले उनलाई बुद्धिमान, न्यायप्रिय र धार्मिक सहकार्यका पक्षपाती व्यक्तित्वका रूपमा वर्णन गरे। बेलायती प्रधानमन्त्री केर स्टार्मरले पोपको नेतृत्व कठिन समयमा पनि साहसी र विनम्र रहँदै आएको बताए भने राजा चार्ल्सले उनीप्रति गहिरो श्रद्धा व्यक्त गर्दै भने, 'उनले मानिस र प्रकृतिप्रतिको प्रेममार्फत धेरैको जीवनमा गहिरो प्रभाव पारे।'

अर्जेन्टिनाका राष्ट्रपति जेभियर माइलीले वैचारिक भिन्नता हुँदाहुँदै पनि पोपको सौम्यता र बुद्धिमत्ताबाट आफू प्रेरित भएको बताए। फ्रान्सका राष्ट्रपति इम्यानुएल म्याक्रोँले उनलाई सधैँ पीडित र कमजोरहरूको पक्षमा उभिने करुणामय व्यक्तित्वका रूपमा सम्झिए। इटलीकी प्रधानमन्त्री जर्जिया मेलोनीले उनको निधन मानवजातिका लागि गहिरो क्षतिको घडी भएको बताइन्। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पोपलाई करुणा, विनम्रता र आध्यात्मिक साहसको प्रतीक बताउँदै भनेका छन्, 'उनीसँगको भेट स्मरणीय रह्यो। उनको समावेशी तथा समग्र विकासप्रतिको दृष्टिकोणले मलाई गहिरो प्रेरणा दिएको छ।'

युक्रेनका राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीले पोप फ्रान्सिसले सधैँ युक्रेन र त्यहाँका जनताको शान्तिका लागि प्रार्थना गरेको सम्झना गर्दै गहिरो दुःख व्यक्त गरे।

इतिहासमा आज

अप्रिल २२



सन् १९०६ : एथेन्समा ओलम्पिक खेल सुरु भयो। आधुनिक युगको दोस्रो ओलम्पिक खेल भए पनि यसलाई अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले मान्यता दिएको छैन।

सन् १९४५ : एडोल्फ हिटलरले पराजय स्वीकार गरे। सोभियत फौज बर्लिन प्रवेश गरेको जानकारी पाएपछि भूमिगत फ्युहरबंकरमा रहेका जर्मन तानाशाह हिटलरले आफू आत्महत्या गर्ने योजनामा रहेको घोषणा गरे।

सन् १९९४ : अमेरिकी पूर्वराष्ट्रपति रिचर्ड एम निक्सनको निधन भयो।

सन् १९९५ : अफ्रिकामा रुवान्डाली सेनाले हजारौँ हुतु शरणार्थीको हत्या गऱ्यो।

सन् १९९७ : जापानी दूतावासको बन्धक संकट १२६ दिनपछि अन्त्य भयो।

सन् २०१६ : १७० भन्दा बढी देशले जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौतामा हस्ताक्षर गरे। यस ऐतिहासिक सन्धिले वायुमण्डलमा हरितगृह ग्यास उत्सर्जन नियन्त्रण कम गर्न खोजेको थियो। यो सन्धि सन् २०१६ को नोभेम्बरमा लागू भयो।

पोलियोविरुद्धको राष्ट्रव्यापी खोप अभियान सुरु

काबुल/ अफगानिस्तानमा पोलियोविरुद्धको राष्ट्रव्यापी खोप अभियान सुरु भएको छ। अन्तरिम सरकारमातहतको सार्वजनिक स्वास्थ्य मन्त्रालयले सोमबारदेखि मुलुकभर पोलियोविरुद्धको खोप अभियान सुरु गरेको हो। यो अभियानअन्तर्गत पाँच वर्षमुनिका एक करोड १६ लाख बालबालिकालाई पोलियो खोप दिने लक्ष्य रहेको मन्त्रालयले जनाएको छ। स्वास्थ्य मन्त्रालयका प्रवक्ता सरिफत जमान अमर्खिलका अनुसार सोमबारदेखि बिहीबारसम्म चल्ने यो अभियान घरघर पुगेर खोप दिने ढाँचामा सञ्चालन हुनेछ। साथै, पाँच वर्षमुनिका बालबालिकालाई 'भिटामिन ए' पनि दिइनेछ। अमर्खिलले स्थानीय समाजका अगुवा, धार्मिक विद्वान् तथा आमनागरिकलाई पोलियो कार्यकर्तासँग सहकार्य गरी अभियान सफल बनाउन अनुरोध गरेका छन्। यस अभियानले पोलियो निर्मूल गर्न र बालबालिकाको स्वास्थ्य संरक्षण गर्न मद्दत गर्ने मन्त्रालयले विश्वास लिएको छ।

ट्रम्पका सय दिन

युक्रेनलाई एक्ल्याउने, रुससँग नजिकिने

राष्ट्रपतिमा निर्वाचित हुनुअघि डोनाल्ड ट्रम्पले ह्वाइट हाउसमा फर्किएको '२४ घण्टा'भित्र युक्रेन र रुसबिच युद्धविराम गराउने वाचा गरेका थिए। तर, राष्ट्रपतिको कार्यभार सम्हालेको तीन महिना बितिसक्दा पनि युद्ध अझै जारी छ र युद्धविरामको सम्भावना पहिलेभन्दा अनिश्चित छ। यद्यपि, इस्टर सन्डेको अवसरमा पुटिनले केही घण्टाका लागि युद्धविराम गरेका थिए।

अमेरिकी राष्ट्रपति आफ्नो प्रशासन र रुसी अधिकारीबिच बारम्बार वार्ता भए पनि निष्कर्ष परिणाममुखी हुन सकेको छैन। उनले सार्वजनिक रूपमा युक्रेनका युद्धकालीन नेता भ्लोदिमिर जेलेन्स्कीलाई 'तानाशाह' भएको आरोप लगाएका छन्।

यसैबिच उनले पुटिनसँग न्यानो सम्बन्धको खोजी सुरु गरेका छन्। यसले किभलाई एक्ल्याएको छ भने वासिंटन र युरोपबिच फाटो ल्याएको छ। ह्वाइट हाउससँग घनिष्ठ सम्बन्धको सम्भावनामा अहिले धेरै रुसी खुसी छन् भने युक्रेनमा दीर्घकालीन शान्तिको विचार मलीन भएको छ।

'केही भइरहेको छैन। वास्तविक शब्दमा मानिसहरूले हरेक दिन साइरन सुन्छन्, बमहरू देख्छन् र मानिसहरू मारिन्छन्,' किभ स्कुल अफ इकोनोमिक्सका प्रमुख टिमोफी माइलोभानोभको भनाइ उद्धृत गर्दै फ्रान्सले समाचार संस्था एएफपीले अगाडि लेखेको छ, 'पुटिनले मूलतः सबैलाई मुर्ख बनाइरहेका छन्।' जनवरीमा ट्रम्पको पद वहाली भएयता अमेरिकी अधिकारीले युद्धविराममा पुग्ने प्रयासमा रुसी र युक्रेनी प्रतिनिधिमण्डलसँग धेरै चरणको वार्ता गरेका छन्।



रुसले युक्रेनमाथि आक्रमण जारी राखेको छ। पछिल्ला दुई हप्तामा मात्र ब्यालिस्टिक क्षेप्यास्त्र आक्रमणमा दर्जनौँ मानिस मारिएका छन्। युक्रेनको सेनाले रुसको पश्चिमी कुर्स्क क्षेत्रमा पनि आफ्नो पकड गुमाएको छ। कुर्स्क उनीहरूको एक मात्र उल्लेखनीय सौदाबाजीको विषय थियो। 'अहिलेसम्म त्यहाँ कुनै परिवर्तन भएको छैन। वास्तवमा हाम्रो सहरमा यो झन् खराब भएको छ,' युक्रेनको सुमीकी २९ वर्षीया फोटोग्राफर अन्ना क्लिस्किनाले ट्रम्पबारे भने। अप्रिल १३ मा दुई रुसी ब्यालेस्टिक मिसाइल क्लिस्किनाको सहरमा प्रहार हुँदा ३५ जनाको मृत्यु हुनुका साथै एक सयभन्दा बढी घाइते भएका थिए।

युद्धविराममा हुन सकेन प्रगति

ट्रम्पको प्रयासका बाबजुद युद्धविराममा खासै प्रगति भएको छैन। पुटिनले मार्चमा आफूमाथि प्रस्तुत गरिएको विनासर्त पूर्ण युद्धविरामका लागि अमेरिकी-युक्रेनी संयुक्त प्रस्तावलाई अस्वीकार गरे। दुवै पक्षले ऊर्जा क्षेत्रमा आक्रमण रोक्न सहमति जनाए। यद्यपि, कुनै औपचारिक सम्झौता कहिल्यै हुन सकेन। दुवैले एक-अर्कालाई यसको उल्लंघन गरेको आरोप लगाए।

रुसी सेना पूर्वी युक्रेनको युद्धभूमिमा गत वर्षको अन्त्यको तुलनामा सुस्त गतिमा अघि बढेको छ। रुसी सेना किभको सेनालाई कुर्स्क क्षेत्रबाट लगभग पूर्ण रूपमा बाहिर धकेलेको छ र युक्रेनको उत्तरपूर्वी सुमी क्षेत्रको सीमावर्ती क्षेत्रमा अघि बढेको छ। युक्रेनी सैनिक ओलेक्सान्डरले ट्रम्पबारे सधैँ 'नकारात्मक' धारणा रहेको बताए। २२ वर्षीय युक्रेनी युवाले भने, 'उनी राजनीतिज्ञ होइनन्। बरु एक सोम्यान हुन्।' ट्रम्प प्रशासनले मार्चमा छोटो समयका लागि युक्रेनलाई सैन्य सहायता कटौती गरेको थियो। यसले किभलाई ठुलो धक्का दिएको थियो। यो निर्णय ट्रम्पका पूर्ववर्ती जो बाइडेनको युक्रेनलाई समर्थन गर्न 'जे पनि गर्नुपर्छ, जबसम्म गर्नुपर्छ' भन्ने नीतिको आश्चर्यजनक परिवर्तन थियो। ट्रम्पले एकपटक जेलेन्स्कीलाई प्रतिस्थापन गर्न नयाँ चुनावको आह्वान गरेका थिए। यसलाई उनले झुटो रूपमा 'चार प्रतिशत स्वीकृति रेटिङ' भएको दाबी गरेका थिए। फेब्रुअरीमा ओभल अफिसमा भएको टेलिभिजन बैठकमा ट्रम्पले जेलेन्स्कीलाई हप्काएपछि दुईबिचको तनाव चरममा पुगेको थियो।

एजेन्सी

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना
(प्रकाशित मिति २०८२/०१/०९)

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं नेपाल पोष्ट बक्स नं ३४१२
फोन नं.: ५३२८२२९, ५३४२५३०
इमेल: info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

तपशिलमा उल्लिखित ऋणीहरुले यस नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.(साबिक नेपाल ईन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था) बाट उपभोग गर्नुभएको कर्जा समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ। अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी/प्रोपाइटर/शेयरधनि/संचालक/साझेदार तथा व्यक्तिगत जमानीकर्ताहरु/धितो सुरक्षणदाताले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चलअचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको सम्पत्ति लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणी/प्रोपाइटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण
१.	**ऋणीहरु : विरेन्द्र बहादुर कुर्मी क्षेत्री/काशी राउत कुर्मि (धितो कर्जा) -शाखा कार्यालय विरगञ्ज**, ठेगाना : विरगञ्ज म.न.पा. १३, पर्सा **क) विरेन्द्र बहादुर कुर्मी क्षेत्री** (ना.प्र.नं. ७६९५१५७२, मिति २०५३/०१/१८ मा जि.प्र.का.पर्साबाट जारी भएको), बाबु: काशी राउत कुर्मी, बाजे: कारी राउत कुर्मी **ख) काशी राउत कुर्मी** (ना.प्र.नं. ७६९५०९९१, मिति २०३३/१२/०५ मा जि.प्र.का.पर्साबाट जारी भएको), बाबु: कारी राउत कुर्मी, बाजे: दुर्गा राउत कुर्मी **व्यक्तिगत जमानीकर्ताहरु :** **१. हेमा पटेल** (ना.प्र.नं. ३४-०१-७३-०४५१६, मिति २०७३/०४/०४ मा जि.प्र.का. पर्साबाट जारी भएको), पति: विरेन्द्र बहादुर कुर्मी क्षेत्री, ससुरा: काशी राउत कुर्मी **२. धुरेन्द्र प्रसाद कुर्मी** (ना.प्र.नं. ७६९५१४२२, मिति २०४४/१२/०२ मा जि.प्र.का.पर्साबाट जारी भएको), बाबु: काशी राउत कुर्मी, बाजे: कारी राउत कुर्मी
३.	**ऋणी : सोनी ज्वेलर्स (अधिविकर्ष कर्जा) -शाखा कार्यालय बाहहथवा** प्र.प.नं.: ४२६२/०६८/०६८, ठेगाना : हरिवन ०९, सर्लाही **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. निरोज कुमार साह -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. १९२०९८/४१३, मिति २०६४/०६/१५ मा जि.प्र.का.सर्लाहीबाट जारी भएको) बाबु : विरज विहारी साह, बाजे : तेतर साह सोनार **२. विरज विहारी साह -जमानीकर्ता** (ना.प्र.नं.१९३०८९/१६३, मिति २०६३/१२/१९ मा जि.प्र.का.सर्लाहीबाट जारी भएको) बाबु : तेतर साह सोनार, बाजे : राजीनन साह सोनार
५.	**ऋणी : ए. एण्ड एस. स्टोर्स (चालुपूँजी कर्जा) -शाखा कार्यालय चिप्लेढुंगा,** प्रा.फ.र.नं. : १३३७८/०७४/०७५, ठेगाना : पोखरा म.न.पा.०४, कास्की **प्रोपाइटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. अर्जुन प्रसाद तिमिल्सिना -प्रोपाइटर/जमानीकर्ता** (ना.प्र.नं. १३८८७०, मिति २०६०/०५/०७ मा जि.प्र.का. कास्कीबाट जारी भएको) बाबु : कृष्ण प्रसाद तिमिल्सिना, बाजे : प्याम नारायण तिमिल्सिना **२. सरला भुर्तेल -जमानीकर्ता** (ना.प्र.नं. ४६३०३१/३५८, मिति २०६३/११/१९ मा जि.प्र.का. कास्कीबाट जारी भएको) पति : अर्जुन प्रसाद तिमिल्सिना, ससुरा : कृष्ण प्रसाद तिमिल्सिना
७.	**ऋणी : सरस्वती राईस मिल (आवधिक कर्जा) -शाखा कार्यालय अमुवा,** प्रा.फ.नं.घ.उ.वि. : २४५८/०५६/०५७, १६९४ ठेगाना : पश्चिम अमुवा ०२, रुपन्देही (हाल सियारी ०६, रुपन्देही) **प्रोपाइटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. सुरेश वनिया -प्रोपाइटर/जमानीकर्ता** (ना.प्र.न. १३/८३, मिति २०४४/११/१५ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको), बाबु: शिव पुजन वनिया, बाजे: बुद्धु वनिया **२. प्रभावति वनिया -जमानीकर्ता** (ना.प्र.नं. ३७३०३३/८८, मिति २०६३/११/१७ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको), पति: सुरेश वनिया, ससुरा: शिव पुजन वनिया **३. दिलिप अग्रहरी -जमानीकर्ता** (ना.प्र.नं. ३७१०३३/२१३१३, मिति २०६९/०३/०३ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको), बाबु: सुरेश वनिया, बाजे: शिव पुजन वनिया **४. सुरस्वती वनिया -जमानीकर्ता** (ना.प्र.नं. ३७३०३३/९९, मिति २०६३/११/१७ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको), पति: शिव पुजन वनिया, ससुरा: बुद्धु वनिया
८.	**ऋणी : पञ्चकोटी फर्निचर उद्योग (विविध कर्जा) -शाखा कार्यालय सतबाँज, बैतडी,** उद्योग.दर्ता.न. : २४७०/०७८/०७९, ठेगाना : दशरथचन्द ०१, बैतडी **प्रोपाईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. गोलमा लुहारी -प्रोपाईटर/जमानीकर्ता** (ना.प्र.नं. २३६७, मिति २०४५/०१/०९ मा जि.प्र.का. बैतडीबाट जारी भएको), पति : माधे लोहार, ससुरा : ललुवा लोहार **२. माधे लोहार -जमानीकर्ता** (ना.प्र.नं. ४६०/२१६९, मिति २०४४/०७/२९ मा जि.प्र.का. बैतडीबाट जारी भएको), बाबु : ललुवा लोहार , बाजे : गौरे लोहार **३. दासी राम लोहार -जमानीकर्ता** (ना.प्र.नं. ७३-०१-७८-०२९५०, मिति २०७८/०७/०४ मा जि.प्र.का. बैतडीबाट जारी भएको) बाबु : माधे लोहार, बाजे : ललुवा लोहार
१०.	**ऋणी: न्यू सुमन टेलर्स (विविध कर्जा) -शाखा कार्यालय तानसेन,** लघु. उ.द.नं. : १३८/२०७४/२०७५, ठेगाना : तानसेन न.पा. ०७, पाल्पा **प्रोपाइटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. सावित्री दमाई -प्रोपाइटर/जमानीकर्ता** (ना.प्र.नं. २६७, मिति २०४६/०१/१७ मा जि.प्र.का. पाल्पाबाट जारी भएको), पति: कृष्ण बहादुर दमै, ससुरा: सन्त वीर दमै **२. कृष्ण बहादुर दमै -जमानीकर्ता** (ना.प्र.नं. १११४, मिति २०४५/०२/२४ मा जि.प्र.का. पाल्पाबाट जारी भएको), बाबु : सन्त वीर दमै, बाजे : बुद्धी मान दमै
१२.	**ऋणी : कालु थापा (आवास कर्जा) -शाखा कार्यालय रामपुर,** (ना.प्र.नं. ३९१०१०/४२९, मिति २०६७/१०/२४ मा जि.प्र.का. पाल्पाबाट जारी भएको), ठेगाना : रामपुर न.पा. ०८, पाल्पा, बाबु : प्रेम बहादुर रामजाली, बाजे : झगर सिंह रामजाली **व्यक्तिगत जमानीकर्ताहरु :** **१. गुम बहादुर रामजाली -जमानीकर्ता** (ना.प्र.नं. ११२१९०, मिति २०६२/०१/२० मा जि.प्र.का.पाल्पाबाट जारी भएको) बाबु : प्रेम बहादुर रामजाली, बाजे : झगर सिंह रामजाली **२. विस्नु मायाँ रामजाली -जमानीकर्ता** (ना.प्र.नं. ५२८८, मिति २०४५/०१/२९ मा जि.प्र.का. पाल्पाबाट जारी भएको) पति : प्रेम बहादुर रामजाली, ससुरा : झगर सिंह रामजाली
१४.	**ऋणी : हरकटवा एग्रीकल्चर फार्म प्रा.लि.(आवधिक कर्जा) -शाखा कार्यालय कीर्तिपुर,** दर्ता नं. : २६४३७१/७७/०७८, ठेगाना: का.म.न.पा. ११, त्रिपुरेश्वर, काठमाडौं **शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :** **१. राम लखन साहु सुडी -शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ४४१३११३५, मिति २०३६/०३/१४ मा जि.प्र.का. धनुषाबाट जारी भएको) बाबु : रजु साहु सुडी, बाजे : केशवर साह **२. पानकुमारी देवी सुडी -जमानीकर्ता** (ना.प्र.नं. ४८३०२/४४१३११३६, मिति २०३६/०४/१० मा जि.प्र.का. धनुषाबाट जारी भएको) पति : राम लखन साहु सुडी, ससुरा : रजु साहु सुडी
१६.	**ऋणीहरु : पुनम थापा खडका र कृष्ण बहादुर खडका (धितो कर्जा) -शाखा कार्यालय ग्रामथान,** ठेगाना : रतुवामाई ०४, मोरङ्ग **(क) पुनम थापा खडका** (ना.प्र.नं. ०५२०५५-९२, मिति २०६५/११/०२ मा जि.प्र.का. मोरङ्गबाट जारी भएको), पति: कृष्ण बहादुर खडका, ससुरा: गंगा बहादुर खडका **(ख) कृष्ण बहादुर खडका** (ना.प्र.नं. ०५२९१९/३१-०४४, मिति २०५३/०९/११ मा जि.प्र.का. मोरङ्गबाट जारी भएको), बाबु: गंगा बहादुर खडका, बाजे: महाविर खडका

क्र.सं.	ऋणी/प्रोपाइटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण
२.	**ऋणी : आर्यन कन्स्ट्रक्सन (अधिविकर्ष कर्जा) -शाखा कार्यालय विरगञ्ज** घ.तथा सा.उ.का.प्रा.फ.पर्सा नं.: १०४९८/०७५/०७६, ठेगाना : धोविनी गा.पा.०३, पर्सा **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. शिवशंकर प्रसाद कुर्मी -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं.३४१०३३/६२, मिति २०६५/०४/२६ मा जि.प्र.का.पर्साबाट जारी भएको) बाबु : सोहन राउत कुर्मी, बाजे : किसुन राउत **२. सोहन राउत कुर्मी -जमानीकर्ता** (ना.प्र.नं.३६१२१३०४, मिति २०३५/०४/०५ मा जि.प्र.का.पर्साबाट जारी भएको), बाबु : किसुन राउत, बाजे : कनाही राउत **३. हरीशंकर प्रसाद कुर्मी -जमानीकर्ता** (ना.प्र.नं.३६१२२२६७, मिति २०६२/०८/१३ मा जि.प्र.का.पर्साबाट जारी भएको), बाबु: सोहन राउत कुर्मी, बाजे: किसुन राउत **४.सविता कुमारी कुर्मी -जमानीकर्ता** (ना.प्र.नं.३४-०१-७६-०६६३९, मिति २०७६/०६/१० मा जि.प्र.का.पर्साबाट जारी भएको) बाबु : हरीशंकर प्रसाद कुर्मी, बाजे : सोहन राउत कुर्मी
४.	**ऋणी : सन्दिप एण्ड समिक्षा फर्निचर सप्लायर्स (डिमाण्ड कर्जा) -शाखा कार्यालय रजहर,** प्रा.फ.द.नं. : २९३/०७६/०७७, ठेगाना : देवचुली न.पा.११, नवलपरासी **प्रोपाईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. भुपराज पराजुली -प्रोपाईटर/जमानीकर्ता** (ना.प्र.नं. ४८०७९, मिति २०४६/०२/२४ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको) बाबु : देव लाल पराजुली, बाजे : भुवानन्द पराजुली **२. सविना पराजुली -जमानीकर्ता** (ना.प्र.नं. ८१०, मिति २०५२/०३/१३ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको) पति : भुपराज पराजुली, ससुरा : देव लाल पराजुली **३. सन्दिप पराजुली -जमानीकर्ता** (ना.प्र.नं. ३६२०१४/२२४९, मिति २०७०/१२/१९ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको) बाबु : भुपराज पराजुली, बाजे : देव लाल पराजुली
६.	**ऋणी : एस.वि. मोटर साईकल एण्ड अटो वर्कशप (आवधिक कर्जा) -शाखा कार्यालय रजहर,** उद्योग दर्ता नं.: १७००/०७७/०७८, ठेगाना: देवचुली न.पा. ११, नवलपरासी **प्रोपाइटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. भुपराज पराजुली -जमानीकर्ता** (ना.प्र.नं. ४८०७९, मिति २०४६/०२/२४ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको) बाबु: देव लाल पराजुली, बाजे: भुवानन्द पराजुली **२. सविना पराजुली -प्रोपाइटर/जमानीकर्ता** (ना.प्र.नं. ८१०, मिति २०५२/०३/१३ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको) पति : भुपराज पराजुली, ससुरा : देव लाल पराजुली **३. सन्दिप पराजुली -जमानीकर्ता** (ना.प्र.नं. ३६२०१४/२२४९, मिति २०७०/१२/१९ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको) बाबु : भुपराज पराजुली, बाजे : देव लाल पराजुली **४. समिक्षा पराजुली -जमानीकर्ता** (ना.प्र.नं. ३६३०१४/६६, मिति २०७०/०२/२७ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको) बाबु : भुपराज पराजुली, बाजे : देव लाल पराजुली
९.	**ऋणी: प्रतिभा मत्स्य फार्म (नगद क्रेडिट कर्जा) -शाखा कार्यालय अमुवा,** उ.द.नं. : १५६०७/०७४/७५, ठेगाना : सियारी गा.पा. ०४, रुपन्देही **प्रोपाइटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. श्रीराम यादव -प्रोपाइटर/जमानीकर्ता** (ना.प्र.नं. ५/३/३५३४, मिति २०४६/१२/१३ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको) बाबु : ढोढे यादव, बाजे : जगेश्वर यादव **२. सुमित्रा यादव -जमानीकर्ता** (ना.प्र.नं. ३७३०४३/६५८, मिति २०६३/१२/१५ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको), पति: श्रीराम यादव, ससुरा : ढोढे यादव
११.	**ऋणी : बाइबाई फुटकट रेष्टुरेन्ट (मध्यकालीन कर्जा) -शाखा कार्यालय सतबाँज, बैतडी,** प्रमाण पत्र नं. : ५१५/०७७/०७८, ठेगाना : पाटन न.पा. ०६, बैतडी **प्रोपाइटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. प्रकाश भण्डारी -प्रोपाइटर/जमानीकर्ता** (ना.प्र.नं. ७३१०३२/२११, मिति २०६७/०४/३१ मा जि.प्र.का. बैतडीबाट जारी भएको) बाबु : गोपाल सिंह भण्डारी, बाजे : कल्याण सिंह भण्डारी **२. गोपाल सिंह भण्डारी -जमानीकर्ता** (ना.प्र.नं. १०९८, मिति २०४१/०३/१९ मा जि.प्र.का. बैतडीबाट जारी भएको), बाबु: कल्याण सिंह भण्डारी, बाजे: हरि सिंह भण्डारी
१३.	**ऋणी : बि.एस.कन्स्ट्रक्सन एण्ड ट्रान्सपोर्ट प्रा.लि. (सवारी साधन कर्जा) -शाखा कार्यालय तानसेन,** दर्ता नं. : २०२१६४/०७५/०७६, ठेगाना : तानसेन न.पा. ०८, डुम्रे पाल्पा **शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :** **१. भक्त बहादुर बुचा -शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ७२३४९, मिति २०५५/०५/२९ मा जि.प्र.का. पाल्पाबाट जारी भएको), बाबु: गिर बहादुर बुचा, बाजे : मेहर सिं बुचा **२. जुनी कुमारी बुचा -जमानीकर्ता** (ना.प्र.नं. १९४६, मिति २०४५/०१/२७ मा जि.प्र.का. पाल्पाबाट जारी भएको) पति : गिरी बहादुर बुचा, ससुरा : सोम बहादुर बुचा **३. श्याम कुमार उपाध्याय -जमानीकर्ता** (ना.प्र.नं. ९८४३, मिति २०३४/०८/०९ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको) बाबु : हरि लाल उपाध्याय, बाजे : बसन्त अर्याल
१५.	**ऋणी : ममता ट्रेडर्स (आवधिक कर्जा) -शाखा कार्यालय बर्दिबास,** प्रा.फ.र.नं. : ६७३५/४१६/०७७/०७८, ठेगाना : बर्दिबास न.पा. ०२, महोत्तरी **प्रोपाईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. ममता झा -प्रोपाईटर/जमानीकर्ता** (ना.प्र.नं. ९०५२३१८४, मिति २०५८/०७/०१ मा जि.प्र.का. महोत्तरीबाट जारी भएको) पति: सुभाष चन्द्र झा, ससुरा: महेश कुमार झा **२. सुभाष चन्द्र झा -जमानीकर्ता** (ना.प्र.नं. ०४९७४८६४, मिति २०५७/०२/१५ मा जि.प्र.का. महोत्तरीबाट जारी भएको), बाबु: महेश कुमार झा, बाजे: रुद्र नारायण झा
१७.	**ऋणी: वि.एन एम किराना पसल सप्लायर्स (महिला उद्यमशीलता कर्जा) -शाखा कार्यालय कीर्तिपुर,** प्रमाण पत्र नं.: १७२/०७९/०८०, ठेगाना: कीर्तिपुर न.पा. ०५, काठमाडौं **प्रोपाइटर/व्यक्तिगत जमानीकर्ता :** **विस्नु देवी थापा -प्रोपाइटर/जमानीकर्ता** (ना.प्र.नं. १५४४२, मिति २०६०/०९/२४ मा जि.प्र.का. बाँकेबाट जारी भएको), बाबु: भरत बहादुर सिंह, बाजे: अम्मर बहादुर सिंह, पति : दिपक थापा

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार ९ वैशाख ०८२

संक्षेप

भारतीय विद्युत्मन्त्री खट्टर आज आउँदै, अरुण-३ अवलोकन गर्ने



काठमाडौं/ भारतीय विद्युत्, आवास तथा सहरी मामिलामन्त्री मनोहरलाल खट्टर अरुण-३ जलविद्युत् आयोजनाको अवलोकन गर्न मंगलबार नेपाल आउँदै छन्। भारतीय कम्पनी सतलज जलविद्युत् निगम (एसजेभिएन)को स्वामित्वमा रहेको एसजेभिएन अरुण-३ पावर डेभलपमेन्ट कम्पनी (एसएपिडिसी)ले निर्माण गरिरहेको उक्त आयोजनाको निरीक्षणका लागि मन्त्री खट्टर आउन लागेका हुन्। आयोजनाको अवलोकन गरी खट्टर बुधबार फर्किनेछन्।

सुनको मूल्यले बनायो फेरि रेकर्ड



काठमाडौं/ सुनको मूल्यले सोमबार फेरि नयाँ रेकर्ड बनाएको छ। नेपाली बजारमा सोमबार प्रतितोला एक हजार दुई सय रुपैयाँ बढेर प्रतितोला एक लाख ९१ हजारमा कारोबार भएको नेपाल सुनचाँदी व्यवसायी महासंघले जनाएको छ। यसअघि गत वैशाख ४ गते सुनको भाउ हालसम्मकै उच्च प्रतितोला एक लाख ९० हजार ६ सय पुगेको थियो। सोमबार चाँदीको भाउ भने स्थिर रहेको छ। चाँदी आइतबारकै मूल्यमा अर्थात् प्रतितोला एक हजार नौ सय ६० रुपैयाँमा कारोबार भइरहेको छ।

अत्यावश्यक सामग्री आयात नियन्त्रण गर्न सकिन्छ : मन्त्री भण्डारी



काठमाडौं/ उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले उद्योगीहरूमा इच्छाशक्ति नेपालमा अत्यावश्यक उपभोग्य वस्तु आयात नियन्त्रण गर्न सकिने बताएका छन्। नेपाल चामल, तेल, दाल उद्योग संघको ४५औँ वार्षिक साधारणसभामा बोल्दै मन्त्री भण्डारीले निजी क्षेत्रले उत्पादन र उत्पादकत्व वृद्धिमा ध्यान दिनुपर्ने बताए। उनले भने, 'चामल, तेल, दालजस्ता वस्तुहरूको नेपालमै उत्पादन गर्ने पर्याप्त सम्भावना छ। यस क्षेत्रमा उपयुक्त लगानी गरी प्याकेजिङ र ब्रान्डिङमा निजी क्षेत्रले अझ ध्यान दिनुपर्ने आवश्यकता छ। सरकार उद्योगमैत्री नीति अवलम्बन गर्दै नीतिगत सहुलियत दिन तयार छ।'

एमसिसीसहित पाँच अर्ब बजेट सरेन्डर

वैदेशिक सहायतामा सञ्चालित परियोजनाले सरेन्डर गरेको बजेट रकमान्तर गर्न अर्थलाई चुनौती



● **श्यामप्रसाद भण्डारी**
प्रवक्ता, अर्थ मन्त्रालय

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा नै खर्च हुन नसकेको बजेट सरेन्डर गर्नुपर्ने व्यवस्था छ। सोहीअनुसार विभिन्न निकायले बजेट सरेन्डर गरेका हुन्। र, अब यस्तो रकम कार्यप्रगति राम्रो भएको आयोजनामा रकमान्तर गरेर खर्च गर्ने बाटो खुलेको छ।

पवन तिमिल्सिना/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८१/८२ को बजेट प्रणालीमा रहेकामध्ये खर्च हुन नसकी पाँच अर्ब नौ करोड रुपैयाँ समर्पण भएको अर्थ मन्त्रालयले जनाएको छ। फागुन मसान्तसम्म खर्च हुन नसकेको बजेट १५ चैतभित्र समर्पण गर्नुपर्ने आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा व्यवस्था छ। सोही व्यवस्थाअनुसार नौवटा मन्त्रालय-निकायले खर्च गर्न नसकेको बजेट सरेन्डर गरेका हुन्।

मिलिनियम च्यालेन्ज कम्प्याक्ट (एमसिसी) कार्यान्वयन गर्ने निकाय एमसिए नेपाललाई चालू आवमा विनियोजन गरेको १३ अर्ब ३६ करोड रुपैयाँमध्ये खर्च हुन नसकेको दुई अर्ब सरेन्डर गरेको अर्थले जनाएको छ। त्यस्तै, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले पनि दुई अर्ब ३५ करोड ३४ लाख रुपैयाँ सरेन्डर गरेको छ।

अर्थका अनुसार पुँजीगततर्फ मात्रै पाँच अर्ब तीन करोड ८१ लाख ४६ हजार बजेट समर्पण भएको छ। चालूतर्फ पाँच करोड ३४ लाख ४२ हजार समर्पण भएको छ। समर्पण गरिएको कुल रकममध्ये वैदेशिक स्रोततर्फको चार अर्ब ३५ करोड ३४ लाख र सरकारी स्रोततर्फको ७३ करोड ८१ लाख ४६ हजार रहेको अर्थ मन्त्रालयले जानकारी दिएको छ।

समर्पण भएको बजेट अर्थले आवश्यक योजना तथा कार्यक्रममा रकमान्तर गर्न सक्ने व्यवस्था छ। तर, यसपालि अधिकांश समर्पण भएको बजेटको स्रोत वैदेशिक निकाय भएकाले रकमान्तर गराउन कठिन रहेको अर्थका अधिकारीहरू बताउँछन्। 'जुन वैदेशिक निकायको रकम समर्पण भएको हो, सो निकायको अर्को कार्यक्रममा उसको स्वीकृति लिएर मात्रै रकमान्तर गर्नुपर्ने भएकाले यसपटक रकमान्तर गर्न पनि सहज छैन,' अर्थका एक अधिकारीले भने।

अर्थ मन्त्रालयका अनुसार पुँजीगततर्फ एमसिए नेपाल र ऊर्जा मन्त्रालयसहित उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले ३६ करोड ७८ लाख ५० हजार सरेन्डर गरेको छ। त्यस्तै, परराष्ट्र मन्त्रालयले ३० करोड, महालेखा परीक्षकको कार्यालयले एक करोड ६१ लाख र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सात लाख ५० हजार समर्पण गरेको छ।

चालूतर्फ निर्वाचन आयोगले दुई करोड ४२ लाख, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले एक करोड ५८ लाख, पर्यटन मन्त्रालयले ३९ लाख र सञ्चार मन्त्रालयले ९५ लाख सरेन्डर गरेका छन्।





मन्त्रालय/निकाय	बजेट समर्पण
ऊर्जा मन्त्रालय	२ अर्ब ३५ करोड ३४ लाख
एमसिए नेपाल	२ अर्ब
उद्योग वाणिज्य मन्त्रालय	३६ करोड ७८ लाख
परराष्ट्र मन्त्रालय	३० करोड
निर्वाचन आयोग	२ करोड ४२ लाख
महालेखा परीक्षकको कार्यालय	१ करोड ६१ लाख
भूमि व्यवस्था मन्त्रालय	१ करोड ५८ लाख
सञ्चार मन्त्रालय	१ करोड २ लाख ५० हजार
पर्यटन मन्त्रालय	३९ लाख

खर्च गर्न नसकेको बजेट १५ चैतभित्र सरेन्डर गर्नुपर्ने ऐनमा गरिएको व्यवस्थाअनुसार नौ मन्त्रालय तथा निकायले बुझाए विवरण

■ अमेरिकी नीतिपछि एमसिसीको दुई अर्ब समर्पण

अमेरिकन राष्ट्रपति डोनाल्ड ट्रम्पले गत ७ माघमा कार्यकारी आदेश जारी गर्दै एमसिसीसँगै वैदेशिक सहायताका कार्यक्रम स्थगन गरेका थिए। ९० दिनका लागि जारी गरिएको कार्यकारी आदेशको म्याद आइतबार सकिएको छ। यद्यपि, अमेरिकी सरकारले लिएका थप निर्णय प्राप्त भइनसकेको अर्थ मन्त्रालयले जानकारी दिएको छ।

चालू आर्थिक वर्षमा एमसिसी परियोजना कार्यान्वयन गर्न १३ अर्ब ३६ करोड रुपैयाँ बजेट विनियोजन गरिएकोमा एमसिए नेपाललले दुई अर्ब रुपैयाँ समर्पण गरेको छ। जसमा एमसिसीको स्रोतबाट नौ अर्ब ९० करोड ८२ लाख विनियोजित थियो। अर्थ मन्त्रालयका अनुसार चालू आवको पुससम्ममा एमसिए नेपाललले एक अर्ब ११ करोड १७ लाख रुपैयाँ मात्रै खर्च गरेको छ। जसमा एमसिसी (वैदेशिक) स्रोतबाट मात्रै ८३ करोड ८० लाख खर्च भएको छ। वैदेशिक स्रोतबापत दुई अर्ब रुपैयाँ प्राप्त भएर खर्च नहुने स्थिति देखिएपछि एमसिएले सरेन्डर गरेको हो। परियोजनाअन्तर्गत पुससम्ममा ३० किलोमिटर प्रसारणलाइनको पुनः सर्वेक्षण गर्ने काम सकिएको मन्त्रालयले जानकारी दिएको छ।

बुढीगंगा जलविद्युत्सहित सिँचाइको साढे दुई अर्ब बजेट भएन खर्च



सबैभन्दा बढी बजेट समर्पण गर्ने ऊर्जा मन्त्रालयले अधिकांश वैदेशिक स्रोततर्फको आयोजनाको रकम समर्पण गरेको छ। चालू आवमा ऋण तथा अनुदान सहायता लिएर अघि बढाउने गरी बजेटमा समावेश गरिएको यान्त्रिक सिँचाइ नवप्रवर्तन आयोजनाको बजेट रकम समर्पण गरिएको हो। यसका लागि एसियाली विकास बैंक (एडिबी)ले गत डिसेम्बरमा मात्रै ऋण तथा अनुदान सम्झौता गरेकाले कार्यान्वयनमा जान समय लाग्ने भएकाले समर्पण गरिएको ऊर्जा मन्त्रालयले जानकारी दिएको छ।

एडिबीले १५ मिलियन अमेरिकी डलर अनुदान, एक सय १० मिलियन डलर सहुलियतपूर्ण ऋण र सात लाख ५० हजार डलरबराबर प्राविधिक सहायता दिने सम्झौता गरेको थियो। तर, चालू आर्थिक वर्षभित्र सो रकम प्राप्त भई खर्च हुने अवस्था नरहेकाले समर्पण गर्नुपरेको मन्त्रालयको भनाइ छ। एडिबीको स्वीकृति लिएर उसैको लगानी रहेको अर्को परियोजनामा बजेट रकमान्तर गर्ने प्रक्रिया थालिएको छ।

त्यस्तै, कतार र साउदीको ऋण लगानीमा बन्ने तयारीमा रहेको बुढीगंगा जलविद्युत् आयोजनाको सहायता सम्झौता नवीकरणमा ढिलाइ भएकाले विनियोजित बजेटबाट केही रकम समर्पण गरिएको ऊर्जा मन्त्रालयले जानकारी दिएको छ। चालू आवमा बुढीगंगाका लागि तीन अर्ब ३१ करोड ११ लाख रुपैयाँ विनियोजन गरिएको थियो। जसमा वैदेशिक ऋणबापत तीन अर्ब २३ करोड ११ लाख व्यहोर्ने उल्लेख छ। ढिलाइ हुने भएकाले वैदेशिक स्रोततर्फको रकम समर्पण गरिएको उल्लेख छ।

२० वैशाखदेखि एनआरएनए महाधिवेशन



विवादरहित संस्था बनाउन सर्वोच्चले दिएको परमादेशका आधारमा संस्थालाई आवश्यक सुधार गर्न महाधिवेशन हुँदै छ : डा. शेष घले

काठमाडौं/ गैरआवासीय नेपाली संघ (एनआरएनए)को एकता महाधिवेशन काठमाडौंमा हुने भएको छ। एनआरएनए उच्चस्तरीय समितिद्वारा सोमबार आयोजित पत्रकार सम्मेलनमा २० वैशाखदेखि काठमाडौंको ह्यात होटेलमा महाधिवेशन हुने जानकारी दिइयो।

समितिका संयोजक डा. शेष घलेले लामो समयदेखि विवादमा अल्झिएको संघलाई एकताबद्ध गर्दै महाधिवेशनबाट समस्या समाधान हुने बताए। 'विवादरहित संस्था बनाउन सर्वोच्चले दिएको परमादेशका आधारमा संस्थालाई आवश्यक सुधार गर्न महाधिवेशन हुँदै छ,' उनले भने, 'निष्पक्षताका लागि लड्नैपर्ने रहेछ। अब नयाँ ढंगले एनआरएनए बनाएर अगाडि बढ्नेछौं।'

एकता महाधिवेशन उच्चस्तरीय मूल समितिका सदस्यसचिव रविना थापाले एनआरएनए उच्चस्तरीय समितिको वेबसाइटमा १६ हजारभन्दा बढीले सदस्यका लागि आवेदन दिएको जानकारी दिइन्। 'उच्चस्तरीय समितिलाई पठाइएको संख्या हेर्दा उक्त संख्या ४७ हजारभन्दा बढी रहेको छ। उच्चस्तरीय समितिको वेबसाइट र एनसिसीहरूबाट आएको संख्या जोड्दा ६३ हजारभन्दा बढी सदस्य बन्नुभएको छ,' उनले भनिन्, 'एकता महाधिवेशनमा प्रतिनिधिका रूपमा सहभागी हुन आइतबारसम्म दुई हजार पाँच सयभन्दा बढीले निवेदन दिइसकेका छन्। आवेदनका लागि मंगलबारसम्म समय रहेको छ।'

आयल निगमका कार्यकारी निर्देशक भट्टले बुझाए कार्यसम्पादन विवरण

एकवर्षे कार्यप्रगति बुझाएको छु



● **डा. चण्डिकाप्रसाद भट्ट**, कार्यकारी निर्देशक, आयल निगम

चैत मसान्तसम्मको कार्यप्रगति विवरण मन्त्रालयबाट मागिएको थियो। त्यसपछि तोकिएको समयभित्रै विवरण बुझाएको छु। एक वर्षमा गरिएका काम सन्तोषप्रद भएकाले राम्रो मूल्यांकन हुने अपेक्षा छ।

कार्यसम्पादन सम्झौताअनुसार मूल्यांकन हुन्छ



● **गोविन्दबहादुर कार्की**, वाणिज्य तथा आपूर्तिसचिव

मन्त्रालयका सबै संस्थान प्रमुखसँग के-कस्ता काम गर्ने भनेर कार्यसम्पादन सम्झौता भएका छन्। त्यसैका आधारमा मूल्यांकन हुने गरी विवरण माग भएको छ। विवरण आएपछि प्रक्रियाअनुसार मूल्यांकनको काम हुन्छ।

अजित अधिकारी/नयाँ पत्रिका

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले आयल निगमको कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्टको कार्यसम्पादन मूल्यांकन थालेको छ।

२१ चैतमा निगमका कार्यकारी निर्देशक भट्टलाई पत्राचार गरी चैत मसान्तसम्मको कार्यप्रगति विवरण पेस गर्न मन्त्रालयले लिखित पत्राचार गरेको थियो। भट्टले आइतबार साँझ इमेलबाट एक वर्षमा गरेको कार्यप्रगति विवरणसमेत बुझाएको मन्त्रालय स्रोतले जानकारी दियो। भट्ट ६ फागुन ०८० मा तीन वर्षका लागि निगमको कार्यकारी निर्देशकमा नियुक्त भएका थिए।

उनले नियुक्ति लिनासाथ प्रत्येक वर्ष गर्ने कामको विवरण राखेर उद्योग मन्त्रालयसँग कार्यसम्पादन सम्झौता गरेका थिए। सोही सम्झौताअनुसार काम भए-नभएकोबारे मूल्यांकन हुने वाणिज्य तथा आपूर्तिसचिव गोविन्दबहादुर कार्कीले जानकारी दिए। 'मन्त्रालयमातहतका संस्थान प्रमुखलाई यसअघि गरेको कार्यसम्पादन सम्झौताअनुसार काम भए-नभएको विवरण माग गरिएको हो,' उनले भने, 'त्यसै क्रममा निगमका कार्यकारी निर्देशकसँग पनि विवरण माग भएको छ। अब प्रक्रियागत रूपमा मूल्यांकनको काम हुनेछ।'

भट्टले मन्त्रालयसँगको गत वर्ष १ जेठमा गरेको सम्झौतापत्रमा पेट्रोलियम पाइपलाइन विस्तार, भण्डारणगृह निर्माण, हवाई इन्धन डिपोको क्षमता विस्तार र सुरक्षा मापदण्ड लागू, पेट्रोलपम्प सुधार, प्रत्येक प्रदेशमा निगमकै स्वामित्वमा नमुना पम्प सञ्चालन, डिपोको सञ्चालन नोक्सानी कम्तीमा १० प्रतिशत घटाउने, आपूर्ति व्यवस्था सुचारुलगायतका विषय समेटिएका छन्।

कार्यकारी निर्देशक भट्टले एक वर्षमा गरेका कामको प्रगति विवरण पठाएको र सन्तोषजनक रहेको दाबी गरे। 'तोकिएको जिम्मेवारीअनुसार गरेको कामको प्रगति विवरण पठाएको छु,' उनले भने।

भट्टको कार्यसम्पादनलाई लिएर मन्त्रालयमा असन्तुष्टि

निगम कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्टको कार्यशैलीलाई लिएर उद्योग मन्त्रालयभित्र असन्तुष्टि छ। उद्योगमन्त्री दामोदर भण्डारीले पटक-पटक भट्टलाई मन्त्रालय बोलाएर तोपिका कामहरू समयमै गर्न निर्देशन दिने गरेका छन्।

'कार्यकारी निर्देशक भट्टले जुनसुकै कामलाई अल्झाउने गर्नुभएको छ,' स्रोतले भन्यो, 'मन्त्रालयबाट निर्देशन भएको सबै काम गर्छु भन्ने, तर कुनै पनि काम नगर्ने वा ढिला गर्ने प्रवृत्तिप्रति असन्तुष्टि बढेको हो।' सुदूरपश्चिम प्रदेशको धनगढी डिपो साँघुरो र बस्तीबिचमा भएकाले असुरक्षाको जोखिम छ। त्यसैले सो डिपो स्थानान्तरणका लागि नयाँ ठाउँमा जग्गा खोजी गर्न मन्त्रालयले एक वर्षदेखि निर्देशन दिए पनि सुनुवाइ भएको छैन। भट्टले मन्त्रालयसँग गरेको कार्यसम्पादन सम्झौतामा पनि सुदूरपश्चिममा नयाँ डिपो खोल्ने विषय समेटिएको छ।

त्यस्तै, चितवनमा भण्डारणगृह निर्माणका लागि यसअघि नै खरिद गरेको जग्गामा थप दुई बिघा १९ कट्ठा १६.९ धुर अधिग्रहण गर्न १० मंसिरको मन्त्रिपरिषद्बाटै निर्णय भइसकेको छ। सो परियोजनाका लागि मन्त्रिपरिषद्ले तोकेको निगम कर्मचारीलाई जिम्मेवारी नदिई कार्यकारी निर्देशक भट्टले अर्कैलाई परियोजना प्रमुख तोकेका कारण काममा ढिलासुस्ती भएको मन्त्रालयको बुझाइ छ। 'परियोजना अघि बढाउन जग्गाभित्रका केही रुख काट्नुपर्नेछ, तर हाँगासमेत काट्ने हिम्मत नभएको कर्मचारीलाई परियोजना प्रमुख तोकेका कारण काममा ढिलासुस्ती देखिन्छ,' मन्त्रालय स्रोतले भन्यो। पेट्रोलमा इथानोल मिश्रण गर्ने, ग्यासमा दुई थरी मूल्य कायम गर्ने, डिपोहरू स्वचालित प्रणालीमा सञ्चालन गर्ने, चुहावट कम गर्नेलगायतका निर्देशनसमेत कार्यकारी निर्देशक भट्टले पालना नगरेको मन्त्रालय स्रोतले बतायो।

■ बजेट खर्च बढाउन बागमती असमर्थ

नौ महिनामा पुँजीगत खर्च २८.२४ प्रतिशत

सबैभन्दा बढी स्वास्थ्य मन्त्रालयको ४३.४३ र सबैभन्दा कम पर्यटन मन्त्रालयको १६.४३ प्रतिशत बजेट खर्च

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेश सरकारले चालू आर्थिक वर्षको नौ महिनासम्म बजेट खर्चमा निराशाजनक प्रदर्शन गरेको छ। आव सकिन तीन महिना बाँकी हुँदा प्रदेश सरकारले पुँजीगत खर्चतर्फ कुल बजेटको २८.२४ प्रतिशत मात्रै खर्च गरेको छ। यस्तै, चालूसहित प्रदेशको कुल खर्च जम्मा ३२.५१ प्रतिशत पुगेको छ।

प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार चालू आवका लागि विनियोजित कुल ६४ अर्ब ५४ करोड चार लाख बजेटमध्ये ३२.५१ प्रतिशत अर्थात् २० अर्ब ९८ करोड १४ लाख मात्रै खर्च गरेको छ।

गत आवमा ६२ अर्ब ७० करोड ९० लाख बजेट विनियोजन भएको बागमती प्रदेशले नौ महिनामा कुल बजेटको ३४.४२ प्रतिशत खर्च गरेको थियो। प्रदेश सरकारले चालू आवका लागि चालूतर्फ २५ अर्ब ९४ करोड ९१ लाख ८२ हजार, पुँजीगततर्फ ३७ अर्ब नौ करोड १२ लाख ४९ हजार र वित्तीय व्यवस्थातर्फ एक अर्ब ५० करोड विनियोजन गरेको थियो।

समग्र खर्चमा कमजोर देखिएको बागमती प्रदेश सरकारको पुँजीगत खर्च निराशाजनक छ। प्रदेश सरकारले पुँजीगततर्फ विनियोजित बजेटको जम्मा २८.२४ प्रतिशत अर्थात् १० अर्ब ४९ करोड ७१ हजार मात्रै खर्च गरेको छ। यस्तै, चालूतर्फ ४०.५१ प्रतिशत अर्थात् १० अर्ब ४९ करोड ७५ लाख ५३ हजार रुपैयाँ खर्च भएको छ।

बागमती प्रदेशमा सबैभन्दा बढी विकास बजेट विनियोजन भएको भौतिक पूर्वाधार विकास मन्त्रालयको खर्च पनि सन्तोषजनक छैन। भौतिक मन्त्रालयले चालूतर्फ विनियोजित बजेटको जम्मा ४८.४२ प्रतिशत अर्थात् २१ करोड २९ लाख ७३ हजार र पुँजीगततर्फ २९.५१ अर्थात् ६ अर्ब ६८ करोड ३१ लाख ७९ हजार खर्च गरेको छ।

१३ मन्त्रालयका लागि बजेट विनियोजन भएको चालू आवमा सबैभन्दा बढी स्वास्थ्य मन्त्रालयले ४३.४३ प्रतिशत र सबैभन्दा कम पर्यटन, उद्योग तथा संस्कृति मन्त्रालयले १६.४३ प्रतिशत बजेट खर्च गरेको छ।



बजेट निर्माण गर्दा हुने त्रुटिले पनि खर्च हुँदैन : सचिव मैनाली



प्रदेशको आर्थिक मन्त्रालयका सचिव कृष्णप्रसाद मैनालीले चालू आवको तीन महिना बाँकी हुँदा पनि बजेट खर्च अपेक्षाअनुसार नभएको स्वीकार गरेका छन्। भौतिक प्रगति भए पनि भुक्तानी हुन बाँकी भएका कारण वित्तीय प्रगति कम देखिएको हुन सक्ने उनले बताए। 'कतिपय काम सम्पन्न भइसकेका योजनाहरूको भुक्तानी हुन बाँकी भएकाले पनि वित्तीय प्रगति नदेखिएको हो,' उनले भने, 'अब भुक्तानी प्रक्रिया बढ्नेबित्तिकै वित्तीय प्रगति पनि देखिन्छ।' स्रोत सुनिश्चितता नभएका योजना कार्यान्वयनमा ल्याउनु नै समस्या भएको उनले बताए।

विपत्का कारण पनि कतिपय कार्यान्वयनका चरणमा रहेका योजनामा क्षति पुऱ्याएकाले ती योजना सम्पन्न गर्न ढिलाइ हुँदा बजेट खर्च नदेखिएको सचिव मैनालीले जानकारी दिए। यद्यपि, चैत-वैशाख महिनामा सम्पन्न हुने योजनाको मूल्यांकनपछि भुक्तानी प्रक्रिया बढ्दा सोचेअनुरूप नभए पनि खर्चको दर बढ्ने उनले विश्वास व्यक्त गरे।

आम्दानीको अवस्था पनि सन्तोषजनक छैन

प्रदेश सरकारको चैत मसान्तसम्मको आम्दानी पनि कमजोर देखिएको छ। चालू आवमा प्रदेश सरकारले अनुमान गरेको कुल आम्दानीको ५० प्रतिशत पनि पुऱ्याउन सकेको छैन।


संघीय सरकारबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँट र आन्तरिक राजस्व संकलनबाट प्रदेश सरकारले कुल ६४ अर्ब ५४ करोड चार लाख ३१ हजार रुपैयाँ आम्दानी गर्ने लक्ष्य राखेको थियो। तर, आठ महिनासम्म आइपुग्दा प्रदेश सरकारले जम्मा ४३ प्रतिशत अर्थात् २७ अर्ब ९९ करोड ३८ लाख ९५ हजार रुपैयाँ आम्दानी गरेको छ।

आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार प्रदेश सरकारले संघीय सरकारबाट प्राप्त हुने समानीकरण, ससर्त, विशेष र समपूरक शीर्षकबाट ५३.६१ प्रतिशत अर्थात् आठ अर्ब ३४ करोड ९३ लाख ८० हजार अनुदान प्राप्त भएको छ। प्रदेश सरकारले चालू आवमा संघीय सरकारबाट १५ अर्ब ५७ करोड ५६ लाख अनुदान प्राप्त गर्ने अनुमान गरेको थियो। यस्तै, प्रदेश सरकारले राजस्व बाँडफाँटबाट चालू आवमा २९ अर्ब ५५ करोड ८९ लाख रुपैयाँ आम्दानी गर्ने अनुमान गरेकोमा चैत मसान्तसम्म ५६.६४ प्रतिशत अर्थात् १६ अर्ब ७४ करोड २० लाख ८६ हजार रुपैयाँ मात्रै प्राप्त भएको छ। प्रदेश सरकारको आन्तरिक स्रोतबाट चालू आवमा चार अर्ब ५३ करोड ८४ लाख ७९ हजार रुपैयाँ संकलन गर्ने लक्ष्य राखेकोमा यस अवधिमा ६०.२९ प्रतिशत अर्थात् दुई अर्ब ७३ करोड ६३ लाख ८० हजार रुपैयाँ प्राप्त भएको छ।

यसैगरी, प्रदेश सरकारले बेरुजु तथा गत वर्षको नगद मौज्दातबाट १४ अर्ब ८६ करोड ७४ लाख ५१ हजार रुपैयाँ प्राप्त हुने अनुमान गरिएकोमा अहिलेसम्म जम्मा १.१२ प्रतिशत अर्थात् १६ करोड ५८ लाख ४७ हजार रुपैयाँ मात्रै प्राप्त गरेको आर्थिक मामिला मन्त्रालयले जनाएको छ।

एनसेलमा एपमार्फत रिचार्ज गर्दा बोनस डेटा पाइने

काठमाडौं/ एनसेलका ग्राहकले अब अनलाइन ब्यालेन्स रिचार्ज गर्दा बोनस डेटा पाउने भएका छन् । ग्राहकले एनसेल एपमार्फत एक सय वा सोभन्दा माथिको रिचार्ज गर्दा बोनस डेटा पाउने भएका हुन् । एपमार्फत एक सयदेखि दुई सय रुपैयाँसम्मको रिचार्ज गर्दा एक दिनका लागि दुई सय एमबी बोनस डेटा प्राप्त गर्नेछन् । यस्तै, दुई सय वा सोभन्दा माथिको अनलाइन रिचार्जमा तीन दिन मान्य मान्य रहने पाँच सय एमबी बोनस डेटा पाइनेछ ।



यो बोनस अफरले ग्राहकलाई डिजिटल माध्यम अपनाउन प्रोत्साहित गर्नुका साथै बोनस डेटाको फाइदा दिने कम्पनीले जनाएको छ । कम्पनीका अनुसार एपमार्फत सजिलै डेटा वा भ्वाइस प्याक, 'सधैँ अन' प्याक, 'सधैँ अन' रिन्युअल प्याक लिन, अनलाइन रिचार्ज गर्न सकिनेछ । त्यसैगरी, आफ्नो सेवा प्रयोगको विवरण हेर्न र डेटालाई भ्वाइस वा भ्वाइसलाई डेटामा परिवर्तन गर्नसमेत सकिने सुविधा पनि एपमा रहेको छ । ग्राहकले उपहारका रूपमा विभिन्न प्याकहरू पठाउन सक्नेछन् ।

त्यसैगरी, अनलाइन तथा अफलाइन गेम, अनलाइन समाचारहरूको उपलब्धता, मासिक बिल हेर्ने सुविधा, सेवा सक्रिय गर्ने वा लिएका सेवा निष्क्रिय गर्ने सुविधा, रोमिङ सेवालगायत थुप्रै सेवा एपमा समावेश गरिएको कम्पनीले जनाएको छ । विभिन्न उद्देश्यले छिटो वा लामो समयका लागि विदेश जाने एनसेलका ग्राहकका लागि पनि एनसेल एप एक प्रभावकारी सेल्फ सर्भिस एप हो, जसले उनीहरूलाई सजिलै रिचार्ज गर्न, प्याक खरिद गर्न र रोमिङ सेवाका साथ सजिलै सम्पर्कमा रहन मद्दत गर्ने बताइएको छ ।

सिन्धु विकास बैंकको नाफा करिब आठ करोड

काठमाडौं/ चालू आर्थिक वर्षको तेस्रो त्रैमाससम्म सिन्धु विकास बैंकले सात करोड ८४ हजार रुपैयाँ नाफा कमाएको छ । बैंकले प्रकाशित गरेको वित्तीय विवरणअनुसार यस्तो देखिएको हो । गत आवको सोही अवधिमा पनि बैंक पाँच करोड ४० लाख रुपैयाँ नोक्सानमा थियो ।

बैंकका अनुसार दोस्रो त्रैमासिक अवधिमा ८.२२ प्रतिशत रहेको पुँजी कोष अनुपात समीक्षा अवधिमा सुधार भई ११.४९ प्रतिशत पुगेको छ । नेपाल राष्ट्र बैंकले तोकेको न्यूनतम पुँजी कोष अनुपात १० प्रतिशतभन्दा कम भएपछि सुधारात्मक कारबाहीमा परेको बैंकले पुँजी कोषमा सुधार गरेको हो ।

नेपाल राष्ट्र बैंकको निर्देशनअनुसार बैंकले न्यूनतम चुक्ता पुँजी एक अर्ब २० करोड पुऱ्याउन हाल कायम चुक्ता पुँजीको ११६ प्रतिशत हकप्रद सेयर जारी गर्ने प्रस्ताव स्वीकृतिका लागि राष्ट्र बैंकसमक्ष पेस गरिसकेको जनाएको छ ।

आइएमई लाइफ इन्स्योरेन्सद्वारा 'सरल सावधिक सद्भावना दूत' नियुक्त



काठमाडौं/ आइएमई लाइफ इन्स्योरेन्स कम्पनीले सुशीला रोकालाई 'सरल सावधिक जीवन बिमा योजना'को प्रडक्ट एम्बासडर (सद्भावना दूत) २०२५ घोषणा गरेको छ । रोका कम्पनीको मासिक स्किमअन्तर्गत देशभरका अभिकर्तामध्येबाट उत्कृष्ट व्यवसाय गरी 'सरल सवाधिक जीवन बिमा' योजनाको सद्भावना दूत हुन सफल भएको कम्पनीले जनाएको छ । एक कार्यक्रमबिच कम्पनीले उनको ब्यानर र प्रचार सामग्री अनावरण गरेको छ । यसले अभिकर्तामाझ स्वस्थ प्रतिस्पर्धाका साथै थप प्रतिबद्ध भई काम गर्न प्रेरणा प्रदान गर्ने कम्पनीको विश्वास छ । कम्पनीका प्रमुख कार्यकारी अधिकृत पवनकुमार खड्काले कम्पनीले आफ्ना अभिकर्तालाई बिमा सेवाको ज्ञान, दक्षता र व्यक्तित्व विकास गर्दै बिमितहरूलाई सरल, सहज र स्तरीय सेवा दिने कम्पनीको उद्देश्यमा निरन्तरता दिँदै जाने बताए ।

सूर्यज्योति लाइफ एनसिएचएलमा आबद्ध



काठमाडौं/ सूर्यज्योति लाइफ इन्स्योरेन्स भुक्तानी प्रणाली नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल)मा आबद्ध भएको छ । इन्स्योरेन्सले एनसिएचएलको भुक्तानी प्रणाली प्रयोग गरी डिजिटल माध्यमबाट भुक्तानीको व्यवस्था लागू गर्न यी दुई संस्थाबिच सम्झौतासमेत भएको छ । सम्झौतामा इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत (सिइओ) विक्रम खत्री र एनसिएचएलका सिइओ निलेशमानसिंह प्रधानले हस्ताक्षर गरेका हुन् ।

सम्झौतापश्चात् इन्स्योरेन्सको आन्तरिक प्रणालीलाई एनसिएचएलको नेसनल पेमेन्ट इन्टरफेस (एनपिआई)सँग जोडी विभिन्न भुक्तानी उपकरण प्रयोग गरिनेछ । जसअन्तर्गत ग्राहकले इन्स्योरेन्सले एनसिएचएल-आइपिएस र आरपिएस प्रणालीमार्फत विभिन्न कारोबार गर्न सक्नेछन् । प्रिमियम भुक्तानी, एजेन्ट कमिसन, तलब, भेन्डर भुक्तानी, सरकारी राजस्व, सामाजिक सुरक्षा कोष, नागरिक लगानी कोष भुक्तानीलगायतका कारोबार आफ्ना तथा लाभग्राहीका बैंक खातामा सोझै गर्न सक्नेछन् ।

विभिन्न भुक्तानी प्रणालीहरूको एकीकृत इन्टरफेसका रूपमा ओपन एपिआईको अवधारणामा विकास गरिएको एनपिआईमा हाल ५३ बैंक वित्तीय संस्था आबद्ध छन् । त्यस्तै, अन्य पिएसपी, पिएसओ, रेमिट्यान्स कम्पनी, लघुवित्त, मर्चेन्ट बैंक, सरकारी तथा अर्धसरकारी संस्थालगायतका एक सय १० भन्दा बढी गैरबैंकिङ संस्थासमेत आबद्ध छन् ।

होटेल सारथिको आइपिओ बिक्री प्रबन्धक सिटिजन्स क्यापिटल

काठमाडौं/ होटेल सारथिले आइपिओ निष्कासन गर्ने भएको छ । आइपिओ निष्कासन तथा बिक्रीका लागि सिटिजन्स क्यापिटल बिक्री प्रबन्धक नियुक्त भएको छ । यससम्बन्धी सम्झौतामा होटेलका कार्यकारी अध्यक्ष प्रह्लाद प्याकुरेल र क्यापिटलका प्रमुख कार्यकारी अधिकृत सबिर बादे श्रेष्ठले सम्झौतापत्रमा हस्ताक्षर गरे ।

होटेलले जारी पुँजीको ३० प्रतिशतले हुन आउने १५ करोड रुपैयाँबराबरको १५ लाख कित्ता आइपिओ जारी गर्नेछ । आइपिओ जारीपश्चात् कम्पनीको चुक्ता पुँजी ५० करोड रुपैयाँ पुग्नेछ । आर्थिक वर्ष ०८२/८३ भित्र आइपिओ आउने र यसमा लगानीकर्ताले लगानीको अवसर पाउने बताइएको छ । ०७२ सालमा स्थापित होटेल सारथि लक्जरी होटेल हो । हाल होटेलमा प्रेसिडेन्सियल सुइट, सुइट, प्रिमियम तथा डिलक्स गरी ८० वटा कोठा सञ्चालनमा छन् । सारथि समूहअन्तर्गत होटेल, मार्ट, बहुउद्देश्यीय सहकारी, वेलफेयर फाउन्डेसन, सारथि भेन्चर्स तथा होलिडेज सञ्चालनमा रहेका छन् ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

गैर बैकिङ्ग सम्पति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पतिको विवरण
१.	चितवन जिल्ला, मेघौली गा.वि.स. वडा नं. ५ ख (हाल भरतपुर म.न.पा. वडा नं. २७) स्थित कित्ता नं. ७८० र ७८१ को क्षेत्रफल क्रमश: १६९.३० र २४२९.६७ (व.मी) को जग्गा ।
२.	रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ६ ख (हाल गरुडा न.पा. वडा नं. ६) स्थित कित्ता नं. ५०७ र ६४९ को क्षेत्रफल क्रमश:०-०-१६ र ०-१-५ (विगाह) को घर/जग्गा।
३.	महोत्तरी जिल्ला, औरही गा.वि.स वडा नं.३/क (हाल औरही न.पा. वडा नं. १) स्थित कित्ता नं. ९२८, ६११ र ९२९ को क्षेत्रफल क्रमश: ०-०-५-०, ०-०-७-० र ०-०-३-० (विगाह) को घर/जग्गा ।
४.	कास्की जिल्ला, रुपाकोट गा.वि.स. वडा नं. १ (हाल पोखरा म.न.पा. वडा नं. ३२) स्थित कित्ता नं. ८८७३, ८९०९ र ८८२४ को क्षेत्रफल क्रमश: ०-५-०-०, ०-६-३-० र ०-६-२-१ (रोपनी) को जग्गा ।
५.	रुपन्देही जिल्ला, मधवनी गा.वि.स वडा नं. ७ (हाल रुपन्देही जिल्ला, लुम्बिनी साँस्कृतिक न.पा. वडा नं. १०) स्थित कित्ता नं. ११२२ क्षेत्रफल ०-०-१४.७५-० (विगाह) को घरजग्गा र कित्ता नं. १३१० को क्षेत्रफल ०-१-१०.७५-० (विगाह) को जग्गा ।
६.	चितवन जिल्ला, खैरहनी गा.वि.स. वडा नं. ०९ (हाल रत्ननगर न.पा. वडा नं. ३) स्थित कित्ता नं. २१६ को क्षेत्रफल ०-१-१५-० (विगाह) को जग्गा ।
७.	काठमाडौं जिल्ला, थली डाँछी गा.वि.स वडा नं. ३ग (हाल कागेश्वरी मनोहरा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ७४ को क्षेत्रफल १२७.१९ (व.मी) को घरजग्गा ।
८.	रौतहट जिल्ला, बगाही गा.वि.स. वडा नं. ७/क (हाल कटहरीया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ३२३ को क्षेत्रफल ०-६-१०-० (विगाह) को जग्गा ।
९.	चितवन जिल्ला, कठार गा.वि.स. वडा नं. ६ क (हाल खैरहनी न.पा. वडा नं. ११) स्थित कित्ता नं. १६६ को क्षेत्रफल १-०-०-० (विगाह) को जग्गा।
१०.	मोरङ जिल्ला, हरैंचा गा.वि.स. वडा नं. ९ ग (हाल सुन्दरहरैंचा न.पा. वडा नं. १२) स्थित कित्ता नं. १०३७ र ३३४७ को क्षेत्रफल क्रमश: ०-०-८.७५-० र ०-०-१०-० (विगाह) को घरजग्गा ।
११.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १/ब (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं. १६८ र १७२ को क्षेत्रफल १-१२-१-० र १-८-३-० (रोपनी) को जग्गा ।
१२.	रुपन्देही जिल्ला, मधवलिया न.पा. वडा नं. ७/क (हाल तिलोत्तमा न.पा. वडा नं. १६) स्थित कित्ता नं. १५२ को क्षेत्रफल ०-१-७-० (विगाह) को घरजग्गा ।
१३.	बारा जिल्ला, निजगढ गा.वि.स. वडा नं. ८/ख (हाल निजगढ न.पा. वडा नं. ९) स्थित कित्ता नं. १२०१ को क्षेत्रफल ०-२-५-८ (विगाह) को जग्गा ।
१४.	जुम्ला जिल्ला, हाकु गा.वि.स वडा नं. ४ ख स्थित कित्ता नं. ११६ को क्षेत्रफल १७५० ब.मि. को घर/जग्गा ।
१५.	रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६ स्थित कित्ता नं. ११८ को क्षेत्रफल ३४६.३५ (व.मि) को घरजग्गा ।
१६.	तनहुँ जिल्ला, मैवल गा.वि.स. वडा नं. ३ (हाल व्यास न.पा. वडा नं. १२) स्थित कित्ता नं. ४१, ४२, ७९, १७९ र ८२ को क्षेत्रफल क्रमश: १-८-२-०, ५-१३-०-२, २-१२-०-०, २-४-०-१ र २-२-०-० (रोपनी) को जग्गा ।
१७.	सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ख स्थित कित्ता नं. २००७ को क्षेत्रफल ९३.१३ (व.मि.) को घरजग्गा ।
१८.	सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ख स्थित कित्ता नं. २९९८ को क्षेत्रफल ९३.१३ (व.मि.) को जग्गा ।
१९.	सुर्खेत जिल्ला, गोठीकाँडा गा.वि.स. वडा नं. २क स्थित कित्ता नं. २६५४ को क्षेत्रफल ९० (व.मि.) को घरजग्गा ।
२०.	धनुषा जिल्ला, ढल्केवर गा.वि.स. वडा नं. ५/क (हाल मिथिला न.पा. वडा नं. ६) स्थित कित्ता नं. १९२३ को क्षेत्रफल १५४.९३ (व.मि) को घर जग्गा ।
२१.	सुनसरी जिल्ला, भरौल गा.वि.स. वडा नं. ३ झ स्थित कित्ता नं. १३० र १३१ को क्षेत्रफल क्रमश: ०-१-५-० र ०-०-१५-० (विगाह) को घरजग्गा ।
२२.	झापा जिल्ला, चन्द्रगढी गा.वि.स. वडा नं.६ (हाल भद्रपुर न.पा. वडा नं.१०) स्थित कित्ता नं. ८३०७ र ८३२९ को क्षेत्रफल क्रमश: ०-१-४-० र ०-२-०-० (विगाह) को घरजग्गा ।
२३.	मोरङ जिल्ला, बयरवन गा.वि.स. वडा नं. ९ र स्थित कित्ता नं. १७९ को क्षेत्रफल ०-१०-०-० (विगाह) को जग्गा ।
२४.	सर्लाही जिल्ला, कार्तोली गा.वि.स. वडा नं. १ घ (हाल हरिवन न.पा. वडा नं. ४) स्थित कित्ता नं. ७८ को क्षेत्रफल ०-५-० (विगाहा) को जग्गा ।
२५.	तनहुँ जिल्ला, बन्दिपुर गा.पा. वडा नं. ४ स्थित कित्ता नं. ४३२ को क्षेत्रफल ०-३-३-२ (रोपनी) को घरजग्गा ।
२६.	कन्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स. वडा नं. ६ (हाल पुनर्वास न.पा. वडा नं. ५) स्थित कित्ता नं. ५६६ को क्षेत्रफल ८१४४.४५ (व.मि) को जग्गा ।
२७.	कन्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स. वडा नं. ६ (हाल पुनर्वास न.पा. वडा नं. ५) स्थित कित्ता नं. ९११ को क्षेत्रफल १८७३.५५ (व.मि) को जग्गा ।
२८.	ललितपुर जिल्ला, विष्टछाप गा.वि.स. वडा नं.८/८(ख) (हाल गोदावरी न.पा. वडा नं.२) स्थित कित्ता नं. २२० को क्षेत्रफल ०-८-१-० (रोपनी) को जग्गा ।
२९.	महोत्तरी जिल्ला, १५ नं बहादुरगंज गा.वि.स वडा नं २ ग (हाल बर्दिवास न.पा वडा.नं ८) स्थित कित्ता नं. १३७ को क्षेत्रफल ०-१-२.५-० (विगाह) को घरजग्गा ।
३०.	महोत्तरी जिल्ला, १५ नं बहादुरगंज गा.वि.स वडा नं ३ ग (हाल बर्दिवास न.पा वडा.नं ८) स्थित कित्ता नं. ४६ को क्षेत्रफल ०-१-० (विगाह) को जग्गा ।
३१.	पर्सा जिल्ला, मजडिया पिप्रा गा.वि.स. वडा नं. ५ गा (हाल वीरगंज उ.म.न.पा. वडा नं. १४) स्थित किता नं. ५१ को क्षेत्रफल ०-०-१० (विगाह) को घर/जग्गा ।
३२.	चितवन जिल्ला, कठार गा.वि.स. वडा नं. ६ क (हाल खैरहनी न.पा. वडा नं. ११) स्थित किता नं. ११८४ को क्षेत्रफल ०-५-०-० (बिगाह) को जग्गा ।
३३.	चितवन जिल्ला, वीरेन्द्रनगर गा.वि.स. वडा नं. ७ ख (हाल राप्ती न.पा. वडा नं. ९) स्थित किता नं. ७६० को क्षेत्रफल ०-१-१६.७५-० (विगाह) को जग्गा ।
३४.	कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ६ स्थित किता नं. १४५ को क्षेत्रफल ३२२.६० (ब.मि.) को घरजग्गा ।
३५.	बारा जिल्ला, भगवानपुर गा.वि.स. वडा नं. ८ (हाल आदर्श कोतवाल गा.पा. वडा नं. १) स्थित किता नं. ५८४ को क्षेत्रफल ०-१०-० (विगाह) को जग्गा ।
३६.	पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १ (हाल वीरगंज म.न.पा. वडा नं. १) स्थित कित्ता नं. १०५ को क्षेत्रफल १५६.६ (व.मी.)को घरजग्गा ।
३७.	सुनसरी जिल्ला, एकम्बा गा.वि.स. वडा नं. ५क (हाल : ईटहरी उ.म.न.पा. वडा नं. १५) स्थित किता नं. ६०२ को क्षेत्रफल ०-६-५ (विगाहा) को जग्गा ।
३८.	मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. १० (हाल हेटौंडा उ.म.न.पा. वडा नं. १०) स्थित किता नं. २७०१ को क्षेत्रफल ०-१-८.५-० (विगाह) को घरजग्गा ।
३९.	महोत्तरी जिल्ला वहादुरगंज उ.म.न.पा./गा.वि.स. वडा नं. ६क हाल महोत्तरी जिल्ला, गौशाला न.पा वडा नं. ०८ स्थित किता नं. १३५ को क्षेत्रफल ०-१६-९-० (विगाह) को जग्गा ।
४०.	भक्तपुर जिल्ला, मध्यपुर थिमि न.पा वडा नं. ७ (हाल मध्यपुर थिमि न.पा वडा नं. ६) स्थित किता नं. ११७ र ११८ को क्षेत्रफल १७६.८८ र १७६.८८ (ब.मी) को जग्गा ।
४१.	सुनसरी जिल्ला, भैरौल गा.वि.स वडा नं. ४/ग स्थित किता नं. १७७३ को क्षेत्रफल ०-०-१५.२५ (विगाहा) को घरजग्गा ।
४२.	सुनसरी जिल्ला, भैरौल गा.वि.स वडा नं. ४/ग स्थित किता नं. १६०६, १६०३ र १४७४ को क्षेत्रफल क्रमश: ०-०-१०, ०-०-१२.५ र ०-१-० (विगाह)को घरजग्गा ।
४३.	बारा जिल्ला, निजगढ गा.वि.स वडा नं ७ स्थित किता नं. १३३८ को क्षेत्रफल ०-२-१-४ (विगाहा) को जग्गा ।
४४.	कास्की जिल्ला, रुपाकोट गा.वि.स. वडा नं. १ (हाल पोखरा न.पा. वडा न. ३२) स्थित किता नं. ६४८३ र ८७१४ को क्षेत्रफल क्रमश: ०-२-०-२ र ०-४-३-३ (रोपनी) को घरजग्गा ।
४५.	मकवानपुर जिल्ला, बसामाडी गा.वि.स. वडा नं. ५ स्थित किता नं. ४४१३ को क्षेत्रफल ०-३-२-० (विगाहा) को जग्गा ।
४६.	मकवानपुर जिल्ला, बसामाडी गा.वि.स. वडा नं. ५ स्थित किता नं. १८३५ को क्षेत्रफल ०-८-४-० (विगाहा) को जग्गा ।
४७.	रुपन्देही जिल्ला, गंगोलिया गा.वि.स. वडा नं. ७क स्थित किता नं. १०८ को क्षेत्रफल ०-९-१३-० -विगाह) को जग्गा ।
४८.	नवलपरासी (ब.सु.पु) जिल्ला, रजहर गा.वि.स. वडा नं.४ स्थित किता नं ६५३ को क्षेत्रफल ०-५-०-० (विगाह) को जग्गा ।
४९.	नवलपरासी (ब.सु.पु) जिल्ला, सिसबार गा.वि.स. वडा नं.५ग स्थित किता नं ७३२ को क्षेत्रफल ०-५-१०-० (विगाह) जग्गा ।
५०.	नवलपरासी (ब.सु.पु) जिल्ला, सिसबार गा.वि.स. वडा नं.५ग स्थित किता नं ७३४ को क्षेत्रफल ०-१-८.७५-० (विगाह) जग्गा ।
५१.	नवलपरासी (ब.सु.पु), जिल्ला, सिसबार गा.वि.स. वडा नं.५ग स्थित किता नं ७३५ को क्षेत्रफल ०-१-१९.७५-० (विगाह) जग्गा ।
५२.	सर्लाही जिल्ला, पत्थरकोट गा.वि.स. वडा नं. ९ख स्थित किता नं. ४४५८ र ३५२० को क्षेत्रफल क्रमश : ०-०-१-५ र ०-०-५-० (विगाह) को घरजग्गा ।
५३.	झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ स्थित किता नं. ११५७ को क्षेत्रफल ००२६६.६५ (व.मि) को घरजग्गा ।
५४.	मकवानपुर जिल्ला, हटिया गा.वि.स. वडा नं. ७ स्थित किता नं. ३७८०, ३७७९ र ४५१२ को क्षेत्रफल क्रमश: २७०.८८, ११८.५१ र ६२६.४४ (व.मी)को जग्गा ।
५५.	रौतहट जिल्ला, विश्रामपुर गा.वि.स. वडा नं. ८ स्थित किता नं. ९१० र ९११ को क्षेत्रफल क्रमश : ०–५–१५ र ०–५–१५ (विगाहा) को जग्गा ।
५६.	रौतहट जिल्ला, विश्रामपुर गा.वि.स. वडा नं. ८ स्थित किता नं. १२४९ को क्षेत्रफल ०–४–१४ (विगाहा) को जग्गा ।
५७.	रौतहट जिल्ला, लक्ष्मिनिया गा.वि.स. वडा नं २/ख (हाल: फतुवा विजयपुर न.पा. वडा नं. ८) स्थित किता नं. ४६ को क्षेत्रफल ०-७-० (बिगाह) को जग्गा ।
५८.	चितवन जिल्ला, पटिहानी गा.वि.स. वडा नं. २ग स्थित किता नं. २०४० को क्षेत्रफल ६४०.६७ (व.मि.)को घरजग्गा ।
५९.	कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. १४ स्थित किता नं ७९ को क्षेत्रफल १९५.१० (ब.मी.) को घरजग्गा ।
६०.	रौतहट जिल्ला, पथराबुधराम गा.वि.स. वडा नं. ८ स्थित किता नं. २०२ को क्षेत्रफल ०-९-२ (विगाहा) को जग्गा ।
६१.	पर्सा जिल्ला, बगाही गा.वि.स. वडा नं. १गा स्थित किता नं. ६८ को क्षेत्रफल ०-२-०-० (विगाह) को जग्गा ।
६२.	पर्सा जिल्ला, बहुअर्वा भाठा गा.वि.स. वडा नं. २ग स्थित किता नं. ७३७ को क्षेत्रफल ०-०-१७-४ (विगाह) को घर/जग्गा ।
६३.	झापा जिल्ला, हल्दिबारी गा.पा. वडा नं. २ख स्थित किता नं. ३६६४ को क्षेत्रफल ०-१२-१२-० (बिगाह) को जग्गा ।
६४.	काठमाडौं जिल्ला, गोठाटार गा.वि.स./न.पा. वडा नं. १ स्थित किता नं. ८१ को क्षेत्रफल ०-७-१-१ (रोपनी) को घरजग्गा ।
६५.	धनुषा जिल्ला, ढल्केवर गा.वि.स. वडा नं. ५क स्थित किता नं ११५९ को क्षेत्रफल ०-०-१०-० (बिगाह) को जग्गा ।
६६.	धनुषा जिल्ला, ढल्केवर गा.वि.स. वडा नं. ५क स्थित किता नं. २५६९ को क्षेत्रफल ०-०-१४-० (बिगाह) को जग्गा ।
६७.	सर्लाही जिल्ला, ईश्वरपुर गा.वि.स. वडा नं. ३ग स्थित किता नं. ३२१ को क्षेत्रफल ०-४-० (विगाह) को जग्गा ।
६८.	धनुषा जिल्ला, बेंगा डावर गा.वि.स. वडा नं. ८क स्थित किता नं. ४३२ र ४३४ को क्षेत्रफल क्रमश: ०-१-१७-० र ०-२-०-० (विगाह) को जग्गा ।
६९.	बारा जिल्ला, भवानीपुर गा.वि.स. वडा नं. ३ स्थित किता नं. १२७ को क्षेत्रफल ०-५-३-० (विगाहा) को जग्गा ।
७०.	सर्लाही जिल्ला, पत्थरकोट गा.वि.स. वडा नं. ६ख स्थित किता नं. ४२६ को क्षेत्रफल ०-०-१५-० (विगाह) को घरजग्गा ।
७१.	पर्सा जिल्ला, विरुवागुठी गा.वि.स. वडा नं. ६ क (हाल पर्सागडी न.पा. वडा नं. ३) स्थित किता नं. १०७२, ३०० र ९०९ को क्षेत्रफल कमश: ०-४-०-०, ०-१३-०-० र ०-४-१२-० (विगाह) को घर/जग्गा ।
७२.	भक्तपुर जिल्ला, कटुञ्जे गा.वि.स. वडा नं. ३ (हाल सूर्यविनायक न.पा. वडा नं. ५) स्थित किता नं. ११६३ र ११७७ को क्षेत्रफल क्रमश: २५४.३२ र ३२५.८५ (व.मि) को जग्गा ।
७३.	रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ९/क (हाल बुटवल उ.म.न.पा. वडा नं. ११) स्थित किता नं. १०३७२ को क्षेत्रफल ०-०-५.५०-० (विगाहा) को घरजग्गा ।
७४.	रुपन्देही जिल्ला, आनन्दवन गा.वि.स. वडा नं. २ क (हाल तिलोत्तमा न.पा. वडा नं. ४) स्थित किता नं. ४०२४ र ४०३० को क्षेत्रफल क्रमश: ०-०-५-० र ०-०-५-० को घरजग्गा ।
७५.	सिरहा जिल्ला, विष्णुपुर प्र.म. गा.वि.स. वडा नं. ९ (हाल विष्णुपुर गा.पा. वडा नं. १) स्थित किता नं. १०८९, १०९०, १०९१ र १०९२ को क्षेत्रफल क्रमश ०–०–१२.५, ०–०–१२.५, ०–०–२.२५ र ०–०–२.२५ (विगाह) को घरजग्गा ।
७६.	सप्तरी जिल्ला, भरुवाखाल गा.वि.स. वडा नं. ३/ख (हाल सप्तकोशी न.पा. वडा नं. १) स्थित किता नं. २०१३ को क्षेत्रफल ०-०-१० (विगाहा) को घरजग्गा ।
७७.	चितवन जिल्ला, चैनपुर गा.वि.स. वडा नं. ८ घ स्थित किता नं. ३६७ को क्षेत्रफल ०-४-०-० (विगाह) को जग्गा ।
७८.	कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. १२ च स्थित किता नं. १४६ को क्षेत्रफल ०-१८-१५-० (विगाह) को जग्गा ।
७९.	धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. ४ (हाल जनकपुर उ.म.न.पा. वडा नं. ४) स्थित किता नं. १३२ को क्षेत्रफल ०-०-१२-० (विगाह) को घरजग्गा ।
८०.	धनुषा जिल्ला, भरतपुर गा.वि.स. वडा नं. ८ग (हाल गणेशमान चारनाथ न.पा. वडा नं. २) स्थित किता नं. ६१४, ६५५, ६२४ र ६५४ को क्षेत्रफल क्रमश: ०(०(७-१०, ०(२(०(८, ०(२(३(४ र ०(२(६-० (विगाह) को जग्गा ।
८१.	धनुषा जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ४ग (हाल सबैला न.पा. वडा नं. १२) स्थित किता नं. ५९ को क्षेत्रफल ०-६-९-० (विगाह) को जग्गा ।
८२.	धनुषा जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ७घ (हाल सबैला न.पा. वडा नं. १२) स्थित किता नं. ४१८ को क्षेत्रफल ०-१-६-८ (विगाह) को जग्गा ।
८३.	धनुषा जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ४ग (हाल सबैला न.पा. वडा नं. १२) स्थित किता नं. १२० को क्षेत्रफल ०-०-१०-११ (विगाह) को जग्गा ।
८४.	धनुषा जिल्ला, भरतपुर गा.वि.स. वडा नं. २घ (हाल गणेशमान चारनाथ न.पा. वडा नं. १) स्थित किता नं. ९९७ को क्षेत्रफल ०-१-०-० (विगाह) को जग्गा ।
८५.	धनुषा जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ४ग (हाल सबैला न.पा. वडा नं. १२) स्थित किता नं. ३५४ को क्षेत्रफल ०-०-२-० (विगाह) को जग्गा ।
८६.	धनुषा जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ४ग (हाल सबैला न.पा. वडा नं. १२) स्थित किता नं. ३५८ को क्षेत्रफल ०-१-०-० (विगाह) को जग्गा ।
८७.	धनुषा जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ४/ग (हाल सबैला न.पा. वडा नं. १२) स्थित किता नं. ३५२ र ५५ को क्षेत्रफल क्रमश: ०-४-२-० र ०-१-६-० (विगाह) को जग्गा ।
८८.	धनुषा जिल्ला भरतपुर गा.वि.स. वडा नं. २/घ (हाल गणेशमान चारनाथ न.पा. वडा नं. १) स्थित किता नं. ११६६ को क्षेत्रफल ०-१-०-० (विगाह) को जग्गा ।
८९.	धनुषा जिल्ला, वेंगा शिवपुर गा.वि.स. वडा नं. ६/ख (हाल जनकपुरधाम उ.म.न.पा. वडा नं. १९) स्थित किता नं. १९८६ को क्षेत्रफल ०-०-१०-० (विगाह) को जग्गा ।
९०.	चितवन जिल्ला, गुन्जनगर गा.वि.स. वडा नं. ८ (हाल भरतपुर म.न.पा. वडा नं. १७) स्थित किता नं. ३३१ र ३३८ को क्षेत्रफल क्रमश: ३३८.६३ र ५०७.९४ (व.मि) को जग्गा ।
९१.	चितवन जिल्ला, गुन्जनगर गा.वि.स. वडा नं. ८ ग (हाल भरतपुर म.न.पा. वडा नं. १७) स्थित किता नं. ३५६ को क्षेत्रफल २७०.४७ (व.मि) को जग्गा ।
९२.	तनहुँ जिल्ला, ढोरफिर्दी गा.वि.स. वडा नं. ७ क स्थित किता नं. ३३८ को १-११-१-१ (रोपनी) को घरजग्गा ।
९३.	सिरहा जिल्ला, कर्जन्हा गा.वि.स. वडा नं. ९/क (हाल कर्जन्हा न.पा. वडा नं. ११) स्थित किता नं. ५४० को ०-०-१०-० (विगाह) को घर जग्गा ।
९४.	मकवानपुर जिल्ला, रातोमाटे गा.वि.स. वडा नं. ३ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. १५) स्थित किता नं. २६४३ को क्षेत्रफल ०-१-०-० (विगाह) को घरजग्गा ।
९५.	सर्लाही जिल्ला, सिसौटिया गा.वि.स. वडा नं. ५ (हाल गोडैता गा.वि.स. वडा नं. १०) स्थित किता नं. ६८ को क्षेत्रफल ०-४-४-० (विगाह) को घर/जग्गा ।
९६.	ललितपुर जिल्ला, लुभू गा.वि.स./न.पा. वडा नं. ८/क स्थित किता नं. २५८३ र २५९१ को क्षेत्रफल क्रमश: ९९.३६ र १९.८७ (व.मि) को घर/जग्गा ।
९७.	सिरहा जिल्ला, चन्द्रलालपुर गा.वि.स. वडा नं. १ (हाल गोलबजार न.पा. वडा नं. ८) स्थित किता नं. ७७२ र ३१२० क्षेत्रफल क्रमश: ४२.३३ र २११.६३ (व.मि) को घरजग्गा ।
९८.	सिन्धुली जिल्ला, महेन्द्र सदाभिर गा.वि.स./उ.म.न.पा. वडा नं. ५ क (हाल दुधौली न.पा. वडा नं. ९) स्थित किता नं. ८५ र ८६ को क्षेत्रफल क्रमश: ०-५-१४-० र ०-६-६-२ (विगाह) को जग्गा ।
९९.	सिन्धुली जिल्ला, महेन्द्र सदाभिर गा.वि.स./उ.म.न.पा. वडा नं. ४ ख (हाल दुधौली न.पा. वडा नं. ९) स्थित किता नं. १२४० को क्षेत्रफल ०-१८-३-० (विगाह) को जग्गा ।
१००.	धनुषा जिल्ला, सखुवा गा.वि.स. वडा नं. ६ घ (हाल क्षीरेश्वरनाथ न.पा. वडा नं. ६) स्थित किता नं. १०९५ को क्षेत्रफल ०-०-१४-८ (विगाह) को घरजग्गा ।
१०१.	धनुषा जिल्ला, सखुवा गा.वि.स. वडा नं. ६ क (हाल क्षीरेश्वरनाथ न.पा. वडा नं. ६) स्थित किता नं. ११४८ र ११५२ को क्षेत्रफल क्रमश: ०-१-० र ०-२-११ (विगाह) को जग्गा ।
१०२.	धनुषा जिल्ला, धनुषा गोविन्दपुर गा.वि.स. वडा नं. ४/क (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित किता नं. ५७९ को क्षेत्रफल १-०-०-० (विगाहा) को जग्गा ।
१०३.	धनुषा जिल्ला, धनुषा गोविन्दपुर गा.वि.स. वडा नं. २/क (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित किता नं. ९८७ को क्षेत्रफल ०-११-० (विगाहा) को जग्गा ।
१०४.	धनुषा जिल्ला, धनूषा गोविन्दपुर गा.वि.स. वडा नं. ४/क (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित किता नं. ५८१ को क्षेत्रफल ०-९-२-१२ (विगाहा) को जग्गा ।
१०५.	धनुषा जिल्ला, धनूषा गोविन्दपुर गा.वि.स. वडा नं. ४/क (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित किता नं. ५८२ को क्षेत्रफल ०-७-९-० (विगाहा) को जग्गा ।
१०६.	धनुषा जिल्ला, धनुषा गोविन्दपुर गा.वि.स. वडा नं. १ (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित किता नं. ७०० को क्षेत्रफल ०-०-१५-८ (विगाहा) को जग्गा ।
१०७.	नवलपरासी जिल्ला, हकुई गा.वि.स. वडा नं. ८ (हाल रामग्राम न.पा. वडा नं. १६) स्थित किता नं. १०१५ को क्षेत्रफल ०-५-२-०.२५ (विगाहा) को जग्गा ।
१०८.	भक्तपुर जिल्ला, कटुन्जे गा.वि.स. वडा नं. ०८ क (हाल सूर्यविनायक न.पा. वडा नं. ६) स्थित किता नं. ५७० को क्षेत्रफल १२७.१८ (व.मि) को घरजग्गा ।
१०९.	मोरङ जिल्ला, राजघाट गा.वि.स. वडा नं. ६/ष (हाल रतुवामाई न.पा. वडा नं. ८) स्थित किता नं. ४३५ को क्षेत्रफल १-१४-४ (विगाहा) को जग्गा ।
११०.	रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६ स्थित किता नं. २३ र ४४ को क्षेत्रफल क्रमश: ४१४.२५ र ४२.८० (व.मि) को जग्गा ।
१११.	बारा जिल्ला, अमरप ी गा.वि.स. वडा नं. ३८२ को क्षेत्रफल ०-२-०-० (विगाह) को जग्गा ।
११२.	बारा जिल्ला, तेलकंवा गा.वि.स. वडा नं. १ (हाल महागढीमाई न.पा. वडा नं. ७) स्थित किता नं. ३२४ को क्षेत्रफल ०-४-१५-० (विगाहा) को जग्गा ।
११३.	भक्तपुर जिल्ला, कटुञ्जे गा.वि.स. वडा नं. १/ख (हाल भक्तपुर न.पा. वडा नं. १) स्थित किता नं. ३७१ को क्षेत्रफल ०-६-१-० (रोपनी) को जग्गा ।
११४.	कास्की जिल्ला, हेम्जा गा.वि.स. वडा नं. ७ स्थित किता नं. ५३१६ र ५७८८ को क्षेत्रफल क्रमश: ०-३-१-३ र ०-२-२-० (रोपनी) को जग्गा ।
११५.	पर्सा जिल्ला, सिसिर्या ख.टो. गा.वि.स. वडा नं. १ (हाल वीरगंज म.न.पा. वडा नं. २५) स्थित किता नं. १०६ र ६७२ को क्षेत्रफल क्रमश: ३२५.०० र ४६.६६ (व.मि) को जग्गा ।
११६.	तनहुँ जिल्ला, दोरदोर गा.वि.स. वडा नं. ५ (हाल भानु न.पा. वडा नं. १) स्थित किता नं. १४४२ को क्षेत्रफल ५३४.५७ (व.मि) को घरजग्गा ।
११७.	सुनसरी जिल्ला, हांसपोसा गा.वि.स. वडा नं. २ क स्थित किता नं. ३६८१ वो क्षेत्रफल ०-०-१०.५०-० (विगाह) को घरजग्गा ।

लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
३. बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयमले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
४. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
५. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

मंगलबार ९ वैशाख ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका
का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०

महिला टोलीका मुख्य प्रशिक्षक बन्न 'प्रो' लाइसेन्स अनिवार्य

एन्फामा ३१ जना 'ए' लाइसेन्सप्राप्त प्रशिक्षक छन्, तर उनीहरूसँग 'प्रो' लाइसेन्स छैन



फाइल तस्बिर

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

नेपाली राष्ट्रिय पुरुष फुटबल टोलीमा जस्तै महिला पनि 'प्रो' लाइसेन्स भएका प्रशिक्षकले जिम्मेवारी पनि सम्भावना देखिएको छ। अखिल नेपाल फुटबल संघ (एन्फा)ले सोमबार राष्ट्रिय महिला फुटबल टोलीको रिक्त मुख्य प्रशिक्षकको आवेदन खुला गरेको छ। 'प्रो' लाइसेन्स भनेको युइएफएले दिने माथिल्लो स्तरको प्रशिक्षण प्रमाणपत्र हो। गत फागुनमा एन्फाले अस्ट्रेलियनका म्याट रोसलाई पुरुष टोलीमा मुख्य प्रशिक्षकमा नियुक्त दिएको थियो। उनीसँग 'प्रो' लाइसेन्स प्रमाणपत्र छ। यसपटक एन्फाले महिला टोलीमा पहिलोपटक 'प्रो' लाइसेन्स भएको प्रशिक्षक राख्न लागेको हो ।

एन्फाले गत बिहीबार खेलकुद मन्त्रालयबाट विज्ञापन प्रकाशन गर्ने अनुमति पाएको थियो । खेलकुद मन्त्रालयबाट स्वीकृति पाएपछि एन्फाले महिलातर्फको मुख्य प्रशिक्षक आवेदन खुलाएको हो। मुख्य प्रशिक्षक बन्न एन्फाले दुईवटा आवश्यक सर्त पूरा हुनुपर्ने जनाएको छ। कम्तीमा 'प्रो' लाइसेन्स भएकाले सिनियर महिला टोली सम्हालेको वा युथ राष्ट्रिय टोली सम्हालिसकेको हुनुपर्ने एन्फाले जनाएको छ। यसैगरी, ट्याक रेकर्ड पनि राम्रो भएको हुनुपर्ने जनाएको छ। एन्फाले महिला टोलीका लागि पर्फमेन्स एनलाइसिसको आवेदन पनि खुला गरेको छ।

एन्फाले यसमा फिटनेस कोर्सको प्रमाणपत्र हुनुपर्ने र लेभल वानको डाटा एनलाइसिस गरेको अनुभव हुनुपर्ने जनाएको छ। यसमा कमीतमा एक वर्षको अनुभव अनिवार्य हुनुपर्नेछ। एन्फाका यी सर्त पूरा गर्न सक्ने प्रशिक्षकले २५ मेसम्म एन्फाको कार्यालयमा आवेदन दिन सक्छन्। एन्फासँग अहिले राष्ट्रियस्तरका ३० जना 'ए' लाइसेन्स प्रशिक्षक छन्। तर, उनीहरू कसैसँग पनि 'प्रो' लाइसेन्स छैन। यस अवस्थामा एन्फासँग उपलब्ध 'ए' लाइसेन्स बोकेका प्रशिक्षकले महिला टोलीको मुख्य प्रशिक्षक बन्न आवेदन दिन नपाउने भएको एन्फा स्रोतले बताएको छ।

'हामीसँग भएका कोही पनि प्रशिक्षकसँग 'प्रो' लाइसेन्स छैन,' एन्फा स्रोतले भने, 'विदेशमा रहेका एकजनासँग मात्र 'प्रो' लाइसेन्स छ, तर उसले आवेदन दिन्छ वा दिँदैन थाहा भएन।' नेपालमा 'प्रो' लाइसेन्सप्राप्त प्रशिक्षक नभएको अवस्थामा अब महिला टोलीको प्रशिक्षक पनि विदेशी नै पक्का हुने भएको छ। प्रशिक्षक सिनियर महिला टोली वा युथ राष्ट्रिय टोलीमा व्यावसायिक स्तरमा सफलता हासिल गरेको हुनुपर्ने एन्फाको भनाइ छ। एएफसीले राष्ट्रिय टोलीका मुख्य प्रशिक्षक हुन 'प्रो' लाइसेन्स हुनुपर्ने लागू गरेपछि एन्फाले यसैको खोजी गरेको हो।

तामाङको प्रशिक्षणमा तीन अन्तर्राष्ट्रिय प्रतियोगितामा उपविजेता

'प्रो' लाइसेन्सधारी प्रशिक्षक अनिवार्य हुनुअघि नेपाली राष्ट्रिय महिला टोलीलाई राजेन्द्र तामाङले प्रमुख तीनवटा अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रशिक्षण दिलाएका थिए। उनकै प्रशिक्षणमा नेपाल यी तीनवटै प्रतियोगितामा उपविजेता बन्यो। वाफ महिला च्याम्पियनसिप, दक्षिण एसियाली महिला साफ च्याम्पियनसिप र फोर नेसन्स कपमा नेपाल उपविजेता बनेको थियो। गत वर्ष साफ च्याम्पियनसिपमा नेपालले उपाधि जित्न नसक्दा तामाङले राजीनामा दिएका थिए। पछि एन्फाले दशरथ रंगशालामै भएको फोर नेसन्स कपका लागि उनलाई नै मुख्य प्रशिक्षकको जिम्मेवारी दिएको थियो। दुई वर्षअघि भएको वाफमा नेपालसँगै जोर्डन, लेबनान, इराक, प्यालेस्टाइन, साउदी अरेबिया, सिरिया र गुआमले भाग लिएका थिए।

नेपालले एएफसी एसिया कप छनोट खेल्दै

नेपालले आगामी २३ जुनमा उज्वेकिस्तानमा हुने एएफसी महिला एसियन कप २०२६ को छनोट खेल्दै छ। नेपाल समूह 'एफ'मा छ। नेपालको समूहमा उज्वेकिस्तान, लाओस र श्रीलंका छन्। यस समूहका सबै खेल उज्वेकिस्तानमा हुनेछन्। नेपालले छनोटमा भाग लिनुअघि टोली तयार पार्न एन्फाले विदेशी प्रशिक्षक ल्याउने तयारी गरेको स्रोतले बताए। 'हामीसँग उपलब्ध भएका 'प्रो' लाइसेन्स प्रशिक्षक नहुँदा अब एसिया कप छनोटमा विदेशी प्रशिक्षकले नै जिम्मेवारी पाउने सम्भावना छ,' उनले भने, 'पुरुषमा जस्तै महिला पनि विदेशी प्रशिक्षक नै हुनेछन्।' नेपालले २९ जुनमा लाओसविरुद्ध पहिलो खेल खेल्नेछ। २ जुलाईमा श्रीलंका र ५ जुलाईमा उज्वेकिस्तानको सामना गर्नेछ। समूहको शीर्ष स्थानमा रहने टोली अस्ट्रेलियामा हुने एसिया कपका लागि छनोट हुनेछ। नेपाल फिफा महिला वरीयतामा ९९औँ स्थानमा छ। लाओस १०७औँ स्थानमा छ।

३४ भारतीय क्रिकेटरको तलब कति ?

एजेन्सी



भारतीय क्रिकेट बोर्ड (बिसिसिआई)ले सोमबार ३४ खेलाडीसँग केन्द्रीय सम्झौता गरेको छ। सन् २०२४-०२५ सम्मका लाग बिसिसिआईले क्रिकेटरसँग एक वर्षको सम्झौता गरेको भारतीय समाचार एजेन्सीहरूले जनाएका छन्। नयाँ सम्झौता २०२४ अक्टोबरदेखि २०२५ सेप्टेम्बरसम्म लागू हुने बिसिसिआईले जनाएको छ। बिसिसिआईले चार श्रेणीमा खेलाडीलाई बाँडेको छ। उच्च 'ए' र 'ए' श्रेणी गरी दुई समूहमा खेलाडी परेका छन्।

उच्च 'ए' श्रेणीमा चार खेलाडी समावेश छन्। जसमा कप्तान रोहित शर्मा, विराट कोहली, जसप्रित बुमराह र रवीन्द्र जडेजा रहेका छन्। उच्च 'ए' श्रेणीमा परेका खेलाडीले बिसिसिआईबाट वार्षिक पारिश्रमिक रूपमा सात करोड भारु लिनेछन्। बिसिसिआईको नयाँ सम्झौता श्रेयस अयर र इशान किसनले स्थान बनाएका छन्। यसपटक रविचन्दन आश्विनसँग बोर्डले केन्द्रीय सम्झौता गरेन।

गत वर्ष आश्विनले राष्ट्रिय टोलीबाट सबै फर्म्याटबाट सन्यास लिएका थिए। बिसिसिआईले भारतीय राष्ट्रिय टी-२० बाट सन्यास घोषणा गरेका रोहित, कोहली र जडेजालाई उच्च श्रेणी 'ए'मा समावेश गरेको हो। यसपटक ऋषभ पन्तले फड्को मारेका छन्। उनी 'बी'बाट 'ए' श्रेणीमा बढुवा भएका छन्। यसपटक लोकेश राहुल, मोहमद सिराज, सुभमन गिल, हार्दिक पाण्ड्या र मोहमद सामी 'ए' श्रेणीमा रहे।

बिसिसिआईका अनुसार 'बी' श्रेणीमा भारतको टी-२० टोलीका कप्तान सूर्यकुमार यादव, कुलदीप यादव, अक्षर पटेल र यशस्वी जैसवाल छन्। 'सी' श्रेणीमा इशान किसनबाहेक अन्य सबै खेलाडी पुरानै हुन्। गत वर्षको सम्झौतामा १५ खेलाडी थिए। यसपटक बिसिसिआईले खेलाडी संख्या घटाएको छ। नयाँ खेलाडी पनि 'सी' श्रेणीमा परेका छन्। नीतीशकुमार रेड्डी, ध्रुव जुरेल, अभिषेक शर्मा, सर्फराज खान, आकाश दीप, वरुण चक्रवर्ती र हर्षित राना छन्। गत वर्षको केन्द्रीय सम्झौताको 'सी' श्रेणीमा रहेका शार्दुल ठाकुर, केएस भरत, आवेश खान र जितेश शर्मा बाहिरिएका छन्। बिसिसिआईले यसपटकको केन्द्रीय सम्झौताबाट जितेश शर्मा, लोकेश भरत तथा आवेश खानसँग सम्झौता गरेन।

वार्षिक पारिश्रमिक र श्रेणी

उच्च 'ए' — सात करोड भारु
रोहित शर्मा, विराट कोहली, जसप्रीत बुमराह, रवीन्द्र जडेजा

श्रेणी 'ए' — पाँच करोड भारु
मोहम्मद सिराज, लोकेश राहुल, शुभमन गिल, हार्दिक पाण्ड्या, मोहम्मद सामी, ऋषभ पन्त

श्रेणी 'बी' — तीन करोड भारु
सूर्यकुमार यादव, कुलदीप यादव, अक्षर पटेल, यशस्वी जैसवाल, श्रेयस अयर

श्रेणी 'सी' — एक करोड भारु
रिंकु सिंह, तिलक बर्मा, रुतुराज गायकवाड, शिवम दुबे, रवि बिस्नोई, वासिंगटन सुन्दर, मुकेश कुमार, सञ्जु सामसन, अर्शदीप सिंह, प्रसिद्ध कृष्णा, रजत पाटिदार, ध्रुव जुरेल, सर्फराज खान, नतिशकुमार रेड्डी, इशान किसन, अभिषेक शर्मा, आकाश दीप, वरुण चक्रवर्ती, हर्षित राना

खेल संक्षेप

आयोजक एकेडेमी ६ स्वर्णसहित अगाडि

काठमाडौं/ आयोजक मदन भण्डारी स्पोर्टस् एकेडेमी 'ए' मदन भण्डारी आमन्त्रित राष्ट्रिय तेक्वान्दो प्रतियोगिताको पहिलो दिन सोमबार ६ स्वर्ण जितेको छ। ग्योरोगी र पुम्सेमा गरी ३६ स्पर्धा समावेश प्रतियोगिताको पहिलो दिन २६ स्पर्धाको फाइनल भयो। जसमा आयोजकको एकेडेमी 'ए' ६ स्वर्णका साथ शीर्ष स्थानमा छ। राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा भएको प्रतियोगितामा एब्सोलुट र श्रीनले समान दुई स्वर्ण जितेका छन्। सभामुख देवराज घिमिरेले प्रतियोगिताको उद्घाटन गरेका छन्।

दुई दिनसम्म चल्ने प्रतियोगितामा चार सय ७९ खेलाडीको सहभागिता रहेको प्रतियोगिता संयोजक मनोज खड्गीले जनाएका छन्। शीर्ष स्थानमा रहने टोलीले एक लाख, दोस्रो स्थानकाले ६० हजार र तेस्रो स्थानमा रहने टोलीले ३० हजार रुपैयाँ पाउने आयोजकले जनाएको छ। उत्कृष्ट पुरुष र महिला खेलाडीले जनही पाँच हजार रुपैयाँ पाउनेछन्।

पोखरामा थपियो ब्याडमिन्टनको कभर्डहल

कास्की/ पोखरा महानगरपालिका- २३ मा नयाँ ब्याडमिन्टन कभर्डहल निर्माण भएको छ। नेपाल पुन मगर समाजले तल्लो गगनगौँडामा ५२ लाख ७३ हजार रुपैयाँको लागतमा कभर्डहल निर्माण गरेको हो। कभर्डहल निर्माण उपभोक्ता समिति र समाजका अध्यक्ष तुलबहादुर पुर्जा पुनले प्रदेश सरकार र महानगरपालिकाको सहयोगमा कभर्डहल निर्माण भएको बताए। भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले १५ लाख, पोखरा महानगरपालिकाले २० लाख, समाजका सदस्यले ६ लाख ४९ हजार तीन सय ९४ रुपैयाँबराबरको श्रमदान गरेको पुनले बताए।

तेक्वान्दो टोली चीन जाँदै

काठमाडौं/ नेपाली तेक्वान्दो टोली चीनमा दुई फरक अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुने भएको छ। प्रतियोगिताको पुरुष ५८ केजीमुनि सुमित विष्ट र ७४ केजीमुनि आशिष भण्डारीले प्रतिस्पर्धा गर्नेछन्। प्रशिक्षकमा सयद हसन रेजा रहेका छन्। नेपाली टोलीले १० देखि ११ वैशाखसम्म ताइयानमा हुने सातौँ डब्लुटी प्रेसिडेन्ट्स कप (एसियाली क्षेत्र)मा सहभागी हुनेछ। त्यसपछि टोली १६ देखि १७ वैशाखसम्म हुने १३औँ एसियाली क्लब तेक्वान्दो प्रतियोगितामा सहभागी हुन बुक्सी जानेछ।

■ लुम्बिनी कप महिला फुटबल

कर्णालीमाथि एपिएफको ६-० को जित



राष्ट्रिय टोलीका ११ खेलाडीलाई मैदानमा उतारेको एपिएफले कर्णालीलाई ६-० ले हरायो

रमेश सुवेदी, विश्वराज पछ्लडङ्गया/नयाँ पत्रिका

उपाधि दाबेदार नेपाल एपिएफ क्लब लुम्बिनी कप अन्तर्राष्ट्रिय आमन्त्रण महिला फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। बाँकेको नेपालगन्ज रंगशालामा सोमबार एपिएफले कर्णाली प्रदेश फुटबल संघलाई ६-० ले हराउँदै अन्तिम चारको स्थान पक्का गरेको हो। एपिएफको जितसँगै लुम्बिनी कपको सेमिफाइनल समीकरण पूरा भएको छ। मंगलबार हुने पहिलो सेमिफाइनलमा नेपाल पुलिसले त्रिभुवन आर्मी क्लबको सामना गर्नेछ। १० वैशाखमा एपिएफ र रौतहटबिच दोस्रो सेमिफाइनल हुनेछ।

आठ टोली सहभागी प्रतियोगिताको फाइनल १२ वैशाखमा हुनेछ। ३९ डिग्री तापक्रम रहेको खेलमा एपिएफलाई जिताउन रेनुका नगरकोटे, अनिता केसी, गीता राना र रश्मिकुमारी घिसिङले गोल गरेकी हुन्। कर्णालीकी टीना रावतले दुई आत्मघाती गोल गरिन्। रेनुका खेलकै प्लेयर अफ दी म्याच घोषित भइन्। अधिकांश खेलाडीले उच्च तापक्रममा खेल्न गाह्रो भएको प्रतिक्रिया दिएका छन्।

एपिएफको नजर चौथो उपाधितर्फ

भगवती थापाको प्रशिक्षणमा रहेको एपिएफले यसपटक उत्कृष्ट प्रदर्शन गरिरहेको छ। एपिएफ यस सिजनको चौथो उपाधि जित्ने अभियानमा छ। टोलीले राष्ट्रिय लिगसहित इलाम र चितवनमा भएको प्रतियोगिताको उपाधि जितेको थियो। तीनै उपाधि जित्दा प्रशिक्षकमा जीवेशकुमार पाण्डे थिए। एपिएफकी प्रशिक्षक थापाले गर्मी मौसम खेल्न गाह्रो भएको बताइन्। 'यहाँको मौसम हामीले सोचेको भन्दा गर्मी रहेछ,' थापाले भनिन्, 'मैदानका कारण पनि खेल्न गाह्रो भयो।'

कर्णालीका प्रशिक्षक असीम खड्काले बलियो टोलीविरुद्ध खेल्न गाह्रो भएको प्रतिक्रिया दिए। 'हामीले थोरै समयमा खेलाडी छनोट गरेका हौं, एपिएफ बलियो टोली हो,' खड्काले भने, 'अनुभवी टोलीविरुद्ध प्रतिस्पर्धा गर्न गाह्रो छ।' कर्णालीविरुद्ध पहिलो प्लेइन ११ मा एपिएफले राष्ट्रिय टोलीका अधिकांश खेलाडीलाई प्रतिस्पर्धा गराएको थियो। एपिएफमा रौतहटका मात्र नौ खेलाडी छन्। गोलरक्षक अञ्जना रानामगरले एपिएफबाट डेब्यु गरिन्। विभागीय टोली त्रिभुवन आर्मी क्लब छाडेपछि एपिएफमा अनुबन्ध भएकी अञ्जनाको यो पहिलो खेल थियो। दोस्रो हाफमा अञ्जनाको स्थान सावित्री किसनले लिएकी थिइन्।

६ मध्ये दुई गोल आत्मघाती

एपिएफले अग्रता आत्मघातीबाट लियो। कर्णालीकी टिनाले आफ्नै पोस्टमा गोल गर्दा एपिएफ १-० ले अग्रता लियो। सविता रानामगरको प्रहार टिनालाई लाग्दै गोल भएको थियो। खेलको ३५औँ मिनेटमा राष्ट्रिय टोलीकी मिडफिल्डर रेनुकाले २-० का लागि अग्रता दिलाइन्। खेलको ३७औँ मिनेटमा एपिएफ ३-० ले अघि रह्यो। राष्ट्रिय टोलीकी अर्की खेलाडी अनिताले तेस्रो गोल गरेकी हुन्।

एपिएफले कर्णालीविरुद्ध पहिलो हाफमा ३-० को अग्रता लियो। कर्णालीकी गोलरक्षक लीला जोशीको उत्कृष्ट प्रदर्शनमा एपिएफले सोचेजस्तो फराकिलो अन्तरले जित निकाल्न नसकेको हो। नेपालको यू-१६ र यू-१९ टोलीबाट खेलेकी लीलाले लगातार एपिएफको प्रहार रोकेकी थिइन्। खेलको ४६औँ मिनेटमा एपिएफले चौथो गोल गरेको थियो। अनिता बस्नेतको पासमा गीताले हेडिङ गोल गरिन्। खेलको ४७औँ मिनेटमा रश्मिकुमारीले एपिएफको अग्रता ५-० मा पुऱ्याइन्। खेलको ५५औँ मिनेटमा सविता रानामगरको प्रहार टिनालाई लाग्दै गोल हुँदा एपिएफ ६-० ले विजयी भयो।



■ आइपिएल-२०२५

घरेलु मैदानमै पराजित कोलकाता

एजेन्सी

साबिक विजेता कोलकाता नाइट राइडर्स सोमबार इन्डियन प्रिमियर लिग (आइपिएल)मा गुजरात टाइटन्सबाट ३९ रनले पराजित भएको छ। घरेलु मैदान इर्डन गार्डेनमा व्यहोरेको हारसँगै कोलकाता सातौँ स्थानमै सीमित भएको छ। कोलकाताबाथिको जितले गुजरात १२ अंकका साथ शीर्ष स्थानमा उक्लेको छ। गुजरातले आठ खेलमा ६ जित र दुई हारको सामना गरेको छ। कोलकाताले आठ खेलमा तीन जित र पाँच हार निकालेको छ। पहिलो ब्याटिङ गरेको गुजरातले २० ओभरमा तीन विकेट गुमाएर एक सय ९८ रन बनाएको थियो। प्रत्युत्तरमा कोलकाताले २० ओभरमा आठ विकेटको क्षतिमा एक सय ५९ रन मात्र बनाउँदा ३९ रनको हार सामना गरेको हो। लक्ष्य पछ्याएको इनिङ्समा कोलकाताले गतिलो ब्याटिङ गर्न सकेन्। कप्तान अजिन्का राहानेले मात्र अर्धशतकीय योगदान दिए। उनले ३६ बलमा पाँच चौका र एक छक्का प्रहार गरी ५० रन बटुले। ओपनर सुनील नारिनले १३ बलमा १७ रन बनाए। कोलकाताका लागि कुनै पनि विकेटका निम्ति राम्रो साझेदारी भएन।

एन्ड्रे रसेलले १५ बलमा तीन चौका र एक छक्का प्रहार गरी १३ रन जोडे। यसअघि ब्याटिङ गरेको गुजरातका ओपनर साई सुदर्शन र कप्तान सुभमन गिलले पहिलो विकेटका लागि १२.२ ओभरमा एक सय १४ रनको आक्रामक साझेदारी गरेका थिए। साईले ३६ बलमा ६ चौका र एक छक्का प्रहार गरी ५२ रन जोडे। गिलले जोस बटलरसँग दोस्रो विकेटका लागि ५८ रन जोडे। शतकतर्फ अग्रसर भएका गिलले आफ्नो विकेट १७.५ ओभरमा गुमाए। वैभव अरोराको ओभरमा गिल रहमानुल्लाहबाट क्याचआउट भए।

गिलले ५५ बलमा १० चौका र तीन छक्का प्रहार गरी सर्वाधिक ९० रनको योगदान दिए। शाहरूख खानले पाँच बलमा ११ रन जोडे।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

आन्तरिक राजस्व कार्यालय बालाजुको

कागजात, फाँटवारी तथा प्रमाणहरू उपलब्ध गराउने सम्बन्धी अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मितिः २०८२/०१/०५

यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत दर्ता रहेका तपसिलमा उल्लेखित करदाताहरूको तोकिएका आय वर्षहरूको कारोवारको सम्बन्धमा छानविन, अनुसन्धान तथा कर परीक्षण गर्नुपर्ने भएकोले कार्यालयको दर्ता अभिलेख बमोजिमको टेलिफोनमा सम्पर्क गर्दा, कारोबारस्थलमा खोजी गर्दा नभेटिएको र उक्त ठेगानामा पत्राचार गर्दा समेत हालसम्म सम्पर्कमा नआएको तथा कागजात पेश नगरेकोले आयकर ऐन, २०५८ को दफा ७९ को उपदफा (३), मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३१ को उपनियम (२) एवं अन्तःशुल्क नियमावली, २०५९ को नियम ६ख. को उपनियम (३) बमोजिम यो सूचना सार्वजनिक गरिएको छ। उल्लिखित वर्षहरूको मूल्य अभिवृद्धि कर/आय विवरण बमोजिमको खरिद बिक्री, आम्दानी खर्च र सम्पत्ति तथा दायित्वलाई प्रमाणित गर्ने खरिद बिक्री खाता, बिल भर्पाई प्रमाण तथा बैंक स्टेटमेन्टहरू लगायत कारोबारसँग सम्बन्धित कागजातहरू लिई आफैं वा कानून बमोजिम आधिकारिक प्रतिनिधि यो सूचना प्रकाशित भएको मितिबाट १५(पन्ध्र) दिनभित्र यस कार्यालयमा उपस्थित हुनुहुन आयकर ऐन, २०५८ को दफा ८३(१), मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २३(२) एवं अन्तःशुल्क ऐन, २०५८ को दफा १०घ.(४) बमोजिम यो सूचना जारी गरिएको छ। उल्लिखित माग गरिएका कागजातहरू तोकिएको म्यादभित्र पेश हुन नआएमा कार्यालयमा उपलब्ध तथ्याङ्क तथा सूचनाहरू एवं विवरणका आधारमा आयकर ऐन, २०५८ को दफा १०१, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० तथा अन्तःशुल्क ऐन, २०५८ को दफा १०घ. बमोजिम कर निर्धारण गरिने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ।

तपसिल :

क्र.सं.	फर्मको नाम	स्थायी लेखा नं.	फर्मको ठेगाना	प्रोप्राइटर/सञ्चालक	आय वर्ष
१.	हाम्रो बाँसपानी	६१०५२८०६४	काठमाडौं-१६, बालाजु	टेक बहादुर ओली	२०७७/०७८
२.	शुभकामना विजनेश ग्रुप	६०४३०७४४४	तारकेश्वर-१०, लोकतान्त्रिक चोक	नरेश श्रेष्ठ	२०७७/०७८
३.	कोमिन काठमाडौं ट्रान्सपोर्ट प्रा.लि.	६१०१५५६६०	गोसाईकुण्ड-५, स्याफ्रुबेसी	लाम पाल्साङ तमाङ	२०७८/०७९
४.	गोरखकाली हेभी इक्यूपमेन्ट एण्ड भेहिकल सप्लायर्स प्रा.लि.	६०५९७८७५१	काठमाडौं-१६, नयाँबजार	मिना थापा मगर	२०७८/०७९
५.	मुन्थला देवी रेडिमेड उद्योग	६०१६१०६६८	तारकेश्वर -४, गोलढुङ्गा	धन नारायण श्रेष्ठ	२०७८/०७९
६.	घले हैण्डीक्राफ्ट	१३२६३८९६४	तारकेश्वर-४, काठमाडौं	सिता घले	२०७९/०८०
७.	गडीमाई क्वालिटी ह्याण्डिक्राफ्ट	६०३०४७२४८	काठमाण्डौं-१६, बालाजु	प्रेम तुम्सिङ मगर	२०७९/०८०
८.	राजेश्वर ट्रेड कन्सर्न	६१०५९२८७४	तारकेश्वर-११, काठमाडौं	राजेश्वर कुमार शाह	२०७८/०७९
९.	राजेश्वर ट्रेड कन्सर्न	६१०५९२८७४	तारकेश्वर-११, काठमाडौं	राजेश्वर कुमार शाह	२०७९/०८०
१०.	कपिलेश्वर ट्रेड कन्सर्न	६०६१०५७७६	तारकेश्वर-०४, शेषमती	अर्जुन गिरी	२०७८/०७९
११.	अजाद इन्जिनियरिङ्ग सर्भिसेज	६१२८२९५२५	काठमाण्डौं-१६, गोल्खुपाखा	अवरार हुसेन आलम	२०७८/०७९
१२.	सगुन वेभरेज प्रा.लि.	३०४५७७९९२	तारकेश्वर-०६, धर्मस्थली	शैलेश कार्की	२०७९/०८०
१३.	सगुन वेभरेज प्रा.लि.	३०४५७७९९२	तारकेश्वर-०६, धर्मस्थली	शैलेश कार्की	२०७८/०७९
१४.	श्रेष्ठ-नागार्जुन-मुडभरी एण्ड जोशी जे.भी.	६१२७४७०७२	काठमाण्डौं-१६, बालाजु	दिपक बहादुर सिँह	२०७७/०७८
१५.	रुपिज हार्डवेयर	६०१५९५७२५	का.म.न.पा.-१६, बालाजु	अन्जना पाठक	२०७८/०७९
१६.	नागार्जुन कन्स्ट्रक्सन कम्पनी प्रा.लि.	३०००५४८००	तारकेश्वर-३, काठमाडौं	दिपक बहादुर सिंह	२०७७/०७८
१७.	कल्याणेश्वर डेरी उद्योग	६१६४७८२३१	टोखा-८, बानियाटार	राजु घिमिरे	२०७८/०७९

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com